"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

लोक सेवा आयोग

# समाचार पत्र

www.psc.gov.np

*A Trimester Newsletter of Public Service Commission, Nepal*

वर्ष - ७ | अंक - ४ | पूर्णाङ्क - २४ | वैशाख - असार २०७४




*(आयोगको ६७ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमको समुद्घाटन गर्नुहुँदै कार्यवाहक राष्ट्रपति श्री नन्द बहादुर पुन, साथमा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली एवं माननीय सदस्यहरु)*

## समावेश भएका विषयवस्तुहरू

- लोक सेवा आयोगको ६७ औं वार्षिकोत्सव समारोह सम्पन्न
- आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा अष्ट्रेलिया भ्रमण
- Assessment Center Methodology सम्बन्धि अध्ययन भ्रमण
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण
- आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी
- भवन निर्माण सम्बन्धी प्रगती विवरण
- आर्थिक वर्ष २०७३/७४ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७४ वैशाख-असार मसान्तसम्म)
- आयोग र यसका कार्यप्रक्रियाका सम्बन्धमा अन्तर्वार्ता सहसचिव श्री तारानाथ अधिकारी
- सूचनामूलक लेख
- सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण
- लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण
- वार्षिक कार्यतालिका (आ.व. २०७४/७५ को पदपूर्ति सम्बन्धी)
  (क) निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-१
  (ख) सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-२

सम्पादक मण्डल : लक्ष्मीविलास कोइराला, अध्यक्ष (सहसचिव) | देवीप्रसाद सुवेदी, सदस्य (उपसचिव) | नारायण प्रसाद पोखरेल, सदस्य-सचिव (शाखा अधिकृत)

# सम्पादकीय

## सन्दर्भ लोक सेवा आयोगको वार्षिकोत्सव

मुलुकी प्रशासन सञ्चालन गर्न योग्य व्यक्तिको आवश्यकता महसुस गरी त्यस्ता व्यक्तिको छनौट असल योग्यतमका गुणहरुको आधारमा गरिनु पर्छ भन्ने मान्यताका साथ नेपाल सरकारको वैद्यानिक कानुन, २००४ बाट दरखास्त परिषदको नाममा लोक सेवा आयोगको सुत्रपात भए सँगै नेपालको अन्तरिम शासन विद्यान, २००७ बाट २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भएको थियो । सोही अनुसार हरेक वर्षको असार १ गते आयोगले आफ्नो वार्षिकोत्सव मनाउदै आईरहेको छ ।

देशमा भएका राजनीतिक परिवर्तनहरु, त्यसपछि भएका संवैधानिक परिवर्तनहरुसँगै लोक सेवा आयोगको कार्यक्षेत्र विस्तार र संकुचन भैरह्यो तर आयोग मेरिटको सिद्धान्त, निष्पक्षता र तटस्थताको पक्षमा अडिग भई उभिरहयो, आफ्नो काम गराईले लोक सेवा आयोगले जनताको मन जित्यो, आस्था बटुल्यो र सुर्किति कमायो ।

आयोगका अग्रजहरुले बनाएको पद्दती आफूमा अनुपम छ । अहिले सुधार गर्दै वैज्ञानिक जलप लगाउदै समयको गति, जिम्मेवारीको विस्तार र प्रविधि प्रयोगसँगै आयोग सुधारोन्मुख हुँदै आफ्नो साख कायम राख्न सफल भएको छ । यो साख कायम राख्न संलग्न कर्मचारी, पदाधिकारी, सम्पूर्ण सरोकारवालाहरु समेतका लागि आयोगको वार्षिकोत्सव विशेष महत्वपूर्ण रहने गर्दछ ।

# लोक सेवा आयोगको ६७ औं वार्षिकोत्सव समारोह सम्पन्न

नेपालको अन्तरिम शासन विधान, २००७ मा भएको व्यवस्था अनुसार वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भएको हुँदा हरेक वर्षको असार १ गतेलाई लोक सेवा आयोगको स्थापना दिवसको रुपमा मनाईन्छ । २०७४ साल असारमा आयोग आफ्नो स्थापनाको ६६ औं वर्ष पुरा गरी ६७ औं वर्षमा प्रवेश गरेको छ । आयोगको ६७ औं वार्षिकोत्सव सम्माननीय कार्यवाहक राष्ट्रपति श्री नन्दबहादुर पुनको प्रमुख आतिथ्यतामा सम्पन्न भएकोछ । उक्त समारोहमा सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवा, संवैधानिक निकायका प्रमुखहरु, नेपाल सरकार मुख्य सचिव, संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, आयोगका पूर्व पदाधिकारीहरु तथा सचिवहरु, आयोगमा लामो समय सेवा गरी सेवानिवृत हुनुभएका कर्मचारीहरु तथा सञ्चारकर्मीहरुको उपस्थिति थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले लोक सेवा आयोगको भूमिका, कार्य प्रगति तथा भावी योजना प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा कार्यवाहक राष्ट्रपतिले लोक सेवा आयोगले अवलम्बन गरेको योग्यता, निष्पक्षता र स्वच्छताका मूल्य मान्यताको आधारमा प्रतिस्पर्धात्मक परीक्षा पद्धतिको माध्यमबाट योग्यतम् व्यक्तिहरुको छनौट हुन्छ भन्ने विश्वास सहित नेपाली नागरिकलाई पुऱ्याएको योगदान बारे स्मरण गर्न पाउँदा खुशी लागेको बताउनु भयो । साथै आयोगको स्थापना सँगै संविधानले प्रदान गरेको आफ्नो काम, कर्तव्य र अधिकारको अधीनमा रही योग्यताका आधारमा निजामती सेवाका विभिन्न पदहरुमा नियुक्तिका लागि सिफारिस गर्दा अपनाउने पारदर्शिता र निष्पक्षताले नेपाली नागरिकको विश्वास आर्जन गर्न सफल भएको विषय उल्लेख गर्नु भयो । हालसम्म लोक सेवा आयोगको कार्यप्रक्रियाको सम्बन्धमा कुनैपनि गुनासा प्राप्त नभएको र आउन सक्ने गुनासाहरुलाई व्यवहारबाटै जवाफ दिन सक्ने गरी प्रशासनिक कार्यशैलिलाई परिस्कृत गर्दै लैजान आयोगलाई सुझाव प्रदान गर्नुभयो । संवैधानिक व्यवस्था अनुरुप प्रादेशिक लोक सेवा आयोगको स्थापनाका लागि आयोगले तत्काल महत्वपूर्ण भूमिका खेल्नुपर्ने आवश्यकता रहेको र आयोगले आउँदा दिनहरुमा योग्यता निष्पक्षता र स्वच्छता कायम गर्नेतर्फ गुणात्मक प्रगति हासिल गर्न सफल रहोस् भन्ने कामना समेत व्यक्त गर्नुभयो । समारोहमा शुभकामना सन्देश दिदै सम्माननीय प्रधानमन्त्रीले लोक सेवा आयोग योग्यताका आधारमा निजामती सेवामा प्रवेश गर्न नेपाली जनतालाई अवसर प्रदान गर्ने एक महत्वपूर्ण स्वतन्त्र संस्था रहेको कुरा व्यक्त गर्नुभयो । नेपालमा भनसुन नचल्ने एक मात्र संस्थाका रुपमा लोक सेवा आयोगले उच्च स्थान प्राप्त गर्न सफल भएको विषय व्यक्त गर्दै आयोगले कायम राखेको विश्वसनियतालाई निरन्तरता दिइरहन सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

उक्त समारोहमा कार्यवाहक राष्ट्रपतिबाट आयोगको मोबाइल एप्लिकेशनको शुभारम्भ गरिएको थियो भने प्रधानमन्त्रीबाट लोक सेवा आयोगद्वारा स्वीकृत संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त विमोचन गरिएको थियो ।

कार्यवाहक राष्ट्रपतिबाट आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार तथा कदरपत्र वितरण गरिएको थियो । आयोगका सचिव श्री मधुप्रसाद रेग्मीले स्वागत गर्नु भएको उक्त कार्यक्रममा माननीय सदस्य श्री बिन्द्रा हाडा (भट्टराई) बाट उपस्थित अतिथी तथा आमन्त्रित व्यक्तित्वहरुलाई धन्यवाद ज्ञापन गरिएको थियो । कार्यक्रमको सञ्चालन लोक सेवा आयोगका सहसचिव श्री लक्ष्मीविलास कोइरालाले गर्नु भएको थियो ।

### (क) आयोगको ६७ औं वार्षिकोत्सव कार्यक्रम कार्यतालिका

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १ | ९:३० | अतिथि महानुभावहरुको आगमन तथा आसन ग्रहण |
| २ | १०:०० | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूको आगमन तथा स्वागत<br>• सम्माननीयज्यूको स्वागत : आयोजक पदाधिकारीहरुबाट<br>• राष्ट्रिय गान<br>• सम्माननीयज्यूको आसन ग्रहण |
| ३ | १०:०५ | स्वागत मन्तव्य : लोक सेवा आयोगका सचिव श्री मधुप्रसाद रेग्मी बाट |
| ४ | १०:१० | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रम समुद्घाटन |
| ५ | १०:१५ | लोक सेवा आयोगको भूमिका, कार्य प्रगति तथा भावी योजना प्रस्तुतिः<br>आयोगका अध्यक्ष श्री उमेशप्रसाद मैनालीबाट |
| ६ | १०:२५ | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगको मोबाइल एप्लिकेशनको शुभारम्भ |
| ७ | १०:३० | सम्माननीय प्रधानमन्त्रीज्यूबाट लोक सेवा आयोगद्वारा स्वीकृत संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त विमोचन |
| ८ | १०:३५ | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार तथा कदरपत्र प्रदान |
| ९ | १०:४० | सम्माननीय प्रधानमन्त्रीज्यूबाट शुभकामना मन्तव्य |
| १० | १०:५० | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन |
| ११ | ११:०० | धन्यवाद तथा कृतज्ञता ज्ञापन : लोक सेवा आयोगका सदस्य श्री बिन्द्रा हाडा (भट्टराई) |
| १२ | ११:०५ | फोटो सेसन |
| १३ | ११:१० | दिवा भोज |
| १४ | | सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यू तथा अन्य विशिष्ट अतिथिज्यूहरुको बिदाई |

**कार्यक्रम सञ्चालक** : सहसचिव श्री लक्ष्मीविलास कोइराला
**सम्पर्क व्यक्ति** : सहसचिव श्री पाराश्वर ढुंङ्गाना
**कार्यक्रम स्थल** : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं

**(ख) आयोगको ६७ औं वार्षिकोत्सवको अवसरमा माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीज्यूले प्रस्तुत गर्नुभएको लोक सेवा आयोगको भूमिका, कार्यप्रगति तथा कार्ययोजना**

*सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यू*
*सम्माननीय प्रधानमन्त्रीज्यू*
*राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू*
*संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरु,*
*नेपाल सरकारका मुख्यसचिवज्यू*
*प्रधान सेनापतिज्यू*
*संवैधानिक निकायका पदाधिकारीज्यूहरु,*
*नेपाल राष्ट्र बैंकका गभर्नरज्यू*
*नेपाल सरकारका सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका पूर्वपदाधिकारीज्यूहरु,*
*आमन्त्रित विशिष्ट अतिथिज्यूहरु,*
*संचारकर्मी मित्रहरु,*
*भद्र महिला तथा सज्जन बृन्द !*

सर्वप्रथम लोक सेवा आयोगको यस वार्षिकोत्सव समारोहमा हाम्रो विशेष अनुरोधलाई स्वीकार गरी प्रमुख आतिथ्य ग्रहण गरिदिनु भएकोमा सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूप्रति आयोगको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सम्माननीय राष्ट्रपतिज्यूको यस समुपस्थितिले हाम्रो कार्यक्रम गरिमामय बनेको छ । हाम्रो हौसला बढेको छ । त्यस्तै सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष समुपस्थितिले वार्षिकोत्सव ओजपूर्ण बनेको छ । सरकार प्रमुखको गहन जिम्मेवारीका व्यस्त कार्यतालिकाको बावजुद यस कार्यक्रममा समय दिनुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । आयोगको निष्पक्षताको बलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रुपमा स्थापित गराउन महत्वपूर्ण योगदान पुऱ्याउने आयोगका पूर्वपदाधिकारीहरुको उपस्थितिले हामीलाई गौरवबोध गराएको छ । कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरु लगायत आमन्त्रित अतिथि गणहरुप्रति हार्दिक अभिवादन गर्दै कार्यक्रमलाई भव्यता दिनुभएकोमा विशेष धन्यवाद दिन चाहन्छु । यस भद्र र भव्य उपस्थिति आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरुपमा निर्वाह गर्न प्रेरणात्मक हुने ठानेको छु ।

लोक सेवा आयोगको स्थापना नेपालमा जहानिंया निरंकुश राणाशासनको अन्त र प्रजातन्त्रको स्थापनासंगै भएको हो । त्यसैले लोकतान्त्रिक व्यवस्था र यसका मूल्यहरु र यस संस्थाको मूल्य मान्यताहरुबीच सादृश्यता रहेको छ । समानता, स्वच्छ प्रतिस्पर्धाको खेल र समन्याय जस्ता लोकतान्त्रिक गुणहरुलाई आयोगले मूल मन्त्रको रुपमा अंगीकार गर्दै आएको छ । आयोगको आफ्नो ६६ वर्षको लामो यात्रा निष्कण्टक भने थिएन । विगतमा अनेकन अंध्यारा घुम्ती, उकाली र ओराली पार गरेर आफ्नो पवित्रता बचाउन आयोग निरन्तर सफल भएको छ । स्थापना हुनासाथ आयोगले भाद्र १८, २००८ मा पहिलो पटक ६ पदको लागि विज्ञापन गरेर आफ्नो कामको प्रारम्भ गरेको थियो । त्यसको लगत्तै पछि राणाकालीन कर्मचारीहरुको “स्क्रिनिङ टेस्ट” मा आयोगलाई छल्ने काम भयो र प्रधानमन्त्रीको अध्यक्षतामा “स्क्रिनिङ कमिटी” गठन गरियो । प्रथम निर्वाचित सरकारले आयोगको परामर्श वेगर केही नियुक्ति दिन थालेपछि आयोगको सक्रियतामा सरकारले सच्याएको थियो । आयोगको लागि २०१७ साल कालो वर्ष थियो, तत्कालीन राजा महेन्द्रले प्रशासनिक पुनर्गठनको वहानामा तीन महिना लोक सेवा आयोग नै निलम्बन गरेर जथाभावी राजनीतिक आधारमा खोसुवा, नियुक्ति र बढुवा गरेका थिए । यसका लागि उनले “पब्लिक सर्भिस् कमिशन कारबाही बन्देज् नियम” को प्रयोग गरेका थिए । पंचायती व्यवस्थाले राजनीतिक नियुक्तिको नाममा र विकासका कर्मचारीको नाममा राजनीतिक आस्थाको आधारमा नियुक्ति दिने र पछि विकासबाट साधारणमा ल्याउने प्रक्रिया सुरु गरेको थियो । यसबाट योग्यता प्रणालीको संरक्षकको रुपमा रहेको लोक सेवा आयोगलाई पंगु बनाउने काम भयो । यस्ता प्रतिकुल अवस्थामा पनि आयोगको तत्कालीन नेतृत्वमा रहनेहरुको अथक र अविरल प्रयासबाट योग्यता प्रणाली स्थापित हुन सकेको यथार्थ बिर्सनु ती अग्रजहरुप्रति अन्याय हुन जान्छ । यस अवसरमा आयोगको अस्मिता जोगाउन र यस संस्थालाई आमजनताको विश्वासको केन्द्रको रुपमा विकसित गर्न योगदान पुऱ्याउनु हुने पूर्वपदाधिकारीहरु र पूर्वकर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

“सार्वजनिक वा सरकारी सेवा सुस्त र असक्षमताको लागि होइन, राज्यको सेवा सबभन्दा योग्यले मात्र गर्न पाउनु पर्दछ” भन्ने मान्यतामा योग्यता प्रणालीको विकास भएको हो । यस प्रणालीले सार्वजनिक पदलाई राजनीतिक अनुचरहरुको लागि पुरस्कारको रुपमा दिने, आफ्ना विश्वास पात्र वा “संरक्षणको टोकरी” बाट व्यक्तिहरु नियुक्तिको लागि टिप्ने काम पूर्णरुपमा निषेध गर्दछ । केही जातलाई माथिल्ला पदहरु आरक्षित गर्ने शाहकालीन “थर घर प्रणली” र राणाकालीन “चाकरी प्रणाली” बाट मुक्त गरी सरकारी सेवामा योग्यता प्रणाली लागू गर्ने उद्देश्यले गठन गरिएको लोक सेवा आयोगले स्थापना कालदेखिनै यस चुनौतीपूर्ण जिम्मेवारी वहन गर्दै सफलता हासिल गर्दै गएको छ । समाजलाई न्याय दिन सही संस्था र सही नेतृत्व दुवै आवश्यक हुन्छ भनिन्छ । आयोगले संवैधानिक हैसियत प्राप्त गर्न र विगतमा कुशल नेतृत्व प्राप्त गर्नाले आफ्नो संवैधानिक भूमिका प्रभावकारीरुपमा निभाउन सफल भएको छ ।

वार्षिकोत्सव औपचारिकताको लागि मनाइदैन, नत आफ्ना बखान सुनाएर आडम्बर प्रदर्शन गर्न नै मनाइन्छ । आफ्ना विगतको सफलताबाट गौरवबोध गर्ने, असफलता र कमजोरीबाट सिक्ने, भविष्यको अविष्कार गर्ने अवसरको रुपमा यस दिवसलाई लिनु पर्दछ । आयोगको विगत गौरवपूर्ण छ र नागरिकहरुको नजरमा यस संस्थाको छवि निकै उच्च छ । तर, विगतको सफलतालाई देखाएर यथास्थितिमा रमाउने हो भने संस्थाको औचित्यमाथि क्रमशः प्रश्न चिन्ह लाग्ने निश्चित छ । हामी विगतमा फर्किएर भव्य सुरुवात गर्न सक्दैनौ, वर्तमानमा नवीन सुरुवात गरेर भविष्यमा भव्य परिणाम दिन सक्दछौं । आयोग यही दार्शनिक भनाई अनुरुप काम गर्दैछ । नेपालको संविधानले आयोगमाथि विश्वास गरेर जुन भूमिकामा विस्तार गरिदिएको छ, त्यसलाई चुनौती र अवसरको रुपमा लिएर योग्यता, वस्तुनिष्ठता र विश्वसनीयता प्रवर्धन हुने गरी आयोगले काम सुरु गरेको छ ।

आयोगले नेपालको संविधानले थप गरिदिएको गहन जिम्मेवारी निर्वाह गर्न आफ्नो सम्पूर्ण क्षमतामा काम गरिरहेको छ । संविधान जारी भए पश्चातको छोटो अवधिमा नै सार्वजनिक संस्थाहरुको पदपूर्तिमा देखिने र महसुश हुने गरी आफ्नो संलग्नता देखाएको छ । त्यस्तै निष्पक्षता र प्रणाली लोक सेवा आयोगबाट सिक्नुपर्दछ भन्ने यस संस्थाको ख्यातीलाई अझ सुदृढ बनाउने, तीब्र परिवर्तन भइरहेको प्रविधिसँग लय मिलाउने, परम्परागत परीक्षा र परीक्षण विधिमा सुधार ल्याउने, विश्वसनीयता बढाउने र गुणस्तरको खोजी गर्ने काममा विगत दुई वर्षमा उल्लेख्य काम भएका छन् । निष्पक्षता सुनिश्चित गर्न आयोगको आन्तरिक प्रक्रियामा गरिने बन्द निष्पक्षता र बाह्य मूल्याङ्कनकर्ताहरुको संलग्नतामा देखिने खुला निष्पक्षतामा थप व्यवस्थाहरु गरिएका छन । राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका परीक्षार्थीका सबै तहका उत्तरपुस्तिका आयोगमै परीक्षण गराउने कामको सुरुवात भएको छ । मोटर बाटो नपुगेको डोल्पा र हुम्ला तथा बढी आवेदकहरु हुने लाहान र विरगंजमा परीक्षा केन्द्र राख्ने काम भएको छ । अनलाइल दरखास्त दिने व्यवस्थामा थप सुधार र मोबाइल एप्सबाट आयोगका विविध जानकारी प्राप्त गर्ने थप व्यवस्था हुँदैछन भने निकट भविष्यमै अनलाइन पेमेन्टको व्यवस्था गर्न आयोग लागिसकेको छ ।

परीक्षण प्रविधिमा सुधार र गुणस्तरमा अभिवृद्धि गर्न राजपत्रांकित प्रथम श्रेणी अप्राविधिकतर्फको पाठ्यक्रममा आमूल परिवर्तन गरिएको छ । "इमान्दारिताका आधारमा भर्ना गर्न सकिँदैन" भन्ने भनाई रहेको छ, तर एक हदसम्म नैतिक मूल्य मान्यता बारे चेतन र अर्धचेतन अवस्थामा पुऱ्याउन भने सकिन्छ भन्ने सोचाईबाट पाठ्यक्रममा नैतिक र आध्यात्मिक विषयहरु समेटिएका छन् । ज्ञानको परीक्षण गर्ने पेपर पेन्सिलको परीक्षा बाहेकको योग्यताका अन्य तत्वहरुको पुर्वानुमान गर्ने परीक्षा प्रणाली लागू गर्ने प्रयास सुरु भएको छ । यस क्रममा सहसचिव अप्राविधिकतर्फ यस वर्षदेखि मामिला प्रस्तुतीकरण गर्नपर्ने व्यवस्था भएको छ । अब क्रमशः आधुनिक परीक्षण विधि मानिएको "एसेस्मेन्ट सेन्टर मेथोडोलोजी" लागू गर्न तयारी भइरहेको छ । संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त प्रकाशनको क्रममा रहेको छ ।  यस बाहेक लोक सेवा आयोगको तीन वर्षीय रणनीतिक योजना तयारीको क्रममा छ र आगामी आर्थिक वर्षदेखि लागू गर्ने योजना छ ।

*सम्माननीयज्यू,*

कुनै पनि संस्था आफ्नै एकल प्रयासबाट सफल हुन सक्दैन, यसका लागि बाह्य वातावरण सहयोगी हुनपर्दछ । लोक सेवा आयोगलाई सबै संस्थाहरुको सहयोग रहेको छ । नेपाल सरकारले साधन र श्रोत उपलब्ध गराउन उदार नै देखिएको छ । यसका लागि सम्माननीय प्रधानमन्त्रीज्यूप्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ । तर, श्रोत साधन मात्र प्रर्याप्त नहुने र काम गर्ने कानुनी आधार पनि आवश्यक हुन्छ । लोक सेवा आयोगको काम कर्तव्यलाई व्यवस्थित गर्न डेढ वर्ष अघि नै तयार पारिएको र मन्त्रिपरिषदबाट समेत झण्डै सात महिना अघि संसद सचिवालयमा पठाइएको विधेयक संसदमा अहिलेसम्म प्रस्तुत नहुनुले आयोगको काममा निकै वाधा परेको छ । यस विषयलाई गंभीरतापूर्वक लिइदिनु हुन सम्माननीय प्रधानमन्त्रीज्यूमा अनुरोध गर्दछु । आयोगको संवैधानिक भूमिका निर्वाह गर्न नेपाल सरकारका निकायहरु, सुरक्षा निकाय, संगठित संस्थाहरुले दिनुभएको सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु । आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान पुऱ्याउने "लोक सेवाका मित्रहरु" भनिने सम्पूर्ण दक्ष विज्ञहरुप्रति श्रध्दापूर्वक आभार व्यक्त गर्दछु ।

लोक सेवा आयोगले आफ्ना कामहरुलाई नागरिहरुको नजरबाट मूल्याङ्कन गर्दै तदनुरुपको सुधार गर्दै ल्याएको छ । नागरिकहरु र विशेष गरी युवाहरुमा यस संस्थाप्रति अति विश्वास रहेको देखिन्छ । विश्वासको यस धरोहरलाई अझ उँचाईमा पुऱ्याउन आयोग प्रतिबद्ध छ । आयोग जनताको सन्तानलाई जागिर दिने संस्थाको रुपमा त छदैछ, यस बाहेक संवैधानिक संस्थाहरुले आफ्नो भूमिका प्रभावकारीरुपमा निभाएमा संविधान सफल हुने र लोकतन्त्र पनि सुदृढ हुन जान्छ । हामी आयोगका पदाधिकारीहरु र कर्मचारीहरु यस संस्थालाई "योग्यता प्रणाली उत्कृष्ट केन्द्र" को रुपमा स्थापित गराउने प्रतिवद्धता समेत व्यक्त गर्दछौं । अन्तमा सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सम्पूर्ण उपस्थित विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एकपटक हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !

### (ग) आयोगको ६७ औं वार्षिकोत्सवको अवसरमा आयोगका सचिव श्री मधुप्रसाद रेग्मीज्यूले प्रस्तुत गर्नुभएको स्वागत मन्तव्य

*लोक सेवा आयोगको ६७ औं वार्षिकोत्सव समारोहका*
*प्रमुख अतिथि एवं सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू*
*विशेष अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू*
*लोक सेवा आयोगका माननीय अध्यक्षज्यू*
*संवैधानिक निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका माननीय सदस्यज्यूहरु एवं संवैधानिक निकायका माननीय सदस्यज्यूहरु,*
*अन्य आयोगका पदाधिकारीज्यूहरु,*
*राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू, नेपाल राष्ट्र बैंकका गभर्नरज्यू,*
*नेपाल सरकारका मुख्यसचिवज्यू तथा सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु*
*लोक सेवा आयोगका पूर्व पदाधिकारीज्यूहरु,*

एवं हाम्रो आग्रह र आमन्त्रणलाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण अतिथिज्यूहरु, सञ्चारकर्मी मित्रहरु, शुभचिन्तक तथा मेरा सहकर्मी मित्रहरु प्रति हार्दिक नमस्कार टक्र्याउन चाहन्छु ।

आज, लोक सेवा आयोगले आफ्नो ६७ औं वार्षिकोत्सव समारोह मनाउन गइरहेको यस पुनित अवसरमा हाम्रो आमन्त्रणलाई स्वीकार गरेर आफ्नो अमूल्य समय प्रदान गरी पाल्नुहुने प्रमुख अतिथि सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू, तथा विशेष अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आयोग एवं मेरो आफ्नै तर्फबाट पनि हार्दिक स्वागत गर्दछु ।

त्यसैगरी, अति व्यस्त समयका बाबजुद आयोगको निमन्त्रणालाई हार्दिकताकासाथ स्वीकार गरी यस कार्यक्रमको शोभा बढाइदिनुहुने सम्पूर्ण अतिथिगणप्रति हृदयदेखि नै आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

आफ्नो स्थापना कालदेखि हालसम्म आइपुग्दा आयोग निष्पक्ष, तटस्थ एवं स्वच्छ छविका कारण आम नागरिकको मानसपटलमा आशा, भरोसा र विश्वासको धरोहरको रुपमा स्थापित भएको छ । आज पनि दूरदराज, ग्रामीणक्षेत्र वा शहरबजार, जहांसुकैका उम्मेदवार किन नहोउन्, लोक सेवा आयोगको परीक्षामा सफल हुँदा शिर उचो हुने र गर्व महसुस गर्ने विषय हामीमाझ लुकेको छैन ।

पछिल्ला दिनहरुमा आयोगले परीक्षा प्रणालीलाई सरल, सहज र प्रभावकारी बनाउँदै लैजान अनलाइन पद्धतिको अबलम्बन, सडक सञ्जालसंग नजोडिएका दुर्गम क्षेत्रका उम्मेदवारको पहुँच बढाउन हुम्ला र डोल्पा जस्ता हिमाली जिल्लामा परीक्षा केन्द्रको व्यवस्था तथा बढी उम्मेदवारको चाप हुने लहान, वीरगञ्जमा थप परीक्षा केन्द्र राखी परीक्षा सञ्चालन गरिरहेको छ । त्यसैगरी विगतमा जनताको विश्वास एवं आस्था आर्जन गरेका कारणले वर्तमान संविधानले आयोगको भूमिका एवं क्षेत्राधिकारमा बढोत्तरी गरेको छ । सरकारी सेवाका अलावा अन्य संगठित संस्थाको परीक्षा सञ्चालन, सेवा शर्त सम्बन्धी कानून, बढुवा र विभागीय सजाय सम्बन्धी सामान्य सिद्धान्तमा परामर्श दिने विषयमा समेत आयोगको अहम भूमिका रहेको छ ।

समग्र प्रशासन संयन्त्रलाई सक्षम एवं लोकतन्त्रका मूल्य मान्यताको अनुसरण गर्न सक्ने बनाउन, उच्च तहका पदका लागि आवश्यक पर्ने व्यवस्थापकीय कौशल तथा नेतृत्वदायी क्षमता, नैतिकता एवं आचरणका पक्षलाई समेत मापन गर्न आयोगले नयाँ पाठ्यक्रमको निर्माण गरिसकेको छ । साथै उच्च तहको पदमा उम्मेदवारको छनौट गर्दा Aessement Centre Methodology परीक्षण प्रविधिको प्रयोगको गृहकार्य गरिराखेको छ ।

आयोगका अग्रजहरुले जोगाइराखेको गरिमा एवं साखलाई कायम राख्दै, वर्तमान संविधानले प्रदान गरेको थप जिम्मेवारी, सूचना प्रविधिको विकासले भित्रिएका नयाँ-नयाँ अवधारणा एवं सूचनाको हकको प्रचलन जस्ता विषयले आयोगलाई थप चुनौती र अवसर सिर्जना गरेका छन् ।

तसर्थः आयोगले अनवरत रुपमा आफ्नो क्षमता अभिवृद्धि गर्दै भविष्यमा संघीय संरचनामा समेत निष्पक्षता, तटस्थता जस्ता मूल्य मान्यतालाई कायम राखी सदा योग्यता प्रणालीको प्रेरक र संरक्षकको भूमिका निर्वाह गर्न जरुरी रहेको छ ।

अन्त्यमा आफ्नो अत्यन्त व्यस्त समयसारिणीका बाबजुद प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, लगायत सम्पूर्ण अतिथिज्यूहरुको गरिमामय उपस्थितिका लागि आयोगको तर्फबाट एवं व्यक्तिगत रुपमा हार्दिकताका साथ पुनः स्वागत गर्दछु ।

धन्यवाद !

**(घ) आयोगको ६७ औं वार्षिकोत्सवको अवसरमा आयोगका माननीय सदस्य बिन्द्रा हाडा (भट्टराई) ज्यूले प्रस्तुत गर्नुभएको धन्यवाद मन्तव्य**

*सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू,*
*सम्माननीय प्रधानमन्त्रीज्यू,*
*राष्ट्रिय योजना आयोगको उपाध्यक्षज्यू,*
*संवैधानिक निकायका प्रमुखज्यूहरु,*
*नेपाल सरकारका मुख्य सचिवज्यू,*
*संवैधानिक निकायका पदाधिकारीज्यूहरु,*
*महान्यायधिवक्ताज्यू, प्रशासकीय अदालतका अध्यक्षज्यू,*
*नेपाल सरकारका सचिवज्यूहरु,*
*सुरक्षा निकायका प्रमुखज्यूहरु,*
*लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु,*
*संचारकर्मी मित्रहरु,*
*आमन्त्रित सम्पूर्ण अतिथि गण ।*

योग्यता, निष्पक्षता र स्वच्छताको मूलमर्मलाई आत्मसात् गर्दै ६६ वर्षको लामो यात्रा पूरा गरी लोक सेवा आयोग आज ६७ औं वर्षमा प्रवेश गरेको यस घडीमा सम्माननीय कार्यवाहक राष्ट्रपति ज्यूको प्रमुख आथित्यतामा आयोजना भईरहेको यस समारोहमा यहाँहरुलाई स्वागत गर्न पाउँदा अत्यन्त हर्षित छु ।

आयोगको ६७ औं गरिमामय वार्षिकोत्सवमा लोक सेवा आयोगलाई मार्गदर्शन गर्न सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट प्रमुख आथित्यता ग्रहण गरिदिनु भएकोमा लोक सेवा आयोग परिवारको तर्फबाट आभार प्रकट गर्दछु । सम्माननीय कार्यवाहक राष्ट्रपति ज्यूको गरिमामय समुपस्थिति र सम्वोधनले हाम्रो उत्साहलाई थप उँचाई प्रदान गरेको छ ।

लोक सेवा आयोगको ६७ औं वार्षिकोत्सव कार्यक्रममा व्यस्तताको वावजुद सम्माननीय प्रधानमन्त्री ज्यूको उपस्थितिले हामीहरुले गौरवान्वित भएको महसुश गरेका छौं । म सम्माननीय प्रधानमन्त्री ज्यूमा आयोग परिवारको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरेर यस समारोहमा उपस्थित भै कार्यक्रमको शोभा बढाई दिनु भएकोमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू, संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, प्रशासकिय अदालतका माननीय अध्यक्षज्यू, नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु र प्रतिनिधिज्यूहरु, लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु, संचारकर्मी मित्रहरु तथा आमन्त्रित सम्पूर्ण अतिथि गणमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

आजको कार्यक्रम सम्पन्न गर्न सभा गृहको हल उपलब्ध गराउनुको साथै यसको व्यवस्थापनमा खटिनु भएकोमा काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुख एवं कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

स्थापनाकाल देखि हालसम्म लोक सेवा आयोगले आफ्ना काम कारवाहीहरु निष्पक्षतापूर्वक सम्पादन गर्दै आएको छ । योग्यता प्रणालीको संरक्षण गरि प्रतिनिधिमूलक मुलकी प्रशासन स्थापना गर्न योगदान दिनुहुन लोक सेवा आयोगका लागि विज्ञसेवा प्रदान गर्नहुने विषय विज्ञ एवं दक्षहरुलाई उहाँहरुको योगदान र सहयोगका लागि धन्यवाद दिन चाहन्छु । यस घडिमा म आयोगका पूर्व पदाधिकारी र कर्मचारीहरु प्रति पनि हृदय देखि नै धन्यवाद प्रकट गर्न चाहन्छु ।

अन्तमा यस समारोहमा उपस्थित हुनु हुने सम्पूर्ण अतिथि महानुभावहरु, लगायत यस कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान दिनुहुने सम्पूर्ण महानुभावहरुलाई लोक सेवा आयोग र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

### (ङ) सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट आयोगका उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार वितरण

लोक सेवा आयोग ऐन, २०६६ मा आयोगको केन्द्रीय तथा अन्य कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये प्रत्येक वर्ष उत्कृष्ट काम गर्ने तीन जना कर्मचारीको छनौट गरी आयोगले तोके बमोजिमको नगद पुरस्कार दिन सक्ने व्यवस्था अनुसार प्रत्येक वर्ष त्यस्ता कर्मचारीहरु छनौट गरी वार्षिकोत्सव समारोहमा पुरस्कार प्रदान गर्ने गरिएको छ । यस वर्ष आयोगको केन्द्रीय कार्यालयका शाखा अधिकृत श्री हरिबहादुर खड्का, प्रेस सुपरभाइजर श्री रमेश शाक्य र धौलागिरी अञ्चल कार्यालयका कार्यालय सहयोगी श्री देवीप्रसाद शर्मा पुरस्कारका लागि छनौट हुनुभएको थियो । छनौट हुनुभएका कर्मचारीहरुलाई सम्माननीय कार्यबाहक राष्ट्रपति श्री नन्द बहादुर पुनबाट प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरियो ।




*(लोक सेवा आयोगको ६७ औं वार्षिकोत्सव समारोहमा कार्यवाहक राष्ट्रपति र आयोगका माननीय अध्यक्ष तथा सदस्यहरुका साथमा पुरस्कृत हुने उत्कृष्ट कर्मचारीहरु क्रमशः दायाँबाट प्रेस सुपरभाइजर श्री रमेश शाक्य, शाखा अधिकृत श्री हरिबहादुर खड्का र कार्यालय सहयोगी श्री देवी प्रसाद शर्मा)*


### (च) सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट आयोगको मोबाइल एप्लिकेशन सार्वजनिक

आयोगको ६७ औं वार्षिकोत्सव समारोहमा सम्माननीय कार्यबाहक राष्ट्रपतिज्यूबाट आयोगको मोबाइल एप्लिकेशन सार्वजनिकीकरण गरिएको थियो । आयोगले आफ्नो वार्षिक कार्यतालिका अनुसार विभिन्न समयमा विज्ञापन प्रकाशन, परीक्षा सञ्चालन, लिखित नतिजा प्रकाशन एवं अन्तर्वार्ता तथा सिफारिश सम्बन्धी कार्यहरुको सूचना नियमित रुपमा आफ्नो आधिकारिक वेबसाइट मार्फत् प्रकाशन गर्दै आएको छ । यसबाट आयोगको सूचनाहरुमा सरोकारवालाहरुको सरल र सहज पहुँच स्थापित समेत हुँदै आएको छ । तर बद्लिदो प्राविधिक परिवेश, सञ्चार प्रविधिहरुको विकास तथा मोबाइल प्रयोगकर्ताहरुको संख्या समेत उल्लेख्य रहेसँगै अझ प्रभावकारी रुपमा सूचना प्रवाहको लागि मोबाइल एप्लिकेशनको आवश्यकता देखिएको हुँदा लोक सेवा आयोगले मोबाइल एप्लिकेशन विकास गरी प्रयोगमा ल्याएको छ । आयोगबाट प्रवाह हुने सम्पूर्ण सूचनाहरुलाई सरोकारवालाहरु समक्ष यथाशीघ्र प्रभावकारी रुपमा प्रवाह गराउन मोबाइल एप्लिकेशन प्रयोग गर्नु उपयुक्त देखिएको छ ।

**लोक सेवा आयोगको मोबाइल एप्लिकेशन** (PSC Nepal **लोगो**)

PSC Nepal

मोबाइल एप्लिकेशनको प्रयोग गरी आयोगबाट प्रकाशित विज्ञापन, पाठ्यक्रम, स्वीकृत नामावली, परीक्षा केन्द्र (Location Map सहित), लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता तथा सिफारिश एवं कूल प्राप्ताङ्क सम्बन्धी जानकारीहरु, लोक सेवा आयोगको बुलेटिन तथा आयोगसँग सम्बन्धित ऐन नियमहरु समेत मोबाइल मार्फत् नै सम्बन्धित उम्मेदवारहरुले हेर्न सक्नेछन् । यसबाट उम्मेदवारहरुले Mobile Apps को मेनुमा रहेको सुझाव पेटिका option मार्फत् आफ्नो सुझाव समेत Mobile Apps बाटै दिन सक्नेछन् । एक पटक मोबाइलमा डाउनलोड भइसकेपछि offline मै पनि हेर्न सकिनेछ । हाल यो मोबाइल एप्लिकेशन एन्ड्रोइड मोबाइलहरुमा उपलब्ध हुनेछ भने निकट भविष्यमा यो Iphone मा पनि उपलब्ध हुनेछ ।



## (छ) आयोगको ६७ औं वार्षिकोत्सवको सन्दर्भमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरु

२ २०७४ साल असार १ गते बिहीबार
2017 June 15 Thursday
गोरखापत्र
www.gorkhapatraonline.com

# सन्दर्भः लोक सेवा आयोगको ६७औं वार्षिकोत्सव

### लोक सेवा आयोगको परिचय :

- २००८ साल असार १ गते नेपालको अन्तरिम शासन विधान २००७ मा भएको व्यवस्थाअनुसार लोक सेवा आयोगको स्थापना भएको हो। यसै कारण असार १ लाई लोक सेवा आयोगको स्थापना दिवसको रूपमा मनाइन्छ।
- लोक सेवा आयोग नेपालको संवैधानिक निकाय हो, यसको गठन र काम, कर्तव्य, अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधानको भाग २३ मा गरिएको छ।
- सङ्घीय संरचनाअनुसार नेपालको संविधानमा सङ्घीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगको व्यवस्था गरिएको छ।
- लोक सेवा आयोगले आफ्ना कामकारबाहीहरू तटस्थ, निष्पक्ष एवं स्वच्छ ढंगले सञ्चालन गरिरहेको छ।

### आयोगको काम, कर्तव्य :

- निजामती सेवाका पदहरूमा नियुक्तिका लागि उपयुक्त उम्मेवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हो।
- निजामती सेवाका पदहरूका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सङ्घीय सरकारी सेवा तथा सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्दछ।
- निजामती सेवाका पदहरूको सेवा सर्तसम्बन्धी कानुन, विभागीय सजाय, सरूवा, बढुवाका विषयमा आयोगले परामर्श दिन्छ।
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालको सेवाका पदमा बढुवाका विषयमा आयोगले परामर्श दिन्छ।
- संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्त, बढुवा र विभागीय कारबाहीका विषयमा आयोगले परामर्श दिन्छ।

### आयोगको संरचना :

- लोक सेवा आयोगमा अध्यक्ष र चार जना सदस्य रहने व्यवस्था नेपालको संविधानमा रहेको छ।
- आयोगको १ केन्द्रीय कार्यालय, ५ वटा क्षेत्रीय कायालयहरू र ९ वटा अञ्चल कार्यालयहरू रहेका छन्।
- नेपालको सङ्घीय संरचनाअनुसार आयोगको संरचना पुनरावलोकनको कार्य भइरहेको छ।

### पदपूर्तिका तरिकाहरू :

- लिखित परीक्षा
- प्रयोगात्मक परीक्षा
- सीप परीक्षण
- समूहगत छलफल
- मामिला अध्ययन
- मामिला प्रस्तुतीकरण
- अन्तर्वार्ता
- आयोगले तोकेका अन्य तरिकाहरू
- विज्ञापन हुने कूल पदको ४५ प्रतिशत पदहरूलाई १०० प्रतिशत मानी त्यसमध्ये महिला (३३%), आदिवासी/जनजाति (२७%), मधेसी (२२%), दलित (९%), अपाङ्ग (५%) र पिछडिएको क्षेत्र (४%) बाट तत्तत् वर्गहरूबाट प्रतिस्पर्धा गराई पूर्ति गरिने व्यवस्था रहेको छ।

### उमेदवार छनोटका प्रक्रिया र चरणहरू :

- कार्यालयहरूबाट माग सङ्कलन
- शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण तथा परिमार्जन
- रिक्त पदहरूमध्ये आन्तरिक प्रतियोगिता, खुला तथा समावेशीका लागि प्रतिशत निर्धारण
- विज्ञापन प्रकाशन
- दरखास्त दर्ता / स्वीकृति
- प्रश्नपत्र निर्माण र परिमार्जन
- प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
- उत्तरपुस्तिकाको दोहोरो कोडिङ
- उत्तरपुस्तिका परीक्षण
- लिखित परीक्षा नतिजा प्रकाशन
- प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण (सो परीक्षण हुने पदहरूका लागि)
- सामूहिक परीक्षण (सो परीक्षण हुने पदहरूका लागि)
- समूहगत छलफल, मामिला अध्ययन तथा प्रस्तुतिकरण (सो परीक्षण हुने पदहरूका लागि)
- अन्तर्वार्ता
- सिफारिस।



### आयोगबाट सम्पादित सुधारात्मक कार्यहरू :

- नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, परिषद् लगायतका सङ्गठित संस्थाहरूको पदपूर्तिसम्बन्धी कार्यतालिका तयार पारी पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालनको कार्य भइरहेको छ। सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्तिका लागि आयोग अन्तर्गत अलग्गै महाशाखा खडा गरी कार्यसम्पादन गरिएको छ।
- लिखित परीक्षाका विषयगत उत्तरपुस्तिका परीक्षण कार्यमा अझबढी निस्पक्षता र विश्वसनीयता कायम गर्नः
  - सहसचिव, उपसचिव तथा शाखा अधिकृत वा सो सरहका पदहरूको उत्तरपुस्तिका आयोगभित्रै बसेर दक्ष विज्ञबाट परीक्षण गराउने गरिएको,
  - सहसचिव तथा उपसचिव पदहरूको उत्तरपुस्तिका फरक फरक विज्ञहरूबाट दोहोरो परीक्षण गराउने गरिएको।
- अनलाईन दरखास्त प्रणाली लागू भएको र आवेदकहरूले विद्युतीय माध्यमबाटै आवेदन शुल्क भुक्तानी गर्न मिल्ने e-pay प्रणाली लागू गर्ने तर्फ कारबाही अगाडि बढेको।
- वस्तुगत उत्तरपुस्तिकाहरू अप्टिकल मार्क रिडर (ओएमआर) बाट नै परीक्षण गर्ने पद्दती अवलम्वन गरिएको।
- विभिन्न पदका लागि लिइने परीक्षा प्रणाली तथा पाठ्यक्रमहरू समयानुकूल हुनेगरी परिमार्जन गर्दै लगिएको।
- लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्तामा सम्मिलित हुने उम्मेदवारले प्राप्त गरेको कूल अंक सम्बन्धित उम्मेदवारले मात्र वेबसाईटबाट हेर्न सक्ने व्यवस्था मिलाइएको।
- दृष्टिविहीन तथा सहयोगी लेखक आवश्यक पर्ने परीक्षार्थीलाई सहुलियत प्रदान गरिएको छ। जसअनुसार मनोवैज्ञानिक परीक्षण खण्डमा रहने चित्रात्मक परीक्षण (Abstract/Pictorial Reasoning) का प्रश्नहरूको जवाफ दिनुनपर्ने र विषयगत लिखित परीक्षाको लागि प्रतिघण्टा १० मिनेटका दरले थप समय प्रदान गरिन्छ।
- उम्मेदवारले परीक्षामा नेपाली वा अंग्रेजी वा दुवै भाषामा उत्तर लेख्नसक्ने व्यवस्था गरिएको।
- सेवाग्राहीसँग सहज पहुँच कायम गर्न तथा सूचनाको हकको सहज कार्यान्वयनको लागि वेबसाईट तथा सामाजिक सञ्जालको उपयोग गरिएको छ, साथै, लोक सेवा आयोगको मोवाईल एप्लिकेशन लागू गर्ने तर्फ समेत आयोग अन्तिमचरणमा पुगेको छ।
- आयोगबाट लिइने लिखित परीक्षाहरूमा धेरैभन्दा धेरै उम्मेदवारहरूको देशव्यापी सहभागिता सरल र सहज होस् भन्ने उद्देश्यले आयोगले राजपत्र अनंकित पदका परीक्षाहरू डोल्पा, हुम्ला, पर्सा र सिराहा जिल्लाबाट पनि सञ्चालन गर्ने गरेको छ।

### आयोगका सवल पक्षहरू :

- निष्पक्ष छनोट प्रणालीका कारण सरकारी सेवामा युवाहरूको आकर्षण बढ्दो रहेको, नेपालका सबै जिल्लाबाट आवेदन पर्ने गरेको।
- पारदर्शिता र गोपनीयता बीच तादात्म्यता कायम गर्दै कार्यसम्पादन गरेको।
- योग्यताका आधारमा सर्वसाधारणको निजामती सेवामा पहुँच पुर्याउन योगदान गरेको।
- योग्यता परीक्षण विधिहरूमा समयानुकूल परिमार्जन गर्दै लगिएको।
- सार्वजनिक संस्थानहरूको पदपूर्तिको कार्यमा लोक सेवा आयोगको संलग्नताबाट त्यस्ता विज्ञापनहरूमा समेत उमेदवारको संख्या बढ्दो रहेको।
- आफू वा आफन्तहरू संलग्न हुने परीक्षामा कुनै पनि भूमिकामा नरहने असंलग्नताको व्यवस्था भएको र गोप्य कार्यमा संलग्न हुनेहरूको परिचय शुन्यता (Identity Blackout) को व्यवस्था गरिएकोले निष्पक्षता सुदृढ हुन सकेको।
- आन्तरिक निष्पक्षता कायम गर्न द्विअन्ध (Double Blind) प्रणाली कायम गरिएको।


### सुधारका पक्षहरू :


- आवेदन प्रणाली अनलाईन माध्यमबाट सञ्चालन भइसकेको सन्दर्भमा ईलेक्ट्रोनिक भुक्तानी प्रणाली अविलम्व लागू गर्नुपर्ने।
- सङ्घीय स्वरूपमा लोक सेवा आयोगको संगठन संरचना रूपान्तरण गर्नुपर्ने।
- परीक्षा प्रणाली र पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गर्नुपर्ने।
- पाठ्यक्रम र न्यूनतम योग्यताका सम्बन्धमा सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयहरू थप अध्यावधिक हुनुपर्ने।
- न्याय, सरकारी वकील तथा कानून समूहमा मागभन्दा ज्यादै न्यून संख्यामा मात्र परीक्षार्थी सफल हुने गरेकोले वर्षेनी रिक्त पदपूर्ति हुन नसकेको।
- समाजका उत्कृष्ट प्रतिभाहरूलाई आकर्षित गर्नुपर्ने चुनौती।


## आयोगको कार्यसम्पादन : ईन्फोग्राफिक्स

| आ.ब. | विज्ञापन भएका पद | प्राप्त दरखास्त संख्या | सिफारिस उम्मेदवार |
|---|---|---|---|
| २०७२/७३ | १३०४७ | ५९५०३१ | ५६३८ |
| २०७१/७२ | ७९१४ | ५९९६६८ | ४७६२ |
| २०७०/७१ | ६८१३ | ५६०९१५ | ४६२१ |
| २०६९/७० | ५०७८ | ३६८८०५ | २८४३ |
| २०६८/६९ | ३५९२ | २७१५७७ | २८१८ |




### आवेदन दिने उम्मेदवारहरूको जातजातिअनुसारको संख्या (उच्च १०)

| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| जम्माउम्मेदवार | ५६०९१५ | ५९९६०८ | ५९५०३१ |
| ब्राह्मण (पहाड) | १४५८२० | १७८३५८ | १६६९६५ |
| क्षेत्री | १०३४३५ | १०६४३२ | १०४०८९ |
| मगर | ३६३७८ | ३६२३७ | ३६३९८ |
| थारु | ३८२३५ | ३५६६५ | ३५६१० |
| यादव | २९७४७ | २७८९२ | ३१६८० |
| नेवार | २३२१३ | ३०२६७ | ३०३८३ |
| राई | २०९९६ | २१०८६ | १८१९० |
| तामाङ | ११९३४ | १३५३७ | १३६७३ |
| तेली | १२३४१ | १२७९८ | १३०२६ |
| कामी | १०८९८ | ९३७२ | ११९०३ |

### आवेदकको उमेर समूह




| उमेर समूह (वर्ष) | १८-२० | २१-२५ | २६-३० | ३१-३५ | ३६-४० | ४१-४५ | ४५+ |
|---|---|---|---|---|---|---|---|
| २०७२/७३ | ७२९५२ | २२३४८४ | १७९६२३ | ८६५०६ | २४३९१ | ५२९८ | २७७७ |
| २०७१/७२ | ७६२६० | २२८३८६ | १६१९२९ | ११२६५८ | १६१८६ | २९०९ | १३५८ |
| २०७०/७१ | ९२१६१ | २१८५८३ | १३९३१४ | ९७३५८ | १००६२ | २१८१ | १२५६ |

*(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/१)*

# 'अब अनलाइन पेमेन्टको व्यवस्था गर्दैछौँ'




**लोकसेवा आयोग स्थापनाको ६७ औं वर्ष प्रवेश गरेको छ। आयोगको यो सफल र गरिमामय यात्राका क्रममा मुलुकमा धेरै राजनीतिक परिवर्तन भए। आयोगको यात्रा भने जारी रह्यो। जसको परिणाम आज सरकारी सेवामा प्रवेश गर्ने निष्पक्ष, धरोहरका रुपमा आयोगले परिचय बनाएको छ। स्थानीय निर्वाचन, प्रदेश र केन्द्रको निर्वाचनपछि मुलुक पूर्ण रुपमा सङ्घीय संरचनामा रुपान्तरण हुनेछ। नयाँ बन्ने संरचनामा कर्मचारी समायोजनको विषय त्यत्तिकै पेचिलो छ। संविधानले निजामती सेवामा मात्र सीमित लोकसेवा आयेगको क्षेत्राधिकारलाई बृहत् बनाइदिएको छ। यसै मेसोमा केन्द्रित रही आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीसँग गोरखापत्रका पत्रकार *करुण अर्याल* र *शम्भु प्रसाई*ले गर्नुभएको कुराकानीको सारसंक्षेप :**

## संवाद

- संविधानले निजामती सेवामा मात्र सीमित आयोगको क्षेत्राधिकारलाई बृहत् बनाइदिएको छ।
- सबै ठाउँमा लोकसेवाले जाँच लिन्छ भनेपछि युवाको आकर्षण बढेको छ।
- केन्द्रमा लोकसेवालाई त अधिकार दिइयो तर प्रदेशको सवालमा जे नहुनुपर्ने थियो त्यो भयो।
- निजामती सेवामा मात्र छ लाख युवाले जागिरका लागि निवेदन गर्नुभएको छ।
- निष्पक्षता र योग्यता प्रणाली स्थापित गराउने सवालमा आयोग पर्याय नै बन्यो।

*** लोकसेवा आयोग ६६ वर्ष पूरा गरेर ६७ वर्ष प्रवेश गर्दै गर्दा यसको संस्थागत विकास कहाँ पुगेको छ ?**

आयोगको जन्म जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्रको बहालीसँगै २००८ सालमा भएको थियो। स्थापनाकालमा सिंहदरबारको दुई वटा कोठाबाट आयोग सञ्चालन थियो। दुई वटा कोठामा खाँदिएर काम गर्नुपर्दा कामको भार र काम गर्ने राम्रो वातावरण नभएकाले कर्मचारी बिरामी परेका थिए। त्यस्तै सिंहदरबारमा आगलागी भएपछि आयोगको कार्यालय विशालनगरमा सरेपछि आयोगका पदाधिकारी टेम्पो चढेर वा पैदल हिँडेर आयोगमा जानुपर्ने अवस्था थियो। स्रोत साधनविहीनको त्यो अवस्थामा आयोगले आफ्नो संवैधानिक भूमिकालाई कहिल्यै कमजोर ठानेन। निष्पक्ष परीक्षा सञ्चालन गर्ने र योग्य उम्मेदवारलाई सरकारी सेवामा सिफारिस गर्ने काममा आयोग अनवरत रूपमा लागि नै रह्यो। निष्पक्षता र योग्यता प्रणाली स्थापित गराउने सवालमा लोकसेवा आयोग पर्याय नै बन्यो। साधन स्रोतको अभावको त्यो समयलाई स्मरण गर्ने हो भने अहिलेसम्ममा आयोगको संस्थागत विकास धेरै अगाडि बढिसकेको छ। हामीसँग पर्याप्त साधन स्रोत भइसकेको छ। भवन, सवारी साधन आदि यो अवस्थालाई हेर्दा लोकसेवाको संस्थागत विकासमा उल्लेख्य उपलब्धि भएको मान्नुपर्छ।

*** यहाँको नेतृत्व पाएपछि आयोगले के कस्ता उपलब्धि हासिल गऱ्यो ?**

मेरो नेतृत्वको आयोगले दुई वर्षको अवधिमा केही देखिने र महसुस गर्ने खालका दीर्घकालीन उपलब्धिका काम गरेको छ। पहिलो अनलाइन निवेदनको व्यवस्था गरिएको छ, जसले परीक्षार्थीलाई फाराम भर्नका लागि पैसा र समय खर्चिएर आयोगसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य गरिएको छ। अब चाँडै नै अनलाइन पेमेण्टको व्यवस्था गर्दैछौँ। दोस्रो मूल्याङ्कनलाई सही र वस्तुगत बनाउन तथा आग्रह पूर्वाग्रह हटाउन दोहोरो परीक्षण (डबल चेकिङ) को व्यवस्था गर्न थालिएको छ। दुई जनाले उत्तरपुस्तीका परीक्षण गर्ने काम सहसचिव र उपसचिवको पेपर जाँचमा लागू गरिएको छ। तेस्रो सहसचिवको पाठ्यक्रममा आमूल परिवर्तन गरिएको छ। यसलाई घोकन्तेभन्दा सक्षमताको नक्साङ्कन मापन गर्न पाठ्यक्रम बनाइएको छ। फरक खालका सक्षमताको खोजी गरिएको छ। यसमा नैतिक मूल्य भन्ने अलग्गै पेपर बनाएका छौँ। चौथो शाखा अधिकृतभन्दा माथिका पदको परीक्षाका कापी आयोगमै बसेर जाँच्ने व्यवस्था गरिएको छ। पाँचौँ यातायातले नछोएका दुर्गम जिल्ला डोल्पा र हुम्लामै परीक्षा केन्द्र स्थापना गरियो। जुन २००८ सालदेखि हालसम्म हुन सकेको थिएन र छैटौँ परीक्षार्थीका धेरै चाप हुने लहान र वीरगञ्जमा पनि परीक्षा केन्द्र राखिएको छ, यी सुधारले आयोगका हरेक कामलाई चुस्त दुरुस्त एवम् छिटो छरितो बनाउन सहयोग गरेको छ।

*** आयोगका भावी योजना के छन् ? जसले आयोगको संवैधानिक जिम्मेवारी एवम् भूमिकालाई थप मजबुद बनाउँछ।**

आगामी असार १ गतेदेखि हामी मोबाइल एप्स प्रयोगमा ल्याउँदैछौँ। यो एप्स प्रयोगमा आएपछि सेवाग्राहीले लोकसेवासँग सम्बन्धित सबै सूचना यो एप्सबाट सेकेन्डभरमा थाहा पाउन सक्छ। अझ परीक्षार्थीले त आफ्नो परीक्षा सेन्टर कहाँ पऱ्यो भन्नेसम्म जानकारी एप्सबाट पाउँछ। दोस्रो हामी सिनियर तहका पद विद्यमान परीक्षण प्रविधिभन्दा बिल्कुलै पृथक् र नयाँ अभ्यासको रूपमा परीक्षण विधिलाई अझ वैज्ञानिक बनाउन एसेस्मेण्ट सेन्टर मेथडोलोजी (एसिएम) यो अत्याधुनिक परीक्षण विधि लागू गर्ने योजनामा लागेका छौँ। एसेस्मेण्ट सेन्टरको अवधारणा भनेको के हो भने हामी पेपर पेन्सीलका आधारमा ज्ञानको जाँच गर्ने पुरातन विधिभन्दा पृथक् ढङ्गले उम्मेदवारका भित्रि ल्याकत पहिचान गर्ने विधि हो। जुन विधिबाट छानिएका उम्मेदवारले कार्यक्षेत्रमा गएर कसरी काम सम्पादन गर्छ भन्ने कुराको निक्यौंल परीक्षण प्रक्रियामा पत्ता लगाउन सकिन्छ। उसको निर्णय क्षमता कस्तो छ, सञ्चार क्षमता कस्तो छ, सेवाग्राहीसँग कस्तो व्यवहार गर्छ भने कुराको यो प्रविधिबाट थाहा पाउन सकिन्छ। अहिलेको समयमा आएर पनि हामीले गाथा गाएर मात्र पुग्दैन, युगअनुसार नयाँ-नयाँ परीक्षण विधि अपनाउनुपर्छ भन्ने सोचका साथ निकै महँगो प्रविधि भए पनि हामी यसको अभ्यासमा छिर्ने भएका हौँ।

*** मुलुक सङ्घीयतामा गइसकेको छ, यस्तो अवस्थामा आयोगको भूमिका कस्तो हुन्छ ?**

सङ्घीयतमा जाँदा राज्यका सबै अङ्गको आआफ्नो भूमिका रहन्छ। सङ्घीय ढाँचाको एकात्मक राज्यअन्तर्गत रहेर काम गरेका संस्थालाई यो सङ्घीय ढाँचाको राज्यको स्वरूपमा काम गर्नु आफैँमा चुनौतीपूर्ण र नयाँ काम हो। जहाँसम्म लोकसेवाको भूमिकाको विषयको कुरा उठाउनुभयो। यो संविधानद्वारा गठित, संवैधानिक मूल्य मान्यता बोकेको संस्था हो। परिवर्तित अवस्थामा आयोगले परामर्श सेवा उपलब्ध गराउने, कर्मचारी व्यवस्थापनमा राय परामर्श दिने र संविधानद्वारा प्रदत्त अन्य काम गरेर संविधान कार्यान्वयनका लागि सहयोग गर्ने भूमिका आयोगको रहन्छ।

*** समायोजन विधेयक भन्नुभयो के कस्तो व्यवस्था छ, त्यो विधेयकमा ?**

विधेयक के कस्तो छ भन्ने सबै कुरा थाहा भएन र थाहा हुने कुरा पनि भएन तर जानकारी भएअनुसार एक वर्षसम्म लोकसेवा अयोगबाट नयाँ नियुक्ति र बढुवा प्रक्रिया खुलाईंदैन। त्यसैगरी तोकिएको ठाउँमा ३५ दिनभित्र हाजिर हुन नजाने कर्मचारीलाई बर्खास्ती गर्ने लगायतका केही कठोर र प्राकृतिक न्यायको सिद्धान्त विपरीतका व्यवस्था छन् भन्ने मैले थाहा पाएको छु। हामीलाई यस विषयमा परामर्श मागिएन। आयोगसँग परार्मश मागेको भए कर्मचारीलाई बर्खास्ती गर्नेसम्मको कारबाही गर्दा आयोगको परामर्शविना हटाउन मिल्दैन भन्ने थियो होला तर विधेयकको मस्यौदा गर्दा हामीलाई त्यो विषयमा परामर्श मागिएन।

*** एक वर्षसम्म नयाँ पदपूर्ति तथा आन्तरिक बढुवासम्मका कार्य नगर्दा यसले नयाँ पुस्तालाई र सेवारत कर्मचारीको वृत्ति विकासलाई असर गर्दैन ?**

आयोगले आफ्नो चिन्ता व्यक्त गरेर राय दिइसकेको छ। हाम्रो प्रतिवेदन हेर्नुभयो भने रिपोर्टमा निजामती सेवामा मात्र छ लाख युवाले जागिरका लागि निवेदन गर्नुभएको देखिन्छ। निजामती सेवा बाहेकको लोकसेवा आयोगले हेर्ने परीक्षा लिने अन्य नेपाली सेना नेपाल प्रहरी, सङ्गठित संस्था यी सबैमा जागिरका लागि निवेदन दिनेको सङ्ख्या हेर्ने हो भने हामीले दश लाख युवालाई अलमल्याइरहेको स्थिति छ। उनीहरू आफ्नो उज्जल भविष्यका लागि लोकसेवा भनेको निष्पक्ष हुन्छ भनेर जाँचको तयारी गरेर बसिरहेको अवस्था छ। अब प्रक्रिया रोकिँदा त्यसबाट सिर्जना हुने निरास र अप्ठ्यारो परिस्थितिबारे हामीभन्दा बढी राजनीतिज्ञ नै होसियार तथा सचेत रहनुपर्ने हो। हामीले भन्नुभन्दा उहाँहरूले भन्नुपर्ने अवस्था हो। थाहा छैन किन हो दुई वर्ष रोक्ने भनेर आएको थियो, हामीले त्यसलाई हुँदैन नरोकौँ यसले युवापलायन हुन्छन् भन्यौँ तर सुनुवाइ भएन दुईको ठाउँमा एक वर्ष रोक्ने गरिएछ। एक वर्षसम्म पदपूर्ति पनि नहुने अनि बढुवाको मुखमा वृत्ति विकास रोकिने भएपछि धेरै कर्मचारीको करियर विकासमा ठूलो बाधा पुग्छ, यो कुरालाई ध्यान दिइनुपर्थ्यो दिइएन। यसमा लोकसेवाको कुरा सुनिएन।

*** सङ्घीयतामा लोकसेवा आयोगको स्वरूप कस्तो हुन्छ ?**

नेपालको संविधानले आयेगलाई दुई तहमा राख्यो एउटा केन्द्रको लोकसेवा आयोग र अर्को प्रदेशसेवा आयोग। केन्द्रकोलाई संवैधानिक भूमिका दिइयो। यसका नियुक्ति प्रक्रियादेखि अन्य यसका काम कर्तव्य अधिकार संविधानमा नै उल्लेख गरिएको एउटा स्वतन्त्र संवैधानिक निकायको रूपमा यो संस्थालाई राखियो भने प्रदेश स्तरमा चाहिँ प्रदेश कानुनअनुसार छुट्टै आयोग बन्ने व्यवस्था गरियो। कर्मचारीको पदपूर्तिका लागि प्रदेशमा गठन गरिने आयोग अहिलेको लोकसेवाको मातहतमा रहने होइन कि त्यो छुट्टै स्वायत्त रहने गरी व्यवस्था गरियो। प्रदेश आयोगको गठन र काम कर्तव्यसम्बन्धी आधार र मापदण्ड सङ्घीय कानुनले तोक्ने भन्ने व्यवस्था गरियो।

*** प्रदेश आयोगका काम कर्तव्य अधिकार प्रदेश कानुनले बनाउने हो भने निष्पक्ष होला भनेर कसरी भन्न सकिएला ?**

शङ्का छ। त्यसैले मैले तत्कालीन प्रधानमन्त्रीलगायत संविधानलाई अन्तिम रूप दिने तयारीमा जुटनभएका सबै नेतासँग लोकसेवा आयेगको प्रतिनिधिको हैसियतले अन्तिम अवस्थासम्म मैले उहाँहरूलाई सुझाव दिएको थिए। जुन व्यवस्था प्रदेशमा गर्दै हुनुहुन्छ, यसले केन्द्रको जस्तो स्वायत्त संवैधानिक हैसियतको आयोग नबन्ने भयो। यसकारणले भोलि निष्पक्षतामा प्रश्न उठ्न सक्छ र तपाईंहरूले जुन नयाँ नेपाल निर्माण गर्ने भन्नुहुन्छ यसमा चाहिँ पहिलो गाँसमा नै ढुङ्गा लागेको जस्तो हुन्छ भनेर भनेको थिए। हामीले हाम्रो मातहत रहनुपर्छ भनेको होइन। यसको गठन विधि केन्द्रको जस्तै राख्नुस् अनि मात्र स्वतन्त्र र निष्पक्ष भएर काम गर्न सक्छ भनेका थियौँ तर गरिएन।

*** कानुनद्वारा गठन हुँदैमा निष्पक्ष हुँदैन भनेर कसरी भन्ने ?**

निष्पक्ष हुँदैन भन्ने त आधार छन्। यहाँहरूलाई थाहा होला ऐनद्वारा पदपूर्ति समिति बनेका संस्थानमा, स्थानीय निकायमा, विश्वविद्यालयमा खोई निष्पक्षता भएको ? किन ती संस्थाले लिने परीक्षामा प्रश्न उठे आखिर ती संस्था पनि त कानुनद्वारा नै गठित थिए। निष्पक्ष हुनलाई जुन किसिमको स्वायत्तता जरुरी हुन्छ त्यो सम्भव हुँदैन यस्ता संस्थाबाट। किनकि यिनीहरूका सञ्चालक तथा पदपूर्तिका पदाधिकारी संस्था प्रमुख वा आफूलाई नियुक्ति दिने राजनीतिक दल वा मन्त्रीप्रति उत्तरदायी हुन्छन्। जनताप्रति होइन।

*** संविधानले आयोगको क्षेत्राधिकारलाई बृहत् बनाइदिएको छ। संविधान बन्नु अगाडि यहाँले आयोगको क्षेत्राधिकार बढाइनुपर्छ भनेर माग गर्नुभएको थियो कि विधायकले नै स्वविवेकले क्षेत्राधिकार बढाइदिएको हो ?**

यसको कुरा के छ भने मैले संविधान बन्नेक्रममा स्पष्ट कुरा के राखेको थिए भने जनताको थैलीबाट अथवा जनताले तिरेको करबाट पारिश्रमिक पाउने कुनै पनि पद लोकसेवाको ढोका बाहेक अन्य ढोकाबाट छिर्न मिल्दैन, यसकारण सबै लोकसेवाको कार्यक्षेत्रभित्र हालिदिनुस् भनेको थिए। यसमा पछि संविधान आउँदा हामीले मागेको कुरा चाहिँ करिब पाइयो। नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व रहेका विश्वविद्यालय सेवा र शिक्षा सेवा बाहेकका सुरक्षा निकाय र सबै सङ्गठित संस्थाको लिखित परीक्षा गर्ने जिम्मेवारी हामीले पायौँ। केन्द्र लोकसेवालाई त अधिकार दिइयो तर प्रदेशको सवालमा जे नहुनुपर्ने थियो त्यो भएको छ।

*** विगतमा करिब ८० हजार कर्मचारीको पदपूर्ति तथा बढुवा सिफारिसमा सीमित लोकसेवा आयोगको विद्यमान जनशक्ति र भौतिक संरचनाभित्र रहेर कसरी यतिको ठूलो जिम्मेवारी पूरा गरिरहनुभएको छ ?**

यो हाम्रा लागि चुनौतीपूर्ण जिम्मेवारी र अवसर थियो। यो स्वयम् लोकसेवाको परीक्षा थियो। लोकसेवा आयेगले परीक्षा लिने होइन कि लोकसेवा आयोगकै परीक्षा थियो यो। शुरुमा यतिका धेरै सार्वजनिक संस्थान र सुरक्षा निकाय सबै ठाउँमा हात हाल्न कसरी सकिएला भन्ने थियो र हामीले संविधान जारी हुनासाथ अन्तरिम व्यवस्थापन गरेर जाँच लिन लाग्यौँ। त्यो बेला पनि हामीले दर्जनौँ संस्थाको जाँच लियौँ र नतिजा प्रकाशन गरिदियौँ। त्यसपछि हामीले सङ्गठन निर्माण गरेर एउटा छुट्टै महाशाखा र पाँच वटा शाखा थप्यौँ तर कामको अनुमान गर्न सकेनौँ र अहिले हामीलाई यति धेरै कठिन भएको छ र यसले हाम्रा अन्य धेरै नियमित काम धेरै पर सरेका छन्। तै पनि यो संवैधानिक भूमिकाबाट आयोग भाग्नुहुँदैन थियो मिल्दैन थियो र जसोतसो सीमित साधन स्रोतबाट भए पनि काम गरिरहेको अवस्था छ तर खुसीको कुरा सबै ठाउँमा अब लोकसेवाले जाँच लिन्छ भने पछि युवाको आकार्षण बढेको छ। ■

*तस्बिर : राजेन्द्र चित्रकार*

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/१)

# आउने दिनमा लोकसेवा आयोग



■ **डा. गोविन्दप्रसाद कुसुम**

असार १ गतेका दिन लोकसेवा आयोगले आफ्नो ६७ औँ वार्षिक उत्सव मनाइरहेको सन्दर्भमा यसले सङ्घीय संरचनाभित्र सार्वजनिक सेवामा योग्य र सक्षम कर्मचारी प्रवेश गराउनका लागि खेल्ने भूमिका बारे चासो बढिरहेको छ। निःसन्देह, नेपालको सङ्घीय स्वरूपभित्र तीन किसिमको सरकारको व्यवस्था गरिएको छ। जहाँ सङ्घीय, राज्य र स्थानीय सरकार मुलुकी सुशासन कायम गर्दै राष्ट्रको समग्र विकासमा लागि पर्छन्। यही प्रयोजनका निम्ति योग्य र सक्षम कर्मचारी तिनै तहका सार्वजनिक सेवामा रहेर इमानदारी र निष्ठापूर्वक कार्य सम्पादन गर्छन्। योग्यता, स्वच्छता र निष्पक्षताका आधारमा उत्तममध्येबाट अत्युत्तम उम्मेदवारको छनोट गरी निजामतीलागयत सुरक्षा निकाय र सङ्गठित संस्थामा रहेका रिक्त दरबन्दीमा पदपूर्ति गरिन्छ।

सार्वजनिक सेवाभित्र लोकसेवा आयोग र राज्य सरकारका सार्वजनिक सेवाभित्र प्रदेश लोकसेवा आयोगले उपयुक्त उम्मेदवारको छनोट गरी रिक्त पदका पदपूर्ति गर्ने कार्य गर्नेछन्। यद्यपि, नेपालको संविधानअनुसार सङ्घीय कानुन निर्माण गरी प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार तोकिने नै छ। प्रदेश लोकसेवा आयोगसँग सम्बन्धित सङ्घीय कानुन निर्माण नहुन्जेलसम्म विद्यमान लोकसेवा आयोगले राज्य सरकारका लागि आवश्यक जनशक्तिको छनोट गरी रिक्त दरबन्दीमा पठाउने कार्य गर्ने नै छ।

अहिले पाँच वटा क्षेत्र र नौ वटा अञ्चलमा लोकसेवा आयोगका क्षेत्रीय र अञ्चल कार्यालय कार्यरत छन्। राज्य सरकारको गठन भइसकेपछि यी कार्यालयबारे पुनरावलोकन गर्दै पुनःसंरचना आवश्यक पर्छ। गाभ्ने, थप्ने र हटाउने गरी विद्यमान संरचनाको फेरबदल हुने देखिन्छ तर राज्यको सङ्घीय स्वरूपमा पूर्णता पाउने समयसम्म प्रस्तुत विषयउपर कानुन निर्माण भई निश्चित निर्णयमा पुगिने भएकोले अहिले नै धेरै शङ्का, उपशङ्का लिइरहनु जरुरत नहोला।

मुख्य कुरो, लोकसेवा आयोगले आजसम्म प्राप्त गरेको जनविश्वास र यसको निष्पक्षता र पवित्रतालाई स्थापित गर्न तयार पारिएको प्रणालीलाई अझै सुदृढ र सक्षम बनाउँदै आधुनिक प्रविधिको माध्यमबाट अझ उचित कसरी बनाउँदै लैजाने हो, भन्ने विषय अहम् महत्त्वको छ। सार्वजनिक संस्थाभित्र दलगत हस्तक्षेप त्यति बेला झनै बढ्छ, जुनबेला संस्थाभित्र पद्धति र प्रणाली लोप भएका हुन्छन् वा कमजोर हुन्छन्। सरकारको सार्वजनिक नीतिको सही अर्थमा कार्यान्वयन गर्नका निम्ति संवैधानिक निकाय वा सार्वजनिक संस्थाको निर्माण गरिएको हुन्छ, जुन विश्वव्यापी मान्यता हो।

पञ्चायती शासनकालमा कुनै अमुक व्यक्तिलाई लोकसेवा आयोगले लिने परीक्षा पास गराउनका निम्ति दरबारका कुनै सचिवबाट आएको दबाबका विरुद्धमा सतिसाल जस्तो ठिङ्ग उभिन सक्ने क्षमता भएका आयोगका अध्यक्ष र पदाधिकारी यही लोकसेवा आयोग भित्र हुनुहुन्थ्यो। अग्रजको यही विरासतलाई लोकसेवा आयोगले पच्छ्याउँदै आएको हुँदा, अहिलेसम्म परीक्षा प्रणालीद्वारा योग्यता मापदण्डको विषयउपर औँला उठाउने स्थिति पैदा भएको छैन। यही स्थितिलाई समृद्ध बनाउने कार्यमा लोकसेवा आयोग लागिपरेको छ।

योग्यता, निष्पक्षता र स्वच्छता प्रणालीलाई सदैव समृद्ध बनाउने सन्दर्भमा आयोगले तीन वटा क्षेत्रमा विशेष ध्यान दिएको छ। पहिलो हो, परीक्षा प्रणालीमा आधुनिक प्रविधिको प्रवेश र प्रयोग। दोस्रो हो दूरदराजस्थित नागरिकका लागि आयोगको ढोकासम्म सहज पहुँच र तेस्रो हो व्यक्तिको सुसूचीत हुने हकको सम्मान।

पहिलो क्षेत्रतर्फ हेर्दा, आयोगले बहुउत्तर प्रश्नावली सम्बन्धी वस्तुगत पत्रको जाँच गर्ने प्रविधि OMR मेसिनबाट हुन्छ, जसले गर्दा सयमको बचत भएको छ

> अहिले पाँच वटा क्षेत्र र नौ वटा अञ्चलमा लोकसेवा आयोगका क्षेत्रीय र अञ्चल कार्यालय कार्यरत छन्। राज्य सरकारको गठन भइसकेपछि यी कार्यालयबारे पुनरावलोकन गर्दै पुनःसंरचना आवश्यक पर्छ।

र जाँचमा मानवीय त्रुटी हुन सक्ने सम्भावनालाई न्यून गरेको छ। सम्भावित उम्मेदवारले अनलाइनको माध्यमबाट दरखास्त दिएर परीक्षामा सामेल हुन सक्ने स्थिति गत दुई वर्षदेखि सिर्जना भएको छ। यसबाट उम्मेदवार आयोगको कार्यालयसम्म आएर दरखास्त दिनका लागि लामो लाइनमा उभिनुपर्ने स्थितिको अन्त्य भएको छ।

आउने वर्षदेखि परीक्षा दस्तुरलाई अनलाइनबाट भुक्तानी गर्ने सुविधा प्रदान गर्नेतर्फ पनि आयोग लागि रहेको छ। सर्वसञ्चित कोषमा जम्मा हुने दस्तुरलाई यदि एकीकृत प्रणालीमा आबद्ध गर्न सकियो भने उम्मेदवारलाई परीक्षा दस्तुर जम्मा गर्नका लागि आयोगको कार्यालयसम्म आइराख्नुपर्ने स्थिति आउने थिएन। यसका लागि सम्बन्धित बैङ्क र सरकारी निकायसँग समन्वय गर्ने कार्य अगाडि बढिरहेको छ।

यही असार १ गते देखि लागू हुने गरी मोबाइलमा PSC Nepal नामक एप्सलाई डाउनलोड गर्ने व्यवस्था हुँदैछ। सम्बन्धित सरोकारवालाले सो एप्स डाउनलोड गरेपछि लोकसेवा आयोगको परीक्षालगायत सबै विषयको जानकारी घरै बसी-बसी पाउन सक्ने स्थिति बन्ने छ।

यसैगरी 'एसेस्मेन्ट सेन्टर' को माध्यमबाट परीक्षा प्रणालीलाई बढीभन्दा बढी वस्तुनिष्ठ बनाई "स्वविवेकीय स्पेस" लाई कम गर्दै लगिने योजना रहेअनुरूप तद्नुसार तालिम र अभ्याससम्बन्धी कार्य अगाडि बढिरहेका छन्। यसबाट प्रश्नपत्र निर्माण, उत्तरपत्र परीक्षण र अन्तर्वार्ता जस्ता परीक्षाका चरण बढी वस्तुनिष्ठ हुन जानेछन्।

आयोगले ध्यान दिएको दोस्रो क्षेत्रको कुरा गर्दा नेपालको अति दुर्गम मानिने हुम्ला र डोल्पा जिल्लामा त्यहीँ पुगेर जाँच लिने कार्यको थालनी गत दुई वर्षदेखि शुरु भइसकेको छ। यसैगरी तराईको केन्द्रभित्र पर्ने लाहान र वीरगञ्जमा पनि जाँच केन्द्रको स्थापना गरेर त्यस क्षेत्रका सम्भावित उम्मेदवारलाई ती स्थानबाट टाढा रहेका आयोगको कार्यालयमा पुग्नुपर्ने स्थितिको अन्त्य गरेको छ।

व्यक्तिको सुसूचीत हुने हकको संरक्षणसम्बन्धी आयोगले लिएको तेस्रो विषयको हकमा गत वर्षदेखि उम्मेदवारले आफूले पाएको कुल अङ्क 'एप्स' वा 'वेबसाइट' मा गएर हेर्न पाउने व्यवस्था मिलाएको छ। यसबाट कुनै पनि उम्मेदवारले परीक्षामा आफ्नो अवस्था कस्तो रहेछ भन्ने आँकलन गर्न सक्छन्। यहाँनेर हेक्का राख्नुपर्ने विषय भनेको आयोगले निर्वाह गर्ने योग्यता प्रणालीलाई स्थापित गर्दै जाँदा गोपनीयताको विषयले प्राथमिकता पाउँछ। किनकि गोपनीयतालाई ठीक दुरुस्त राखेकै कारणले सही अर्थमा आवाजविहीन र पहुँचविहीनले आफ्नो क्षमता प्रदर्शन गर्दै आयोगको परीक्षा पास गरेर सार्वजनिक सेवामा प्रवेश पाउन सकेका छन्।

आयोगलाई चिन्तित तुल्याउने केही विषय छन्, जसले आयोगको कार्यसम्पादनमा मनोवैज्ञानिक शिथिलता ल्याउने सम्भावना रहन्छ। सम्माननीय राष्ट्रपति समक्ष प्रतिवर्ष पेस गरिने आयोगको प्रतिवेदनमा उल्लेख गरिएका सुझाव न त खासै कार्यान्वयन हुन्छन् न त कार्यान्वयन हुन नसक्नुको कारणबारे सरकारबाट आयोगलाई जानकारी गराइन्छ। यसबाट सरकार र संवैधानिक निकायका बीच खाडल उत्पन्न हुन गई विश्वासको सङ्कट उम्रिन सक्छ। सरकारले गर्ने कामलाई निष्पक्षतापूर्वक भयरहित वातावरणमा सम्पन्न गर्ने प्रयोजनकै लागि संविधानद्वारा संवैधानिक निकायको व्यवस्था लोकतन्त्रमा गरिएको हुन्छ। लोकतन्त्रमा संवैधानिक निकाय 'लाइन एजेन्सी' को रूपमा काम गर्दैनन् र संवैधानिक निकाय पनि सरकारको नीति र नियमभन्दा बाहिर बसेर कार्य गर्नुहुँदैन। त्यसैले त संवैधानिक निकायलाई सरकारको 'एक्स्टेन्डेड ह्याण्ड्स' (विस्तारित हातहरू) को रूपमा विद्वान्ले परिभाषित गरेका छन्।

लोकसेवा आयोगले संविधानअनुसार प्राप्त गरेको जिम्मेवारी पूरा गर्ने सवालमा आवश्यक पर्ने लोकसेवा आयोग ऐनको मस्यौदा विधेयक मन्त्रिपरिषद्मा पठाएको डेढ वर्ष जति भइसकेको छ। उक्त विधेयक संसदीय प्रक्रियाभित्र अहिलेसम्म प्रवेश गर्न सकेको छैन। त्यसमा कुनै संशोधन र परिमार्जन गर्नुपर्ने भए संसदीय समितिले नै गर्ने थिए। अहिलेसम्म उक्त विधेयक अगाडि नबढ्दा आयोगले सम्पन्न गर्ने कार्यमा कानुनी प्रश्न आउन सक्ने देखिन्छन् र यस विषयले आयोगलाई आफ्नो कार्यलाई व्यवस्थित गर्न अलि अप्ठ्यारो परेको तर्फ ध्यान जानुपर्ने देखिन्छ।

आफ्नो योग्यताको प्रदर्शन गर्न नसकी परीक्षामा अनुत्तीर्ण हुने मध्ये केही-केहीले आयोगका पदाधिकारीलाई फोनबाट धम्क्याउने र तर्साउन खोज्ने गलत प्रवृत्ति मौलाउन थालेको छ। यस्तो प्रवृत्ति सतहमा आउनुका पछाडि धम्काएर वा भीड जम्मा गराएर दबाब दिने र आफ्नो अनुकूल निर्णय गराउन खोज्नेले प्राप्त गरेको संरक्षणका कारणले पनि हुन सक्छ। आयोगका सन्दर्भमा आगामी दिनमा यस्तो स्थिति मौलाउँदै जान्छ कि भन्ने चिन्ता बढ्न थालेको छ। ■

(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/१)

# 'लोकसेवाको काम प्रशंसनीय'



उपराष्ट्रपति नन्दबहादुर पुन बिहीबार लोकसेवा अयोगको ६७औँ वार्षिकोत्सव समारोह उद्घाटन गर्नुहुँदै । तस्बिर : राजेन्द्र चित्रकार/गोरखापत्र

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, १ असार । उपराष्ट्रपति नन्दबहादुर पुनले लोकसेवा आयोगको निष्पक्षता र विश्वसनीयताको उच्च प्रशंसा गर्नुभएको छ। मुलुकका संवैधानिक निकायहरूबारे बेला बेलामा प्रश्न उठ्ने गरे पनि आयोगको निष्पक्षतामा कहिल्यै प्रश्न नउठेको भन्दै त्यसको प्रशंसा गर्नुभएको हो ।

आयोगको ६७औँ वार्षिकोत्सवको समारोहको उद्घाटन गर्दै उपराष्ट्रपति पुनले दुर्गम क्षेत्रका नागरिकका लागि लोकसेवासम्म पुग्न सहज पहुँचको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो ।

संविधानले प्रदान गरेको आफ्नो काम, कर्त्तव्य र अधिकारको अधिनमा रही योग्यताको आधारमा निजामती सेवामा प्रवेशको ढोका खोलिदिँदा एकातर्फ राष्ट्रलाई आवश्यक पर्ने सक्षम जनशक्तिको आपूर्ति भइरहेको छ भने अर्कोतर्फ सक्षम उम्मेदवारको भविष्य सुनिश्चित भएको उपराष्ट्रपतिले स्पष्ट गर्नुभयो। त्यस अवसरमा उपराष्ट्रपति पुनले सो मोबाइल एप्सको सार्वजनिक गर्नुभयो ।

गुगलबाट 'पीएससी नेपाल' मोबाइलमा डाउनलोड गरी मोबाइलबाटै विज्ञापन, परीक्षाको नतिजा र स्वीकृत नामावलीलगायत आयोगका प्रत्येक गतिविधिबारे जानकारी लिन सकिने सुविधा एप्समा रहेको जानकारी दिइएको छ। लोकसेवा आयोगका हरेक गतिविधि अब मोबाइल एप्सबाट जानकारी लिन सकिने भएको छ। त्यसैगरी आयोगले अनलाइन दरखास्त दिने व्यवस्थालाई थप सुधार गर्नुका साथै जतिसक्दो चाँडो अनलाइन पेमेन्टको समेत व्यवस्था हुनेछ। समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवाले लोकसेवा (बाँकी पृष्ठ ४ मा)

*(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/२)*

# PSC launches mobile app

**RSS**
*KATHMANDU, June 15*

Now one can easily get information of every activities related to the Public Service Commission with the launching of its mobile app.

Vice-President Nanda Bahadur Pun has today launched mobile app on the occasion of the 67th anniversary of the PSC.

Information regarding every activities of PSC including advertisement for different posts and exam results can be got through the mobile app after downloading 'PSC Nepal' in mobile from Google.

According to the PSC, it is going to make an arrangement of online payment as soon as possible as well as to further improve the online application system.

On the occasion, Vice-President Pun stressed the need of making easy access of people of remote areas to the commission's service.

He said, "Question has not been raised so far over the fairness of the PSC at a time when question and complaints are raised over the fairness of constitutional bodies time and again. It is in itself positive."

Similarly, Prime Minister Sher Bahadur Deuba said that PSC is an autonomous organisation in the context when there is influence of political parties in other organisations.

Likewise, PSC Chairman Umesh Mainali said that the PSC plans to improve its assessment technology and examination standard, and to make complete change in syllabus of the Gazetted first class non-technical stream.

On the occasion, the PSC presented this year's Outstanding Employees Award to its three employees.

*(The Week, Published: 2074/3/2)*

टिप्पणी

# लोकसेवा आयोगमा मूल्यांकनको नयाँ विधि



लक्ष्मीविलास कोइराला

लोकसेवा आयोगले आफ्नो परीक्षा पद्धतिलाई 'असेसमेन्ट सेन्टर मेथड' अवलम्बन गरी सुधार गर्न खोज्दै छ। यो विधिमा बहुमूल्यांकनका तरिका, जस्तै– परीक्षा, अन्तर्वार्ता, सिमुलेसन, भूमिका प्रदर्शन, व्यावसायिक खेल, समूहगत छलफल, प्रस्तुतीकरण र मनोवैज्ञानिक अभ्यास आदि अवलम्बन गरी उम्मेदवारको खुबी वा सक्षमता मूल्यांकन गरिन्छ। मूल्यांकन गर्दा उम्मेद्वारले के जानेको छ भन्दा पनि के गर्न सक्छ हेर्ने गरिन्छ। उम्मेदवारले देखाएका व्यवहारको सही वर्गीकरण गर्दै स्वीकृत क्षमता र विधिको आधारमा मूल्यांकन गरिन्छ।

व्यक्तिमा रहेका ज्ञान, सीप र गुणको समग्र जोड नै खुबी हो। खुबी व्यक्तिगत विशेषता हो, जसले व्यक्तिको कार्यसम्पादनलाई प्रभावित गर्छ। ज्ञान व्यक्तिले बुझेको सैद्धान्तिक एवं तथ्यगत पक्ष हो, सीप परिस्थितिअनुकूल ज्ञानलाई प्रयोग गर्ने कला हो र प्रवृत्ति कार्यसम्पादन गर्न उद्यत हुने गुण हो। यसर्थ खुबी भनेको कार्यसम्पादनका क्रममा परिस्थितिअनुकूल सोच्ने र व्यवहारमा उतार्ने क्षमता हो।

'असेसमेन्ट सेन्टर मेथड'मा उम्मेद्वारको मूल्यांकन बहुउपकरणको उपयोग र बहुमूल्यांकनकर्तामार्फत गर्ने गरिन्छ। मूल्यांकनका उपकरण धेरै भए पनि तिनलाई मूलतः तीन वर्गमा विभाजन गर्न सकिन्छ, व्यक्तिगत, समूहगत र मनोविज्ञान अभ्यास। व्यक्तिगत मूल्यांकनका लागि मामिला अध्ययन, व्यवहारमूलक अन्तर्वार्ता तथा भूमिका प्रदर्शनजस्ता विधि प्रयोग गर्ने गरिन्छ। व्यक्तिको खुबी परीक्षण गर्न संकटको समयमा निर्णय लिने क्षमता, घटनाको विश्लेषण गर्ने क्षमता साथै सिर्जनशीलताबारे परीक्षण गर्ने उद्देश्य राखी मामिला बनाइएको हुन्छ। 'इन ट्रे' अभ्यासका क्रममा कार्यालयमा प्राप्त पत्र, गुनासा र मागहरूको निश्चित समयभित्र उम्मेदवारले कसरी व्यवस्थापन गर्छ भनी उसको खुबी जाँच गरिन्छ। व्यवहारगतमूलक अन्तर्वार्ता उम्मेदवारको विगतका अनुभवको सोधपुछमा केन्द्रित हुन्छ। कसरी उम्मेदवारले आफ्नो अगाडि आएका सामान्य वा असामान्य स्थितिको व्यवस्थापन गरेको थियो, हेर्ने गरिन्छ। उम्मेदवारले उसको ज्ञानलाई परिस्थिति व्यवस्थापनका लागि आवश्यक सीप र कलाको रूपमा उपयोगमा ल्याउन सक्छ कि सक्दैन भन्ने जाँच्न एकल वा समूहगत रूपमा पनि हेर्ने गरिन्छ। 'असेसमेन्ट सेन्टर मेथड'को तेस्रो पक्ष उम्मेदवारको मनोवैज्ञानिक परीक्षण हो, जसमा उम्मेदवारको व्यवहारगत पक्ष, प्रवृत्ति तथा बोध क्षमतालाई जाँच्ने गरिन्छ। कुनै परिस्थितिको व्यवस्थापन गर्न तत्काल देखाइएको चातुर्यको अवलोकन गरिन्छ। उम्मेदवारले कस्तो संवेगात्मक भावना देखाउँछ र निर्णय कसरी लिन्छ, त्यसको परख 'इमोसनल इन्टेलिजेन्स'को मापनको माध्यमबाट गर्ने गरिन्छ।

सूचना सञ्चार प्रविधिको विकास र प्रयोगले लोकसेवा आयोगलाई परिवर्तनका लागि घचघच्याएको हो। लोकसेवा आयोगले अवलम्बन गरी आएका परीक्षण विधि आंशिक वा पूर्ण रूपमा 'असेसमेन्ट सेन्टर'कै क्षेत्रभित्र रहेका छन्। यो विधि लागू भएपछि हाम्रो परीक्षण विधि अझै परिमार्जित, वैज्ञानिक एवं गुणस्तरीय हुने स्पष्ट नै छ। यो विधि लागू हुँदा परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण प्रक्रियासमेत परिमार्जन हुँदै जानेछन्।

आयोगले विज्ञहरूको परामर्शमा मूल्यांकनसम्बन्धी आठवटा खुबी तय गरेको छ– नैतिकता एवम् इमानदारी, विविधताको सम्मान, सेवामुखी प्रवृत्ति, विश्लेषणात्मक एवम् निर्णय क्षमता, योजना, संगठन र समन्वय गर्ने क्षमता, परिमाणमुखी प्रवृत्ति, संवेगात्मक भावना र नेतृत्व सीपको मूल्यांकन। सामान्यतया उम्मेदवारको अवलोकन गर्ने, अवलोकन गर्दा देखेको र सुनेको व्यवहार र तर्क रेकर्ड गर्ने, रेकर्डलाई मूल्यांकनका लागि वर्गीकरण गर्ने र वर्गीकरणको आधारमा मूल्यांकन गर्ने प्रक्रियालाई यस विधिको मुटु मानिन्छ। उम्मेदवारको मूल्यांकन गर्ने विज्ञहरू आफैं सीप र ज्ञानयुक्त तथा धैर्यवान् हुन जरुरी छ। मूल्यांकनको प्राण भनेकै विधि र विज्ञ हुन्। यसकारण मूल्यांकनकर्तामा खास क्षमता वा गुण जस्तो कि धीरता, तटस्थता, सुन्ने, सही अवलोकन गर्ने क्षमता हुन आवश्यक छ। उनीहरू सामाजिक पूर्वाग्रहभन्दा माथि उठेको हुनुपर्छ।

लोकसेवा आयोगबाट परीक्षण गरी सफल भएका कर्मचारी सेवामुखी, परिणाममुखी र सदाचारी नभएको, उत्पादकत्व न्यून भएको र उत्तरदायी नभएको आलोचना भइरहेको पृष्ठभूमिमा उम्मेद्वारहरूको लुकेको प्रवृत्ति मूल्यांकन गर्न आवश्यक छ र सो मूल्यांकन 'असेसमेन्ट सेन्टर' विधिबाट हुन्छ। यो विधि लागू भएपछि सार्वजनिक प्रशासनमा प्रवेश गर्न चाहने अनैतिक सोच, भ्रष्ट प्रवृत्ति, अनुत्तरदायीपन र काम पन्छाउने प्रवृत्ति भएका उम्मेद्वारलाई केही रोक्न सकिन्छ भन्ने अपेक्षा गर्न सकिन्छ।

(कोइराला लोकसेवा आयोगका प्रवक्ता हुन्)

(नयाँ पत्रिका, प्रकाशित मितिः २०७४/३/१)

# सबै सङ्गठित संस्थामा कर्मचारी सेवासर्त एउटै

करुणा अर्याल/शम्भु प्रसाई

काठमाडौं, जेठ ३१ गते। सुरक्षा निकायलगायत सरकारको पूरा वा आंशिक स्वामित्वमा रहेका सङ्गठित संस्थाले अब कर्मचारीसम्बन्धी आफूखुसी नियम बनाउन नपाइने भएको छ। स्थापनाको ६७ वर्ष प्रवेशको अवसर पारेर लोकसेवा आयोगले असार १ गतेदेखि लागू हुने गरी सबै निकायका लागि एउटै सामान्य सिद्धान्त लागू गर्ने भएपछि आफूखुसी नियम बनाउने परम्परा अन्त्य हुने भएको हो।

सङ्गठित संस्थामा कर्मचारीको सेवासर्तसम्बन्धी कानुन, योग्यता प्रणाली, बढुवा र विभागीय कारबाही गर्दा अवलम्बन गर्ने सामान्य सिद्धान्त फरकफरक भएकाले एकरूपता कायम गर्ने उद्देश्यले सबैका लागि एउटै नियम बनाउन लागिएको आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले जानकारी दिनुभयो।

"सुरक्षा निकायलगायत नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व रहेका सङ्गठित संस्थामा अब एउटै सिद्धान्त लागू हुन्छ", अध्यक्ष मैनालीले भन्नुभयो, "असार १ गतेदेखि लागू गर्दैछौँ जसले सबै सङ्गठित संस्थामा कर्मचारीसँग सम्बन्धित विषयमा एकरूपता आउँछ।" उहाँले बिहीबारदेखि नै सबै सङ्गठित संस्थालाई पत्राचार गरिने जानकारी पनि दिनुभयो।

नेपालको संविधानले लोकसेवा आयोगलाई सुरक्षा निकायलगायत सरकारको स्वामित्व रहेका सङ्गठित संस्थामा कर्मचारी छनोट गर्दा लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी दिएको छ। यो जिम्मेवारी पाएलगत्तै आयोगले सबै निकायमा एउटै नियम बनाउने गृहकार्य गरे पनि समयमै लोकसेवा आयोग ऐन नआउँदा कठिनाइ भएको उहाँले बताउनुभयो।

सामान्य सिद्धान्त लागू भएपछि ती निकायमा मनसुनको कुनै गुञ्जायस नरहने बताउँदै अध्यक्ष मैनालीले भन्नुभयो, "आयोगले सङ्गठित संस्थाको लिखित परीक्षा लिन थालेपछि सबैलाई महसुस हुने गरी काम गरेका छौँ।"

यसैगरी आयोगले असार १ गतेदेखि नै आफ्नो छुट्टै मोबाइल एप सञ्चालनमा ल्याउने भएको छ। एप सञ्चालनमा आएपछि आयोगबारे सम्पूर्ण सूचना तथा जानकारी पाउन सकिनेछ।

एपको प्रयोगले परीक्षार्थीले आफ्नो परीक्षा केन्द्रसमेत पत्ता लगाउन सक्ने आयोगका सहसचिव एवं मुख्य मनोविज्ञानवेत्ता (सहसचिव) डा. खगेन्द्र सुवेदीले बताउनुभयो।

यस्तै आयोगले त्रिवर्षीय रणनीतिक योजना बनाएको छ। आर्थिक वर्ष ०७४/७५ देखि ०७८/०७९ भित्र आयोगले गर्ने कामको रणनीति यसमा समेटिनेछ। डा. सुवेदीका अनुसार प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा आयोगको रणनीतिक योजना बनाइएको हो।

आयोगले उच्च तहका कर्मचारीका लागि लिइने परीक्षामा अपनाइने परीक्षण विधिमा पनि आमूल परिवर्तन गरेको छ। पेपर र पेन्सिलको माध्यमबाट मात्र योग्यता परीक्षण गर्ने विधिलाई वैज्ञानिक र थप वस्तुनिष्ठ बनाउने उद्देश्यका साथ 'एसिस्मेन्ट सेन्टर मेथोडोलोजी' विधि भित्र्याइएको आयोगले जनाएको छ। आयोगले अहिले नीतिनिर्माण तहमा पुग्ने सहसचिवको पदमा यो परीक्षण प्रविधि सुरु गरेको छ। यो प्रविधिलाई क्रमशः उपसचिव र अधिकृत तहका परीक्षामा पनि लागू गर्ने आयोगको तयारी छ।

(गोरखापत्र दैनिकमा, प्रकाशित मितिः २०७४/३/१)

# 'लोकसेवाप्रतिको विश्वास अझै बढ्नुपर्छ'

तस्बिर : कृष्ण पोड्याल/नयाँ पत्रिका



नयाँ पत्रिका
काठमाडौं, १ असार

कार्यबाहक राष्ट्रपति नन्दबहादुर पुनले लोकसेवा आयोगको निष्पक्ष भूमिकाका कारण आयोगप्रति सबैको विश्वास रहेको बताएका छन् । नेपालका अन्य संवैधानिक निकायहरू पटक–पटक विवादमा तानिँदै आए पनि लोकसेवाको निष्पक्ष र तटस्थ भूमिकाका कारण कहिल्यै विवादमा नपरेको पुनको तर्क थियो । आयोगको छनोटशैली निष्पक्ष भएकै कारण दक्ष नागरिकले सरकारी सेवामा अवसर पाएको उनले बताए ।

६७औं स्थापना दिवसका अवसरमा आयोगले बिहीबार राजधानीमा गरेको विशेष कार्यक्रममा पुनले आयोगप्रतिको आस्था र विश्वासलाई थप बढाउनुपर्ने औंल्याए । प्रादेशिक तहमा पनि आयोगको सेवा विस्तार हुन सकारात्मक रहेको तर्क गर्दै पुनले आगामी दिनमा दुर्गम, उत्पीडित, उपेक्षित र विपन्न बस्तीसम्म पहुँच पुर्‍याउन सुझाए । आयोगबाट छनोट भएर राष्ट्रसेवामा खटिएका कर्मचारीहरुप्रति आमजनताको विश्वास घट्दै जानु दुःखद रहेको पुनले बताए ।

कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले आयोगलाई निष्पक्ष रुपमा काम गर्ने वातावरण सिर्जना गर्न सरकारले सबै प्रकारको सहयोग गर्ने प्रतिबद्धता जनाए । भनसुन प्रवृत्तिबाट मुक्त रहेर काम गर्न सक्नु नै आयोगको सफलता भएको देउवाको तर्क थियो ।

लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले योग्यता, निष्पक्षता, वस्तुनिष्ठता र विश्वसनीयता प्रवर्द्धन हुनेगरी काम गरिरहेको बताए । संविधानले आयोगमाथि विश्वास गरेर थपिदिएको जिम्मेवारीलाई चुनौती र अवसरको रुपमा लिएको उनको भनाइ थियो ।

(नयाँ पत्रिका, प्रकाशित मितिः २०७४/३/२)

# PSC launches mobile app

Rastriya Samachar Samiti
*Kathmandu, June 15*

The Public Service Commission has launched a mobile app to inform people about its various activities and vacancies in government offices.

Vice-president Nanda Bahadur Pun launched the mobile app on the occasion of the 67th anniversary of the PSC amid a function organised here today. One can view advertisements for various posts as well as exam results after downloading 'PSC Nepal' app to their mobile phones.

According to the PSC, it is also planning to introduce online system for filing application for vacant posts in government offices and payment of fees.

On the occasion, Vice-president Pun stressed on making PSC's services accessible to people of remote areas . "No one has raised questions over the fairness of the Public Service Commission. This itself is a matter of pride for the constitutional body."

Similarly, Prime Minister Sher Bahadur Deuba said the PSC was an autonomous organisation and hence needed to be kept away from politics.

Likewise, PSC Chairman Umesh Mainali said that PSC planned to improve its assessment technology and examination standards and change syllabus for gazetted first class non-technical stream.

On the occasion, the PSC presented

(The Himalayan Times, Published, 2074/3/2 )

# लोक सेवा आयोग : कसरी निष्पक्ष ?



खगेन्द्रप्रसाद सुवेदी

राज्य सञ्चालनमा शक्ति सन्तुलन कायम राख्न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको आ-आफ्नै विशेष एवं महत्वपूर्ण भूमिका हुन्छ। जनताबाट छानिएर आएका प्रतिनिधिले कानुन बनाउँछन्। उक्त ऐनको परिधिभित्र रहेर सरकारले नियमावली बनाउँछ जसले संविधानबाट निर्देशित एवं जनतासँग गरेका वाचा पूरा गर्न नीति योजना, कार्यक्रम कार्यान्वयन गराउने, शान्ति सुरक्षा कायम गर्ने भूमिका निर्वाह गर्छ। यसरी कार्य गर्दा कानुनी दायराभन्दा बाहिर कार्यपालिका गएको खण्डमा न्यायपालिकाले नियन्त्रित गर्छ। न्यायपालिकाले समेत आफूखुसी कानुन व्याख्या गरेमा व्यवस्थापिकाले त्यसलाई रोक्छ। यसरी यी तीनवटै संस्थाबीच शक्ति सन्तुलनको सिद्धान्तबाट राज्य परिचालित हुन्छ। यति हुँदाहुँदै पनि उक्त संस्थाबाहेक पनि राज्यमा आवश्यक पर्ने स्वतन्त्र संवैधानिक निकायहरू जसले कतिपय सवालमा अलग ढंगले कार्य गर्न निष्पक्ष संस्था महसुस भई लोक सेवा, निर्वाचन, अख्तियार दुरुपयोग अनुसन्धान, मानव अधिकार जस्ता आयोग वा निकाय परिकल्पना गरी स्थापना गरिएका छन्।

विश्वमा नै विभिन्न निकायमा आफ्ना मान्छे नियुक्ति गर्दाका दुष्परिणामबाट बच्न स्वतन्त्र संस्था आवश्यक पर्ने हुन्छ। नेपालमा समेत राणाकालमा महत्वपूर्ण पदहरूमा आफ्ना मान्छे राख्ने र चाकरीका आधारमा विश्वासपात्रहरू चयन हुन्थे। तथापि नेपाल सरकारको वैधानिक कानुन, २००४ मा सरकारी नोकरीका लागि उम्मेदवारहरूको दरखास्त आएमा योग्यता वा ल्याकत जाँचबुझ गरी सरकारमा सिफारिस गर्न दरखास्त परिषद् व्यवस्था भएको देखिन्छ। वि.सं. २००७ सालको प्रजातन्त्रपश्चात नेपालको अन्तरिम शासन विधान, २००७ मा व्यवस्था भएअनुसार वि.सं. २००८ साल असार १ गते नेपाल पब्लिक सर्भिस कमिसनको नामबाट विधिवत ढंगले आजको लोक सेवा आयोग स्थापना भएको हो। त्यसपछि बनेका सबै संविधानमा यो आयोग संवैधानिक निकायका रूपमा रह्यो।

नेपालको संविधान २०७२ मा लोक सेवा आयोग र उसको काम कर्तव्य र अधिकारबारे उल्लेख छ। जसअनुसार आयोगले निजामती सेवाका पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पद पूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्नेछ। 'संगठित संस्था' भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोगबाहेकका पचास प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानुनबमोजिम स्थापित वा सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनुपर्छ भनिएको छ।

आयोगलाई यति धेरै संघसंस्था, निकायको जिम्मेवारीसमेत यो संविधानले किन दियो त ? उत्तर स्पस्ट छ- आयोगको कर्मचारी छनोट प्रणाली निष्पक्ष, तटस्थ एवं योग्यता प्रणालीमा आधारित भएकाले। त्यसैले आयोगले अपनाउने विधि/प्रक्रियाबारे सबैलाई कौतुहल हुनु स्वाभाविक पनि हो।

**वार्षिक कार्यतालिका**

आयोगले वर्षभरिको काम कहिले, कहिले गर्ने भनी प्रत्येक वर्षको साउन १ गतेदेखि लागु हुनेगरी वार्षिक कार्यतालिका प्रकाशित गर्छ। यसरी कार्यतालिकाअनुसार वर्षभर सोहीअनुसार विज्ञापन, लिखित परीक्षा, नतिजा र कर्मचारी सिफारिस गर्ने गर्छ।

**प्रथम कोड नं.**

लिखित परीक्षा दिँदा उम्मेदवारले उत्तरपुस्तिकाको एक भागमा आफ्नो नाम, ठेगाना, रोल नं., दस्तखत, आदि उम्मेदवार चिनिने भागमा जे/जति लेख्न निर्देशित गरेको हुन्छ, उक्त खण्ड र उत्तरपुस्तिकाको अर्को भागमा प्रथम कोड नं. राखिन्छ। उक्त कार्यका लागि खटिएको एक अधिकृत टोलीले नाम, नामेसी खण्ड च्यातेर अर्धकट्टी शील गरी सुरक्षित राख्ने प्रबन्ध गर्छ जुन प्रथम कोडको अर्धकट्टी हो।

**द्वितीय कोड नं.**

प्रथम कोड नं. राखिसकेपछि उम्मेदवारको उत्तरपुस्तिका फेरि अर्को जिम्मेवार अधिकृत टोलीलाई द्वितीय कोड नं. राख्न दिइन्छ। उक्त उत्तरपुस्तिकामा नाम, नामेसी हुँदैन। मात्र प्रथम कोड नं.
हुन्छ। उक्त प्रथम कोड नजिकै द्वितीय कोड नं. राखिन्छ र अर्को उत्तरपुस्तिकाको अन्य नच्यातिने भागमा अंकन गरिन्छ। त्यसपछि उक्त प्रथम कोड नं. सहितको द्वितीय कोड नं. पनि अर्धकट्टीका रूपमा च्यातिन्छ। त्यसपछि त्यसलाई पनि शीलबन्दी गरी जिम्मेवार ठाउँमा राखिन्छ। यसरी पहिलो कोडमा संलग्न कुनै पनि जनशक्ति दोस्रो कोडमा सहभागी हुन पाउँदैन। दोस्रो कोडमा नै एक निश्चित थान उत्तरपुस्तिकाको संख्यामा खाममा राखी शीलबन्दी गरिन्छ र संख्या उल्लेख गरिन्छ।

**द्वितीय कोडमा उत्तरपुस्तिका परीक्षण**

उम्मेदवार चिनिनेखालको कुनै पनि संकेत अनावश्यकरूपमा उत्तरपुस्तिकामा लेख्न, संकेत चिह्न राख्न पाईंदैन। लिखित परीक्षाकेन्द्रमा उत्तरपुस्तिकामा केन्द्राध्यक्ष तथा प्रत्येक कोठामा सहायक केन्द्राध्यक्षको दस्तखतसमेत हुन्छ। उक्त द्वितीय कोड भइसकेपछि उत्तरपुस्तिका विज्ञबाट परीक्षण हुन्छ र द्वितीय कोडमा नै प्राप्ताङ्क (मार्कसिट) राखिन्छ।

**द्वितीय कोडमा नै डिकोडको निर्णय**




द्वितीय कोडबाट परीक्षण भइसकेका उत्तरपुस्तिकामा प्रत्येक उत्तरपुस्तिकाको अङ्क दिइएको र पूर्णाङ्क मिलेको छ, छैन, कुनै प्रश्नउत्तर परीक्षण गर्न छुटेको छ कि, कुनै दोहोरो परेको छ कि, छुट्टै जनशक्तिबाट रुजु, चेक जाँच गरेर अन्तिम अवस्थामा सबै कोडमा रहेको कुल प्राप्ताङ्क कम्प्युटरको एक्सेलमा राखी उच्च अंकदेखि न्यून अंक हुँदै राखी हेरिन्छ। यसरी उच्चतम अङ्क प्राप्त गर्ने आवश्यक संख्या राखी प्रयोगात्मक परीक्षा/अन्तर्वार्ताका लागि डिकोड गरी वर्णानुक्रमअनुसार नाम मिलाएर राखी नतिजा प्रकाशन गर्ने भनी निर्णय गरिन्छ। यसरी निर्णय गर्दा को को व्यक्ति उत्तीर्ण भएका छन् भन्ने थाहै हुँदैन। किनकि त्यो द्वितीय कोड नं. मा नतिजाको निर्णय भएको हुन्छ।

**डिकोड गर्न पठाउँदा प्राप्तांक हटाइन्छ**

द्वितीय कोडमा रहेको नम्बरका आधारमा डिकोड गरी नतिजा प्रकाशन गर्ने निर्णय भएको हुन्छ। त्यसपछि उक्त अङ्क र डिकोड शील गरी प्राप्ताङ्क जति हटाएर छुट्टै शाखालाई दोस्रो कोड नं.मात्र पठाई उनीहरूको डिकोड (प्रथम कोड नं. सम्म पुगी नाम, नामेसी खोज्ने कार्य) गरी वर्णानुक्रमअनुसार पछिल्लो परीक्षा (प्रयोगात्मक/अन्तर्वार्ता) का लागि सूचना प्रकाशित हुन्छ। यसरी अङ्क थाहा हुनेले नाम थाहा पाउँदैन भने नाम थाहा पाउनेले अङ्क थाहा नपाउने विधि अवलम्बन गरिन्छ।

**अन्तर्वार्ता आचरण**

अन्तर्वार्ताका लागि तोकिएको अङ्कको ४० देखि ७० प्रतिशतको बीचमा रहेर मूल्याङ्कनकर्ताले अङ्क प्रदान गर्छन्। अन्तर्वार्ता समितिका प्रत्येक सदस्यले आ-आफ्नो फाराममा अङ्क प्रदान गर्छन्। अङ्क दिने र दिएको विषयमा समितिका कुनै पनि सदस्यबीच छलफल हुँदैन। उक्त अङ्क प्रत्येकले गोप्य ढंगले दिन्छन् र उक्त फारामलाई एउटा खाममा राखी सबैको रोहवरमा शीलबन्दी गरिन्छ। अन्तर्वार्ताकर्ताको आफ्नो कुनै नातेदार हुँदा उक्त विज्ञापनको अन्तर्वार्तामा बस्न पाइँदैन/बस्नुहुँदैन। अन्तर्वार्तापूर्व अन्तर्वार्ताक्रममा र अन्तर्वार्तापश्चात उम्मेदवारको सबल/दुर्वल पक्षबारे चर्चा गर्न पाइदैन। अन्तर्वार्तामा बस्नेलाई उम्मेदवारको लिखितको अङ्कबारे केही थाहा हुँदैन।

**विधि परिपालना, निष्पक्षता र तटस्थतामा केन्द्रित रही योग्यता प्रणालीको संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका कारण जनमानसमा लोक सेवा आयोगको विश्वसनीयता बढी छ ।**

यसरी सबै काम निष्पक्ष गर्न र विषयगत मूल्याङ्कनका कमजोरी न्यूनीकरण गर्न माथि उल्लेख विधिप्रक्रिया अवलम्बन गरिन्छ। त्यस्ता विधि परिपालना निष्पक्षता र तटस्थतामा केन्द्रित रही योग्यता प्रणालीको संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका कारण जनमानसमा यसको विश्वसनीयता बढी छ। यति हुँदाहुँदै पनि आयोगको कार्यप्रकृतिसँग मेल खाने स्वभावका जनशक्ति यस संगठनमा भित्रनु सरुवा हुनु आवश्यक छ। निष्पक्षताको मूल्य/मान्यता बोकेका जनशक्ति यस संगठनमा रहनुपर्छ र चाँडो-चाँडो सरुवा गरिने वा हुनु यस संगठनको हितमा हुँदैन। तसर्थ लोक सेवा आयोगको छुट्टै सेवा समूह गठन भई जनशक्ति व्यवस्थापन गर्नेतर्फसमेत सोच हुनु जरुरी छ।

*सहसचिव, लोक सेवा आयोग*

(नागरिक, प्रकाशित मितिः २०७४/३/२)

# संस्थानमा सामान्य सिद्धान्त

लोकसेवा आयोगले नेपाल सरकारको पूरा वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानमा कर्मचारीसम्बन्धी एउटै सामान्य सिद्धान्त लागू गरेको छ। यही असार १ गतेदेखि त्यस्तो सिद्धान्त लागू हुने आयोगले जनाएको छ। यस्तो सिद्धान्त लागू भएपछि त्यस्ता संस्थानमा कर्मचारीको सेवा प्रवेश, व्यवस्थापन सेवा सुविधा र वृत्तिविकासका मापदण्डमा समानता कायम गर्न सकिने विश्वास आयोगले लिएको छ। नेपालको संविधानको धारा २४३ अनुसार विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा सङ्घीय कानुन बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थामा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नुपर्ने दायित्व लोकसेवा आयोगमा निहित छ। संविधान जारी भएपछि आयोगले सार्वजनिक संस्थालगायत सुरक्षा निकायमा कर्मचारी नियुक्तिका लागि आफ्नो दायित्व निर्वाहको थालनी गरिसकेको छ। यसबाट संविधान निर्दिष्ट क्षेत्रमा कर्मचारी नियुक्तिमा एकरूपताका साथै निष्पक्षताको प्रत्याभूति हुने भएको छ। विगतमा लोकसेवा आयोगले लिने परीक्षाबाहेक अन्य निकायबाट लिइने सेवा प्रवेशका परीक्षा यदाकदा विवादमा पनि पर्ने गरेका थिए।

आयोगलाई प्राप्त संवैधानिक अधिकारका कारण उप्रान्त यस्ता विवाद दोहोरिने छैनन्। लोकसेवा आयोगको निष्पक्षता र तटस्थताबारे आम नेपाली अत्यन्त विश्वस्त रहने गरेका छन्। स्थापनाको झण्डै सात दशकमा निष्पक्षता र तटस्थता मार्फत आयोगले प्राप्त गरेको विश्वास उसको मात्र नभएर नेपालकै सम्पत्ति हुन पुगेको छ। आयोगले लागू गरेको सामान्य सिद्धान्तले सार्वजनिक संस्थानमा देखिएका असङ्गति, अन्योल र अस्पष्टताको अन्त्य हुने विश्वास लिन सकिन्छ। कर्मचारी भर्तीकेन्द्र, घाटा भए सरकारले दायित्व लिनुपर्ने नाफा भए बोनस खाने, वृत्ति विकासमा अपारदर्शिता हुनेजस्ता आरोपका निशानामा सार्वजनिक संस्थान पर्ने गरेका छन्। एकाधलाई छाडेर त्यस्ता संस्थानको आर्थिक स्थिति सकारात्मक देखिँदैन। बजार र सम्भावना भएका यस्ता कतिपय संस्थान पनि बन्द भइसकेका छन्। कोही रुग्ण अवस्थामा रहेका संस्थानलाई सरकारले निरन्तर सहयोग गरिरहनु परेको छ। यस्ता असहजतालाई किनारा लगाउन आवश्यक छ। यसो हुन नसकेको अवस्थामा संस्थानको निजीकरण वा विसर्जन गर्नुपर्ने हुन्छ। निजीकरण पनि नेपालको सन्दर्भमा त्यति फलदायी देखिएको छैन। सरकारले नै यस्ता संस्थाको दायित्व लिनुपर्ने अवस्थामा संस्थानलाई दिगो बनाउन राज्यले केही उपचार विधि अवलम्बन गर्नैपर्छ। लोकसेवा आयोगबाट लागू भएको सामान्य सिद्धान्तले सार्वजनिक संस्थानमा कर्मचारी संगठनलाई व्यवस्थित गर्न सहयोग पुग्नेछ।

नेपालका सार्वजनिक संस्थान जसलाई सरकारी संस्थान भनेर पनि चिनिन्छ, ती निकायको पचास प्रतिशतभन्दा धेरै शेयर, जायजेथा वा जमानी सरकारमै रहेका छन्। समिति, कोष वा प्रतिष्ठानलाई छाडेर अधिकांश सार्वजनिक संस्थान तत्सम्बन्धी ऐनद्वारा स्थापना भएकाले यस्ता संस्थानका विशिष्ट ऐन, नियमावली, विनियमावलीलाई संयोजन गरी सामान्य सिद्धान्त लागू गरिँदा अन्ततः सार्वजनिक संस्थानमा दक्षता वृद्धि हुनेछ। खासगरी संस्थानको आर्थिक अवस्था, कार्यप्रकृति, कार्यसमय, विशिष्ट प्रकारका सेवा आदिका कारण संस्थानमा सामान्य सिद्धान्त लागू गरिँदा यस्ता पक्षमा पनि ध्यान दिनु आवश्यक हुन्छ। असमान हैसियत र पृथक् कार्यप्रकृतिका निकायमा समान सिद्धान्त लागू गरी अझ बढी प्रभावकारी बनाउन लोकसेवा आयोगले आगामी दिनमा समयानुकूल स्पष्ट र प्रभावकारी कदम चाल्ने नै छ। हाललाई सामान्य सिद्धान्तको आवश्यकता र अवलम्बन पनि आफैँमा उपलब्धि हो। यसलाई सबै सरोकार पक्षको समन्वयमा अगाडि बढाउन सक्दा आयोलले अपेक्षा गरेको सुखद परिणाम प्राप्त गर्दै संस्थानलाई दीर्घजीवी बनाउन विशेष योगदान पुग्ने देखिन्छ। यसका लागि आयोगलाई साधन, स्रोत सम्पन्न र कानुनी हैसियत पूर्ण बनाउन सरकारले विशेष ध्यान दिनु आवश्यक छ। सङ्घीय मुलुकको लोक सेवा आयोगलाई बदलिँदो परिस्थिति अनुरूप सक्षम बनाउन आवश्यक सबै प्रकारका तयारी सरकारको प्राथमिकतामा पर्नुपर्छ। ▪

# कर्मचारी परीक्षणमा 'एसेस्मेन्ट सेन्टर'



▪ डा. खगेन्द्रप्रसाद सुवेदी

**लोक सेवा आयोगले क्रमिकरूपमा कर्मचारी छनोटमा सुधार गरेर ल्याइरहेको छ, कर्मचारी छनोटका लागि प्रयोगमा ल्याइएका परीक्षण विधिले व्यक्तिको सैद्धान्तिक पक्षको सफलरूपमा निष्पक्ष ढङ्गले परीक्षण गर्न मद्दत पुगेको छ।**

नेपाललाई समृद्धितर्फ लैजान यहाँ स्थापित प्रत्येक निकायको प्रष्ट लक्ष्य, उद्देश्य र रणनीति हुनुपर्ने मुख्य विषय हो भने अर्को तर्फ उक्त लक्ष्य, उद्देश्यलाई आत्मसात गरेर लैजाने सोच, दृष्टिकोण भएको नेतृत्व उत्तिकै जरुरी हुन्छ। उक्त सफल नेतृत्वकर्ताको साथमा विभिन्न तह/श्रेणीका कार्यान्वयन गर्ने गराउने पक्ष रहेको हुन्छ। त्यसमा एउटा महत्त्वपूर्ण क्षेत्र निजामती सेवा हो। उक्त सेवामा चाहिने कर्मचारी छनोट गरी सरकारलाई सिफारिस गर्ने निकाय लोक सेवा आयोग नेपालको संविधानको भाग २३, धारा २४२, देखि २४४ सम्म यसको काम कर्तव्य र अधिकार तथा प्रदेश लोक सेवा आयोगसम्बन्धी व्यवस्थासमेत गरिएको छ। लोक सेवा आयोगलाई नेपालको संविधानले दिएको संवैधानिक जिम्मेवारीअनुसार निजामती सेवाका लागि सरकारलाई कर्मचारी सिफारिस गर्ने, सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने हुन्छ। निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ भन्ने व्यवस्था संविधानले गरेको छ। लोक सेवा आयोगले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न लोक सेवा आयोगले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न लोक सेवा आयोग ऐन, २०६६, लोक सेवा आयोग नियमावली, २०६७ लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को अनुशरण गर्ने गर्छ।

कर्मचारी छनोट गर्ने सम्बन्धमा आयोगले अपनाएका विधि, पद्धति यसको स्थापनाकालदेखि नै निष्पक्षताको मूलमन्त्रमा रहेर अग्रजले तत् अनुरूपका विधि अपनाउँदै आएको कारण यसको साख जनमानसमा उच्च रहेको छ भने विभिन्न विद्वान्ले गरेको अध्ययनहले समेत यसको निष्पक्षता उच्च रहेको प्रष्ट्याएका छन्। कुनै यस्तो जमाना थियो, पक्षपातपूर्णरूपमा आफ्ना वरिपरिका मान्छेलाई मात्र सरकारी निकायमा प्रवेश गराई आफ्नो चाकडीमा लगाई आफ्नो दुनो सोझो गराउने विषयले आक्रान्त समयबाट पार पाउन यसको उद्देश्य अनुरूप काम भएका थिए। त्यसबेला निष्पक्षता सबैको अपेक्षा थियो र आजसम्म सोहीअनुसार आयोगले आफ्नो काम गराइरहेको छ। आजको समयसम्म आइपुग्दा जनअपेक्षा निष्पक्षताका साथ साथै सङ्गठनले अपेक्षा गरेको राज्यले दिएको जिम्मेवारी तदरुकताकासाथ आत्मसात गरी सेवा प्रवाहमा सक्रियताका साथ व्यवस्थित ढङ्गले जनगुनासो सम्बोधन हुने किसिमले काममा होमिने गुण भएको कर्मचारीको अपेक्षा गरिएको छ। सेवा प्रवाहमा कुनै किसिमको मोलाहिजा नगरी, निष्ठावान रही सबै जातजाति, धर्मसंस्कार, क्षेत्र आदिको ससम्मान भाव राखी उच्च चरित्रभाव प्रदर्शन गरी रचनात्मक ढङ्गले काम गर्ने कर्मचारीको आवश्यकता सर्वसाधारण सेवाग्राही तथा नागरिक समाजले चाहना राखेका छन्।

लोक सेवा आयोगले क्रमिकरूपमा कर्मचारी छनोटमा सुधार गरेर ल्याइरहेको छ, कर्मचारी छनोटका लागि प्रयोगमा ल्याइएका परीक्षण विधिले व्यक्तिको सैद्धान्तिक पक्षको सफलरूपमा निष्पक्ष ढङ्गले परीक्षण गर्न मद्दत पुगेको छ। बौद्धिकता, विषयवस्तुको ज्ञानका विविध पक्षको जानकारीको हिसाबले निजामती कर्मचारी अब्बल छन् तर सेवाग्राहीको अपेक्षा अनुसार उक्त ज्ञानका साथसाथै तदारुकताका साथ कार्यसम्पादनमा उत्रिने क्षमताको परीक्षण उक्त विधिबाट मात्र हुन सक्दैन। आजको समयमा विश्वसँग कुनै न कुनै रूपमा प्रतिस्पर्धामा उत्रिन सक्ने, विश्वमा घटेका घटनाले तत्काल विश्वमा प्रभाव तथा असर पुऱ्याउने संचारको युगमा विभिन्न कार्यक्षमता, गुण, मनोवृत्ति, उच्च नैतिकता आदि व्यावहारिक क्षमताको परीक्षण गरी सेवा भित्र प्रवेश गराउने र उनीहरूको कार्यसम्पादनसँग मिलाएर उनीहरूको विकास निरन्तर गरिनु जरुरी छ। जसको फलस्वरूप लोक सेवा आयोगले एसेस्मेन्ट सेन्टर विधिलाई कर्मचारी छनोट गर्ने विधिको रूपमा भित्र्याउन विभिन्न क्रियाकलाप अगाडि बढाइसकेको छ। आखिर एसेस्मेन्ट सेन्टर के हो त भन्दा यो विभिन्न क्षमता/दक्षता मापन गर्ने एउटा विधि हो, यहाँ सेन्टरको अर्थ ठाउँ नभई विधि एवं प्रक्रिया हो, जसमा एउटा गुण क्षमताको व्यावहारिक पक्षको परीक्षण दुई वा सो भन्दा बढी साधन (विधि) बाट गरिन्छ। यसको उपयोग सुरुको कर्मचारी छनोटको प्रक्रियामा मात्र नभई, पदोन्नतिमा र आन्तरिक विकासका लागि समेत गर्न सकिन्छ। एसेस्मेन्ट सेन्टर विधि धेरै अभ्यासको एउटा सेट हो जसको डिजाइन कार्य वातावरणका विभिन्न पक्षलाई उद्बोलित गरिने प्रयास गरिएको हुन्छ। कुनै पनि व्यक्ति कस्तो हो भन्ने बुझ्न हामी सबैले जानेकै कुरा हो उसले हिजोका दिनमा विभिन्न सामान्य तथा जटिल परिस्थितिमा प्रदर्शन गरेको व्यवहार नै बुझ्न खोज्छौ र हिजो उसले कहाँ, कहाँ कसरी कार्यसम्पादन गऱ्यो, कस्तो व्यवहार देखायो त्यसबाट नै उसको भोलिका दिनमा देखाउने व्यवहारको सम्भावनाको अनुमान गर्न सकिन्छ। त्यस्तै यस एसेस्मेन्ट सेन्टर विधिमा पनि परीक्षण विभिन्न साधनको उपयोग गरेर पूर्व अपेक्षित क्षमताको पूर्व परिभाषित सन्दर्भका आधारमा व्यक्तिले सिर्जित परिस्थिति, घटना आदिमा देखाएको ज्ञान, सीप, मनोवृत्तिको तहको मूल्याङ्कन वैज्ञानिक ढङ्गबाट प्रशिक्षित विज्ञद्वारा मात्र गराइन्छ। उक्त छनोटको प्रक्रियामा बहुविधि र एकभन्दा बढी प्रशिक्षित मूल्याङ्कनकर्ताबाट व्यक्तिको तत्काल देखाएको क्षमताको अवलोकन, रेकर्ड, गरिसकेपछि वर्गीकरण र मूल्याङ्कन गरिन्छ। अवलोकन गर्नासाथ मूल्याङ्कन गरिदैन, अवलोकन र रेकर्ड पूर्णरूपमा वस्तुनिष्ठ हुन्छ। व्यक्तिले भन्ने र गर्ने बीचको तालमेल विभिन्न परिदृश्यमार्फत परीक्षण गरिन्छ।

एसेस्मेन्ट सेन्टर विधिको सन्दर्भमा इतिहास कोट्याउँदा प्रथम र द्वितीय विश्वयुद्धको बीचमा सैनिक तथा इन्टेलीजेन्सका कर्मचारी छनोट गर्ने सन्दर्भमा सन् १९३० को दशकमा जर्मन आर्मीले गरेको विकासबाट नै आधुनिक एसेस्मेन्ट सेन्टर अगाडि आयो। जर्मन साइकोलोजिष्ट डा. म्याक्स सिमोनीटले अधिकृतले गर्ने कार्य र अभ्यासको अवलोकन विश्लेषण गरे साथै कार्यसम्पादनको स्तरलाई उसको काम गर्ने कौशलताका आधारमा एउटा सफल अधिकृत हुन चाहिने तथा क्षमताको पहिचान गरी आवश्यकता देखाए। त्यसपछि उक्त एसेस्मेन्ट सेन्टरलाई ब्रिटिश सरकारले मान्यता दियो र सेलेक्सन एसेस्मेन्ट बोर्ड गठन गरी आफैँले पनि उक्त विधि अपनायो। त्यसपछि अमेरिकन इन्टेलिजेन्सले पनि यस छनोट विधिलाई अपनायो साथै अन्य मनोवैज्ञानिक परीक्षण तथा अभ्यास आफ्नो छनोट विधिमा थप गऱ्यो।

कुनै पनि व्यक्तिले कुनै काम कति छिटो फत्ते गऱ्यो भन्दा पनि व्यक्तिले एउटा व्यक्तिसँग वा समूहसँग कसरी आफ्नो कार्यसम्पादन प्रस्तुत गऱ्यो, छनोटमा यो विषय महत्त्वपूर्ण हुन्छ। लगभग ६८ प्रतिशत संयुक्त अधिराज्य तथा संयुक्त राज्य अमेरिकाको कर्मचारी छनोट तथा पदोन्नतिमा एसेसमेन्ट सेन्टर विधिको प्रयोग गरिएको अध्ययनमा देखाइएको छ। हाल यसको उपयोग मल्टीनेशनल कम्पनीले गर्नुका साथै जर्मनी, क्यानडा, फिलिपिन्स, इन्डोनेसिया, दक्षिण अफ्रिका, जापान, सिंगापुरजस्ता देशमा सरकारीस्तरमा समेत गर्न थालेका छन्।

प्रस्तुत लेखक यस विधिको आत्मसाथ गरी विगत ६, ७ वर्षदेखि निरन्तर प्रयासरत रहेको र दक्षिण एसियामा सरकारी सेवामा सर्वप्रथम लागू गर्न प्रयासरत रहेको सन्दर्भमा आयोगको साथ समर्थन र अपेक्षालाई पूरा गराउनका लागि नेपाल सरकार (अर्थमन्त्रालय) बाट समेत साथ पाउन थालेकाले निकट भविष्यमा यसलाई क्रमिक रूपमा पूर्ण रूपमा स्थापित गराउन सक्नेमा विश्वस्त छ। यस विधिले पढ्नेमा भन्दा व्यवहारबाट कार्यसम्पादन गर्नेको परीक्षण हुने हुँदा कार्यालयबाट सीधै परीक्षा केन्द्रमा उपस्थित हुनुमा कुनै तात्त्विक फरक पर्ने छैन। हाल निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी अप्राविधिक तर्फको पदमा घटना विश्लेषण र प्रस्तुतीकरण विधिको अभ्यास यसै वर्ष (२०७४) देखि आयोगले प्रारम्भ गरिसकेको छ। ▪

*(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/२)*



**आयोगले आफ्ना काम कारबाहीलाई क्रमशः पारदर्शी बनाउने क्षेत्रमा लिखित र अन्तर्वार्तामा सम्मिलित हुने उम्मेदवारको प्राप्ताङ्क वेबसाइटबाट हेर्न सक्ने गरी राख्ने प्रक्रिया शुरू गरेको छ।**

■ झक्कप्रसाद आचार्य

स्थायी सरकारको रूपमा परिचित, नागरिक सेवा वितरणको एक मात्र संयन्त्र निजामती सेवाको पदमा सक्षम र योग्य उम्मेदवारको भर्ना र छनोट कार्यको जिम्मेवारी लोक सेवा आयोगलाई छ। योग्यता प्रणाली, निश्पक्षता, स्वतन्त्रता र सार्वजनिक प्रशासनको भावना र मर्मलाई केन्द्रबिन्दुमा राखी विगत केही वर्षदेखि लोकतान्त्रिक सिद्धान्त, सामाजिक मूल्य, मान्यता र सामाजिक न्यायजस्ता युगीन माग र आवश्यकताअनुसार आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको छ। वर्तमान अवस्थामा आयोगको भूमिका निजामती सेवा, सुरक्षा निकाय र सङ्गठित संस्थाको भर्ना छनोटमा विस्तार भएको छ। सरकारका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहका लागि गर्न सक्षम, योग्य, प्रतिभाशाली, क्षमतावान र व्यावसायिक जनशक्तिको छनोट कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउँदै नवीतम परीक्षण प्रविधि, पूर्वानुमान योग्य र सेवाग्राही तथा सरोकारवालाको सरल र सहज पहुँच ऊर्जावान नवप्रतिभाको आकर्षण गरी राज्यका अपेक्षित उपलब्धि पूरा गर्ने दिशामा आयोगको भूमिका सदैव अग्रगामी रहेको छ।

नेपाल सरकार वैधानिक कानुन, २००४ मा दरखास्त परिषद्को रूपमा व्यवस्था भए पनि त्यो संविधान कार्यान्वयनमा नआएको कारण परिषद्ले संस्थागत रूप लिन सकेन। नेपालको अन्तरिम शासन विधान २००७ ले नेपाल सरकारको सबै जागीरमा भर्नाको निमित्त जाँच गर्न एक पब्लिक सर्भिस कमिशन गठन गर्ने व्यवस्था गऱ्यो।

नेपाल अधिराज्यको संविधान २०१५ ले सर्वप्रथम लोक सेवा आयोगलाई संवैधानिक सुनिश्चतता प्रदान गऱ्यो। वि.सं. २०१७ पुस १ गते श्री ५ महेन्द्रबाट संसदीय व्यवस्था विघटन गरी पञ्चायती व्यवस्था प्रारम्भ गरेपछि लोक सेवा आयोगलाई निलम्बन गरियो। २०१८ जेठपछि आयोगको निलम्बन फुकुवा भयो। नेपालको संविधान, २०१९ मा पहिलो पटक सरकारी स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको पदपूर्ति गर्ने जिम्मेवारी पाएकोमा उक्त संविधानको वि.सं.२०३२ मा भएको संशोधनले आयोगको प्रत्यक्ष संलग्नतालाई खारेज गरी सामान्य सिद्धान्तद्वारा सोको परिपालनको अनुगमनको अधिकारमा सीमित गऱ्यो। नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक संस्थानमा कर्मचारी भर्ना गर्दा आयोगको परामर्शलाई अनिवार्य गरेन भने नेपालको अन्तरिम संविधान, २०६३ ले सुरक्षा निकायको पदपूर्तिमा आयोगको परामर्शलाई अनिवार्य गऱ्यो भने सार्वजनिक संस्थाको हकमा त्यस्तो संस्थाले परामर्श लिन चाहेमा आयोगले परामर्श दिनसक्ने व्यवस्था गरियो। नेपालको संविधान (२०७२) को धारा २४३ (२) मा सुरक्षा निकाय, सङ्गठन संस्था र सङ्घीय कानुनद्वारा स्थापित संस्थाको लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ भन्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन आयोगले गरिरहेको छ। आयोगमा सुरक्षा निकाय र सङ्गठन संस्था महाशाखा स्थापना भई चालू आर्थिक वर्षमा २५ वटा निकायको ४८४ वटा विज्ञापनको लिखित परीक्षा सञ्चालन गरी २१ वटा निकायको ३१५ वटा विज्ञापनको नतिजासमेत प्रकाशन भएको छ।

आयोगको काम, कर्तव्य, अधिकार, कार्यसम्पादन विधि पद्धति र प्रणालीलाई नेपालको संविधान, निजामती सेवा ऐन, लोक सेवा आयोग ऐन, नियमावली तथा आयोगको कार्यसञ्चालन निर्देशिका आदिद्वारा व्यवस्थित गरिएको छ। सरकारी सेवाका रिक्त पदको माग सङ्कलन, पाठ्यक्रम स्वीकृत, वार्षिक क्यालेण्डर प्रकाशन, विज्ञापन, दरखास्त सङ्कलन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकाको दोहोरो सङ्केतीकरण र परीक्षण, नतिजा प्रकाशन र अन्तर्वार्ता तथा सिफारिस सम्मको कार्य अत्यन्तै पवित्र, गोप्य, निष्पक्ष र विश्वसनीय ढङ्गले निरन्तर रूपमा सम्पादन गर्दै आएको छ। निजामती कर्मचारीलाई गरिने बढुवा, विभागीय कारबाही र वृत्ति विकाससँग सम्बन्धी विषयमा परामर्श दिई अभिभावकीय दायित्व कुशलतापूर्वक निर्वाह गर्दै आएको छ।

आयोगका उल्लिखित संवैधानिक कानुनी तथा संस्थागत जिम्मेवारीको कार्यान्वयनका लागि केन्द्रीय कार्यालय १, क्षेत्रीय निर्देशनालय ५ र अञ्चल कार्यालय ९ र दरखास्त व्यवस्थापन केन्द्र १ समेत १६ वटा संस्थागत संरचना र आयोगको सबै निकायबाट प्रदान गरिने सेवा प्रवाहका लागि केन्द्रीय स्तरमा २०४ जना र क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयमा १९८ जना गरी जम्मा ४०२ जनाको जनशक्ति छ। हाल नेपालको संविधानले



आयोगको कार्यक्षेत्र विस्तार गरी निजामती सेवा आयोगजस्तो भूमिकामा सीमित आयोगलाई वास्तविक लोक सेवा आयोगमा रूपान्तरण गरी आयोगको जिम्मेवारी सार्वजनिक सेवामा विस्तार गरिएको छ।

सूचना प्रविधिको क्षेत्रमा भएको तीव्रतर विकास, विविधताको व्यवस्थापन समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन, श्रम बजारका उदीयमान प्रतिभाको सार्वजनिक सेवामा आकर्षण, दिगोपना, प्रतिभा पलायनको न्यूनीकरण, सकारात्मक भर्ना प्रणालीको शुरुवात तथा सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी, व्यवसायिक, जनमुखी र राज्यसंयन्त्रको प्रमुख संवाहकको रूपमा स्थापित गर्नका लागि आयोगको मौजुदा कार्यप्रद्धति, जनशक्तिको क्षमता विकासको प्रयास र प्रविधिमैत्री सेवाप्रवाहको मोडेललाई समसामयिक बनाउने कार्य भइरहेका छन् । परीक्षणका नवीन विधि र प्रविधिको विकासमा विकासमा आयोग लागेको छ। एकीकृत परीक्षा, नेपाली र अङ्ग्रेजी दुवै भाषामा परीक्षा दिन पाउने व्यवस्था, प्रारम्भिक परीक्षाको नतिजा ओ.एम.आरबाट परीक्षण गरी शीघ्र प्रकाशन, म्यानुअल दरखास्त प्रणालीलाई शत प्रतिशत अनलाइनमा परिणत आगामी आर्थिक वर्षदेखि शुल्क भुक्तानी बैङ्किङ प्रणालीबाट हुँदैछ। ज्ञानमा मात्र आधारित योग्यता परीक्षण विधिको सट्टा उम्मेदवारको नैतिकता र निष्ठा, विविधतालाई आदर, सेवा भाव, विश्लेषणात्मक सोचाइ र निर्णय क्षमता, नेतृत्व गर्ने सीप, भावनात्मक सुझबुझ, योजना, सङ्गठनात्मक क्षमता र समन्वय तथा कार्यसम्पादनसम्बन्धी ज्ञान र सीपको परीक्षण तथा त्यसको नक्साङ्कन गरी उपयुक्त उम्मेदवार छनोट गर्न सहसचिव तहको पाठ्यक्रम परिवर्तन गरी सोअनुसार चालू वर्ष सञ्चालित परीक्षाको सिफारिस गर्ने कार्य सम्पन्न भएको छ। यस किसिमको परीक्षण पद्धतिलाई संस्थागत रूपमा कार्यान्वयन गर्नु ब्ककभककभलत ऋमलतचभ :भतजयमययिनथ लागू गर्ने गृहकार्य गरिरहेको छ। राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पदका लागि लिइएका परीक्षाको उत्तरपुस्तिका दुई जना विज्ञबाट परीक्षण गराउन, आयोगको रणनीतिक योजनाको तयारी, सूचनाको हकसम्बन्धी अधिकारलाई मैत्रीपूर्ण बनाउन वेबसाइडको आधुनिकीकरण, हेलो लोक सेवा आयोग फेसबुक पेज निर्माण, मोबाइल एप्सको निर्माण भएको छ। सङ्गठन संस्थाका कर्मचारीको सेवाका शर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४ सार्वजनिक भएको छ।

आयोगले आफ्ना काम कारबाहीलाई क्रमशः पारदर्शी बनाउने क्षेत्रमा लिखित र अन्तर्वार्तामा सम्मिलित हुने उम्मेदवारको प्राप्ताङ्क वेबसाइडबाट हेर्न सक्ने गरी राख्ने प्रक्रिया शुरु गरेको छ। मोटरबाटोले नजोडिएका विकट दुई जिल्ला हुम्ला र डोल्पा तथा ठूलो परीक्षार्थी सङ्ख्या हुने तराईको लहान, राजविराज, वीरगञ्जमा परीक्षा केन्द्र थप गरी परीक्षा सञ्चालन गरिएको छ। आयोगको कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन तथा अनुसन्धान र विकाससम्बन्धी कार्यका लागि सूचना प्रविधि शाखा र अनुसन्धान तथा विकास शाखा थप गरिएका छन्।

विकसित मुलुकको छनोट प्रणालीको अध्ययन अनुसन्धान र अवलोकन, बहुविधाको दख्खल राख्ने जनशक्तिको क्षमता विकासका अवसर, भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्था, आयोगका काम कारबाहीको प्रभावको अध्ययन अनुसन्धान, आयोगको परामर्श माग्ने तर कार्यान्वयन नगर्ने आयोगका कर्मचारीलाई वैदेशिक अध्ययन, छात्रवृत्ति, भ्रमण र आन्तरिक क्षमता विकासका अवसरको अभाव छ। निजामती सेवा, सुरक्षा निकाय र सङ्गठन संस्थाका परीक्षा अलगअलग मितिमा सञ्चालनका लागि उम्मेदवारको अनुरोध सम्बोधन गर्नुपर्ने कारण सीमित समयमा सबै निकायको परीक्षा सञ्चालन गर्नुपर्ने, परीक्षा सञ्चालनको लागि आयोगको आफ्नै भौतिक संरचना, प्रत्येक वर्ष आयोगबाट सञ्चालन हुने परीक्षाका लागि कति उम्मेदवार हुने भन्ने विषय पूर्वानुमान गर्न नसकिने, आयोगको व्यवस्थापिका संसदमा विचाराधीन विधेयक स्वीकृत नहुनु, आयोगका वार्षिक प्रतिवेदनमा उठाइएका सुझावको संसदमा छलफल हुने वातावरणसमेत बन्न नसक्नु आयोगले अनुभूत गरेका विषय हुन्।

लोक सेवा आयोगको कार्यसम्पादन प्रणाली नै कार्यात्मक रूप सञ्चालित छ। सबैले आ–आफ्नो काम स्वतन्त्र, निष्पक्ष र गोप्य रूपले गर्ने स्वतन्त्रता आयोगको कार्य प्रवाहका विधि र पद्धतिले प्रत्याभूत गरेको छ। कार्य विभाजन जेजस्तो तरिकाले भए पनि समूहमा स्वःस्फूर्तरूपले कार्यसम्पादन हुन्छ। आफ्नो जिम्मेवारी प्रति स्वनिर्मित र अन्तःस्करणबाटै प्रेरित भई कार्य गर्ने वातावरणको विकास भएको छ।

अन्तमा, लोक सेवा आयोगले स्थापना कालदेखि नै निजामती सेवाको अभिभावकीय तथा योग्यता प्रणालीको विकास संरक्षणको साथै नेपालको संविधानले प्रदान गरेको नवीन जिम्मेवारीको कार्यान्वयन, विश्वव्यापीकरण, सूचना प्रविधिको विकास, समावेशीकरण र विविधताको व्यवस्थापन गर्दै सक्षम र प्रतिस्पर्धी सरकारी सेवालाई नतिजामुखी र व्यावसायिक बनाउने दिशामा आयोगले नवीनतम प्रयासको थालनी गरिसकेको छ। आवश्यक जनशक्ति, भौतिक पूर्वाधार र प्रविधिको विकासका लागि स्रोत, अन्य निकायसँगको समन्वय, सहकार्य अभिवृद्धि र रणनीतिक कार्ययोजनाअनुसारका कार्य गर्ने उपयुक्त वातावरण तयार गरी आफ्नो जिम्मेवारी र उत्तरदायित्व निर्वाहमा हासिल गरेको साख, गौरव र विश्वसनीयता अभिवृद्धि गर्ने अवसर प्राप्त भएको छ। ■

*(गोरखापत्र दैनिक, प्रकाशित मितिः २०७४/३/२)*

१. **आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा अष्ट्रेलिया भ्रमण**

लोक सेवा आयोगले लिने परीक्षा र छनौट विधी जस्ता विषयमा अन्य मुलुकहरुसँगको अनुभव आदानप्रदान गर्ने कार्यक्रम अन्तर्गत मिति २०७४/१/४ देखि २०७४/१/१२ सम्म आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीको अध्यक्षतामा माननीय सदस्यहरु डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रह्मदेव राय र श्री कृष्णचन्द्र झा तथा सहसचिव श्री शंकरप्रसाद पौडेल र श्री झक्कप्रसाद आचार्य एवं प्रमुख लेखा नियन्त्रक श्री दिपक लामिछाने सहितको टोलीले अष्ट्रेलियाको Civil Service/State Service/Public Service Commission लगायतका संस्थाहरुले अवलम्बन गरेको जनशक्ति छनौट विधि र प्रकृयाका सम्बन्धमा जानकारी प्राप्त गरेको थियो ।

२. **Assessment Center Methodology सम्बन्धि अध्ययन भ्रमण**

लोक सेवा आयोगले कर्मचारी छनौटको लागि अपनाई रहेको प्रक्रिया, विधि एवं परीक्षण औजार हरुमा सुधारको लागि कर्मचारी छनौट सम्बन्धमा विश्व परिवेशमा प्रयोगमा आइरहेको Assessment Center Methodology (ACM) का विधिहरुलाई परीक्षण औजारहरुको रुपमा अवलम्बन गर्न विभिन्न मुलुकहरुबाट अनुभव प्रशिक्षण र व्यवहारीक ज्ञान हासिल गर्ने शिलशिलामा आयोगका उच्च पदस्थ पदाधिकारीहरुबाट बेलायत, क्यानडा र भारत लगायतका मुलुकहरुको भ्रमण गरिएको थियो ।

आयोगको स्वीकृत Assessment Centre Methodology कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सार्वजनिक खरिदको प्रक्रियाबाट Thomas Assessments Pvt. Ltd. India लाई ACM परामर्शदाताको रुपमा छनौट गरिएको छ । परामर्शदाता र आयोगबीच भएको सम्झौता बमोजिम सो कम्पनीले मिति २०७४/२/२ देखि २०७४/२/९ (16 May, 2017- 23 May, 2017) सम्म भारतको मुम्बइमा ACM सम्बन्धी तालिम कार्यक्रम संचालन गरेको थियो । उक्त कार्यक्रममा आयोगका माननीय सदस्यहरु श्री विन्द्रा हाडा भट्टराई, श्री डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रह्मदेव राय, श्री कृष्णचन्द्र झा तथा आयोगका सचिव श्री मधुप्रसाद रेग्मी तथा अन्य कर्मचारीहरु गरी कूल १६ जनाले सहभागिता जनाउनु भएको थियो ।

आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले बेलायतको लोक सेवा आयोगद्वारा आयोजित अनुभव आदान प्रदान कार्यक्रममा दिनुभएको मन्तव्य ।

Ladies and Gentlemen,

I am honored for getting this opportunity to participate in this meaningful experience sharing discussion which is being organized with a noble objective of pursuing meritocracy in public service recruitment. I, on my own and on behalf of my delegation members, would like to express my heartfelt thanks to your Excellences for warm welcome extended to us and for the excellent preparation of this program. It gives me immense pleasure to recollect the long history of diplomatic ties between United Kingdom and Nepal. It is our pride to note that Nepal's first diplomatic relation was established with United Kingdom and since then our mutual relationship remained exemplary to the rest of the world. I take this opportunity to extend our thanks to the Government and the friendly people of United Kingdom for every assistance and support extended to the development endeavor of Nepal. It is my firm belief that this meaningful discussion is a manifestation of our solidarity and co-operation which will certainly contribute improving public sector excellence.

Excellences,

Effective public service is *sin qua non* for democracy. Its absence, politicization and incompetency affect extraordinarily to the governance of any country. So these services should not become a haven of dull and incompetents. Recruitment determines the tone and caliber of public services. A well-defined merit, wisely chosen predictors to validate desired traits and competencies, systematic procedures for sampling individuals to evaluate competencies are preconditions for meritocracy. But modern definition of merit elements, changing competencies and traits demands new merit testing methodologies. We are bound to introduce testing beyond knowledge which is a herculean task for us. Mutual learning from the best practices, unlearning from the failures and relearning from the success stories, we can do wonder. I hope this brief program will be valuable in this respect.

Public Service Commission of Nepal is a constitutional body established under the article 242 of the constitution of Nepal. It has the constitutional mandate to conduct examinations for the selection of suitable candidates in any position of civil service, Nepal Army, Armed Police Force Nepal, other government services and corporate bodies. This commission is supposed as a promoter and custodian of meritocracy, Principles setters of merit testing, pathfinder in public service reform. Constitution of Nepal mandated clearly the power, advisory and catalytic roles and functions to enable commission ensuring meritocracy in fair and impartial manner.

Public Service Commission of Nepal has initiated some reforms in the recruitment processes of civil service. Public service Recruitment Management System (PSRMS) is being initiated to introduce information communication system for recruitment process. Optical Mark Reader (OMR) technology has been applied for objective question examination. Commission is working to design 'Assessment Center methodology(ACM)' for the selection of senior and middle management level positions which if fully implemented might be paradigm shift in our examination system. The Commission recently introduce case presentation examination for senior level positions as a first step in embarking to ACM.

Excellences,

We know that United Kingdom was the first to introduce modern meritocracy in civil service. Its impartial, neutral and permanent bureaucracy remained a model for other democratic countries. New reform initiatives taken by United Kingdom in transforming traditional value neutral bureaucracy to modern new public governance has been inspiring us. So we can learn a lot from your good offices about new and innovative recruitment methodologies. Valuable lesson and knowledge that we gained from this sharing will remained our asset for inventing our future strategies.

Last but not the least, I would like to express my gratitude to your Excellences for the arrangement of this event which will be remembered as a memorable time for long. I would like to thanks all concern authorities for providing this opportunity of visiting this historic and beautiful mega city London. Pleasant stay in this heavenly city will remained unforgettable for us.

Thank You



# आयोगका महत्वपूर्ण निर्णयहरु

१. देहायका पद, सेवा, समूह, उपसमूह, श्रेणी/तहहरुको पाठ्यक्रम आयोगबाट देहायको मितिमा स्वीकृत भई देहायका मितिदेखि लागू भएको :

| क्र. सं. | पद | सेवा, समूह, उपसमूह | श्रेणी/तह | आयोगको निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | फिलाटेलिष्ट | शिक्षा, पुरातत्व, संग्रहालय | रा.प.अनं.प्रथम | २०७४/१/२१ | २०७४/१/२१ |
| २ | सिनियर बुक बाइन्डर | शिक्षा, मुद्रण, मुद्रण व्यवस्थापन | रा.प.अनं.प्रथम | २०७४/१/२१ | २०७४/१/२१ |
| ३ | स्वास्थ्य शिक्षा टेक्निसियन | स्वास्थ्य, स्वास्थ्य शिक्षा | पाँचौ | २०७४/१/२१ | २०७४/१/२१ |

२. लोक सेवा आयोग ऐन, २०६६ को दफा ४७ बमोजिम आयोगको मिति २०७३।२।२५ को निर्णयअनुसार देहायका तीनजना कर्मचारीहरुलाई पुरस्कृत गरी जनही २५,०००।- (पच्चीस हजार) रुपैंया दिने गरी निर्णय भएको ।

| क्र.सं. | पद | नाम, थर | कार्यरत कार्यालय |
|---|---|---|---|
| १. | शाखा अधिकृत | हरिबहादुर खड्का | लोक सेवा आयोग, केन्द्रीय कार्यालय |
| २. | प्रेस सुपरभाइजर | रमेश शाक्य | लोक सेवा आयोग, केन्द्रीय कार्यालय |
| ३. | कार्यालय सहयोगी | देवीप्रसाद शर्मा | लोक सेवा आयोग, धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ |

३. आयोगबाट प्रवाह हुने सम्पूर्ण सूचनाहरुलाई सरोकारवाला समक्ष यथाशीघ्र प्रभावकारी प्रवाह गराउन मोबाइल एप्लिकेशन (Mobile Apps) को स्वीकृती दिने निर्णय मिति २०७४/२/२५ मा भएको ।

४. लोक सेवा आयोगद्वारा सञ्चालित विभिन्न सेवा, समूह र पदको विभिन्न मितिमा सञ्चालित प्रतियोगितात्मक लिखित परीक्षामा तपसीलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसंचालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम गर्ने गरी आयोगबाट निर्णय भएको ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | रोल नं. | परीक्षा केन्द्र | उम्मेदवारको नाम/ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निजामती सेवातर्फ (प्राविधिक) | | | | | | | | | | निर्णय मिति:- २०७३/१२/४ र २५ |
| १. | ११६२२-११६२६/०७२-७३ | सहायक कम्प्युटर अपरेटर, विविध | ३३०६३० | म.क्षे.नि., नयाँ बानेश्वर | सन्तोषकुमार महतो, बडहरामाल-३, सिराहा | रामबहादुर/ उर्मिलादेवी | हिराई | २०७४/२/१४ | प्रयोगात्मक परीक्षा Romanized Unicode मा Type गर्ने भनी Computer Change गरेको तर Print output भने सो Fonts मा नदेखिएको तथा Question No. 6 मा Ms-Powerpoint मा "First Slide Should Contain the your Introduction" भन्ने Slide मा Shanti Dahal Hetauda-8 उल्लेख भएको तर Hard Copy मा राखिएको नदेखिएकोले सन्तोष कुमार महतोले शान्ति दाहालको Exam Folder का Content लाई Copy गरी आफ्नो Exam Folder मा राखी Output Print गरी अनियमितता गरेको | उक्त उम्मेदवारको परीक्षा रद्द गरी निजलाई उल्लेखित परीक्षामा अनियमितता गरेका मिति २०७४/२/१४ देखि लागू हुने गरी ३ (तीन) वर्षसम्म आयोगबाट संचालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने । |
| २. | १७९१६-१८/०७३-७४ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो तथा गु.नि | १३०००३ | सिग्मा कलेज | सञ्जु रानी, धनुषा, सोनिगाभा-७ | रामनारायण | अनुपलाल | २०७३/११/१५ र १७ | प्रवेशपत्र किर्ते | २ वर्षसम्म आयोगको परीक्षामा सम्मिलित हुन नपाउने |

५. नेपालको संविधानको धारा २४३ को उपधारा ८ र लोक सेवा आयोग ऐन, २०६६ को दफा २० को व्यवस्था अनुसार "आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्यहरु वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।" भन्ने प्रावधान अनुसार आयोग अन्तर्गतका क्षेत्रीय तथा अञ्चल कार्यालय प्रमुखहरुलाई आ.व. २०७४।०७५ को लागि आयोगका क्षेत्रीय निर्देशनालय, अञ्चल कार्यालय, संघसंस्थाहरु र कर्मचारीहरुलाई देहाय बमोजिम अधिकार प्रत्यायोजन गर्ने गरी आयोगबाट मिति २०७४।३।२९ मा निर्णय भएको।

| क्र.सं. | प्रत्यायोजित अधिकार | अधिकार प्रयोग गर्ने अधिकारी | सम्बन्धित कार्यालय |
|---|---|---|---|
| १. | नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह रा.प.तृतीय श्रेणीको विज्ञापनको लिखित परीक्षा सञ्चालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| २. | शाखा अधिकृत, रा.प.तृतीय (अ.प्रा.) को प्रथम चरणको परीक्षा सञ्चालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ३. | निजामती सेवा (व्यवस्थापिका-संसद सेवा समेत) भित्रका विभिन्न सेवाका सबै समूहका सम्बन्धित कार्यक्षेत्र भित्रका रा.प.अनं.प्रथम श्रेणी सम्मका पदमा नियूक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ४. | रा.प.अनं.प्रथम (प्राविधिक/अप्राविधिक) को लिखित परीक्षा सञ्चालन | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ५. | नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका सम्बन्धित कार्यक्षेत्र भित्रका पाँचौ तहसम्मका प्राविधिक पदमा नियुक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ६. | निजामती सेवा भित्रका विभिन्न सेवासमूहका सम्बन्धित कार्यक्षेत्र भित्रका रा.प.अनं.द्वितीय श्रेणीसम्मका र नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका चौथो तह सम्मका प्राविधिक पदमा नियूक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालय र अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरू तथा अंचल कार्यालयहरु |
| ७. | टाइपिष्ट वर्गीकरण योजना, २०३८ अनुसार निजामती सेवा भित्रका टाइपिष्टहरुको सबै श्रेणीका (रा.प.अनं.प्रथम श्रेणीसम्म) को उपयुक्तताको परीक्षण गरी बढुवा सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ८. | आयोगबाट स्थायी पदपूर्तीका लागि अधिकार प्रत्यायोजन भएका पदहरुमा सम्बन्धित सेवा सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम छुट्टै योग्यताक्रमको सूची प्रकाशित गरी सोही सूचीबाट रिक्त पदमा अस्थायी पदपूर्ति गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने र प्रचलित कानून बमोजिम म्याद थप गर्न सहमति दिने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अंचल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु तथा अंचल कार्यालयहरु |
| ९. | आयोगले प्रारम्भिक परीक्षा हुने भनि तोकिएका रा.प.तृतीय (अ.प्रा.) श्रेणीका पदको द्वितीय चरणको परीक्षा सञ्चालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| १०. | आयोगको क्षेत्रीय निर्देशनालय र अंचल कार्यालयले आफ्नो अधिकार भित्र रहि निरिक्षण गर्ने | - | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरू तथा अंचल कार्यालयहरु |
| ११. | आयोगले समय-समयमा तोकेका परीक्षाहरु संचालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशकहरु तथा अञ्चल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालयहरू तथा अंचल कार्यालयहरु |

# आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण

## (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १. | सहसचिव | श्री जानकीराम शर्मा बराल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/१/२१ | २०७४/२/२५ |
| २. | उपसचिव | श्री देवीप्रसाद सुवेदी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१२/१७ | २०७४/२/१७ |
| ३. | शाखा अधिकृत | श्री हरिप्रसाद भुसाल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/२/२९ | २०७४/३/१ |
| ४. | शाखा अधिकृत | श्री रघुपति काफ्ले | सामान्य प्रशासन मन्त्रालय | सगरमाथा अञ्चल कार्यालय, खोटाङ | २०७४/२/२९ | २०७४/३/१ |
| ५. | शाखा अधिकृत | श्री रेपनाथ आचार्य | सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७४/२/२९ | २०७४/३/१ |
| ६. | शाखा अधिकृत | श्री रामकृष्ण महर्जन | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/१/२८ | २०७४/३/१ |
| ७. | शाखा अधिकृत | श्री केदारनाथ शर्मा | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/१/५ | २०७४/३/१ |
| ८. | नायव सुब्बा | श्री श्रीकण्ठ घिमिरे | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/३/१५ | २०७४/३/२९ |
| ९. | नायव सुब्बा | श्री मुरारीप्रसाद बखेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/२/२४ | २०७४/३/२९ |
| १०. | नायब सुब्बा | श्री यज्ञमणि खतिवडा | सामान्य प्रशासन मन्त्रालय | दरखास्ता व्यवस्थापन केन्द्र, अनामनगर | २०७४/२/२४ | २०७४/३/२९ |
| ११. | नायव सुब्बा | श्री दिपेन्द्रविक्रम जि.सी. | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/२/२४ | २०७४/३/४ |
| १२. | नायब सुब्बा | श्री जनकप्रसाद खनाल | सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७४/२/२४ | २०७४/३/४ |
| १३. | नायब सुब्बा | श्री किशोरकुमार गिरी | सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७४/२/२९ | २०७४/३/४ |
| १४. | नायब सुब्बा | श्री हेमनाथ चम्लागाई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/२/२४ | २०७४/३/४ |
| १५. | नायब सुब्बा | श्री प्रेमकाजी राई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/२/२८ | २०७४/२/२३ |
| १६. | नायब सुब्बा | श्री शोभाखर ज्ञवाली | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/१/५ | २०७४/३/२३ |
| १७. | कम्प्युटर अपरेटर | श्री भूमिराज नेपाल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७४/३/१३ | २०७४/३/२९ |

## (ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री कमल ज्ञवाली | केन्द्रीय कार्यालय, अनामनगर | राप्ती अञ्चल कार्यालय, दाङ | २०७४/२/३० |

## (ग) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा/पदोन्नति भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहसचिव | श्री महेन्द्रप्रसाद गुरागाई | मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेत | २०७४/२/१९ | २०७४/२/२३ | पदोन्नती |
| २ | उपसचिव | श्री गीताकुमारी होमेगाई | सामान्य प्रशासन मन्त्रालय | २०७४/१/२९ | २०७४/१/२९ | पदोन्नती |
| ३ | शाखा अधिकृत | श्री गोपीप्रसाद पौडेल | उपराष्ट्रपतिको कार्यालय | २०७४/३/६ | - | सरुवा |
| ४ | कम्प्युटर अपरेटर | श्री शशिधर सुवेदी | कारागार व्यवस्था कार्यालय, गोरखा | २०७४/२/१८ | २०७४/२/१८ | पदोन्नती |
| ५ | कम्प्युटर अपरेटर | श्री योगेश्वरी भट्टराई | सामान्य प्रशासन मन्त्रालय | २०७४/२/१८ | २०७४/२/१८ | पदोन्नती |
| ६ | नायव सुब्बा | श्री शरदमणि पौडेल | युवा तथा खेलकुद मन्त्रालय | २०७४/२/१८ | २०७४/२/१८ | पदोन्नती |
| ७ | नायव सुब्बा | श्री नारायणप्रसाद भट्टराई | खानेपानी तथा सरसफाई मन्त्रालय | २०७४/२/१८ | २०७४/२/१८ | पदोन्नती |
| ८ | नायव सुब्बा | श्री इन्द्रप्रसाद भट्टराई | सामान्य प्रशासन मन्त्रालय | २०७४/२/२५ | २०७४/२/२६ | पदोन्नती |

## (घ) अनिवार्य अवकाश

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | अवकाश मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सहसचिव | श्री शंकरप्रसाद पौडेल | २०७४/१/१८ | केन्द्रीय कार्यालय, अनामनगर |
| २ | सहसचिव | श्री पशुपतिनाथ आचार्य | २०७४/३/२७ | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा |
| ३ | शाखा अधिकृत | श्री हरिबहादुर खड्का | २०७४/३/२७ | केन्द्रीय कार्यालय, अनामनगर |

## (ङ) राजिनामा

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री जितबहादुर क्षेत्री | २०७४/२/१६ | केन्द्रीय कार्यालय, अनामनगर |
| २ | हलुका सवारी चालक | श्री कृष्णबहादुर श्रेष्ठ | २०७४/१/१ | केन्द्रीय कार्यालय, अनामनगर |

### (च) आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी

| क्र.सं. | दर्जा | नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | अवधि |
|---|---|---|---|---|---|
| १ | माननीय अध्यक्ष | श्री उमेशप्रसाद मैनाली | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | बेलायत भ्रमण | | २०७४/३/२ देखि २०७४/३/९ |
| २ | सदस्य | श्री बिन्द्रा हाडा भट्टराई | भारत भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१३ देखि २०७४/३/२३ |
| ३ | सदस्य | डा. गोविन्द प्रसाद कुसुम | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१३ देखि २०७४/३/२३ |
| ४ | सदस्य | श्री श्रीपुरुष ढकाल | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | बेलायत भ्रमण | | २०७४/३/२ देखि २०७४/३/९ |
| ५ | सदस्य | श्री अशोककुमार झा | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | भारत भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१३ देखि २०७४/३/२३ |
| ६ | सदस्य | श्री ब्रह्मदेव राय | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | भारत भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१३ देखि २०७४/३/२३ |
| ७ | सदस्य | श्री कृष्णचन्द्र झा | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | भारत भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१३ देखि २०७४/३/२३ |
| ८ | सचिव | श्री मधुप्रसाद रेग्मी | भारत अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| | | | क्यानडा भ्रमण | | २०७४/३/१४ देखि २०७४/३/२३ |
| ९ | सहसचिव | श्री लक्ष्मीविलास कोइराला | मुम्बई अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| १० | सहसचिव | श्री किरण राज शर्मा | बेलायत अध्ययन भ्रमण | | २०७४/३/२ देखि २०७४/३/९ |
| ११ | सहसचिव | श्री शंकरप्रसाद पौडेल | अष्ट्रेलिया भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| १२ | सहसचिव | श्री खगेन्द्र प्रसाद सुवेदी | मुम्बई अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/९ |
| १३ | सहसचिव | श्री झक्क प्रसाद आचार्य | अष्ट्रेलिया अध्ययन भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | मुम्बई अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/१४ |
| १४ | सहसचिव | श्री पाराश्वर ढुङ्गाना | बेलायत अध्ययन भ्रमण | | २०७४/३/४ देखि २०७४/३/९ |
| | | | फिलिपिन्स र मलेशिया भ्रमण | | २०७४/३/२३ देखि २०७४/४/१ |
| १५ | उपसचिव | श्री रमेश मैनाली | सेवाकालिन तालिम | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २०७४/२/२६ देखि ३० कार्य दिने |
| १६ | उपसचिव | श्री कुशला पौडेल | Integrity | | २०७४/३/१८ देखि १० कार्य दिने |
| १७ | उपसचिव | श्री केशव शर्मा | Integrity | | २०७४/३/१८ देखि १० कार्य दिने |
| १८ | प्र.ले.नि. | श्री दीपक लामिछाने | अष्ट्रेलिया अध्ययन भ्रमण | | २०७४/१/४ देखि २०७४/१/१२ |
| | | | सेवाकालिन तालिम | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २०७४/२/२६ देखि ३० कार्य दिने |
| १९ | निर्देशक | श्री रमेश शर्मा पौडेल | भारत, बैङ्गलोर भ्रमण | | २०७४/२/२३ देखि २०७४/२/८ |
| २० | पाठ्यक्रम वि. | श्री कृष्ण जि.सी. | मुम्बई अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/१४ |
| २१ | ब.म.वि.वे. | श्री सर्मुनलाल शाक्य | मुम्बई अध्ययन भ्रमण | | २०७४/२/१ देखि २०७४/२/१४ |
| | | | क्यानाडा अध्ययन भ्रमण | | २०७४/३/१२ देखि २०७४/३/२४ |
| २२ | शाखा अधिकृत | श्री प्रकाश गुरुङ | सेवाकालिन तालिम | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ३० कार्य दिने |
| २३ | क.ई. | श्री निशु महतो | भारत, बैङ्गलोर भ्रमण | | २०७४/२/३ देखि २०७४/२/८ |
| २४ | क.ई. | श्री शम्भु कुमार झा | भारत, बैङ्गलोर भ्रमण | | २०७४/२/३ देखि २०७४/२/८ |
| २५ | शाखा अधिकृत | श्री रामकृष्ण अधिकारी | सेवाकालिन तालिम | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ३० कार्य दिने |

**भवन निर्माण सम्बन्धी प्रगति विवरण**

आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत, सूदुर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सम्पन्न । कर्णाली अञ्चल कार्यालय, जुम्ला र लुम्बिनी अञ्चल कार्यालय, बुटवलमा भवन निर्माण कार्य प्रारम्भिक चरणमा सुचारु रहेको ।

## आर्थिक वर्ष २०७३/७४ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७४ वैशाखदेखि असार मसान्तसम्म)

### १. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | वैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | ० | ० | ० | ० | ० | १५ | १२ | २७ | ५ | ३१ | ३६ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ७९ | ३५२ | ४३१ | ४ | २८ | ३२ | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नायव सुब्बा द्वितीय चरण | ० | ० | ० | ० | २५९७ | ६३४३ | ८९४० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| रा.प.अनं.द्वितीय प्रथम चरण | ० | ० | ० | ० | २६२२३ | ३३१०६ | ५९३२९ | ६३७५ | १३३६२ | १९७३७ | ० | ० | ० | ० | ० | ० |
| रा.प.अनं.द्वितीय द्वितीय चरण | ० | ० | ० | ७५९९८ | ४०६१ | ८१६६ | १२२२७ | २६९ | ७२२ | ९९१ | १६१ | ३८३ | ५४४ | १ | १० | ११ |
| श्रेणी विहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | ० | ० | ० | ७५९९८ | ३२,८८१ | ४७६१५ | ८०४९६ | ६७३८ | १४४४८ | २११८६ | १७० | ४४२ | ६१२ | १ | १४ | १५ |

(ख) सुरक्षा निकाय तथा संगठित संस्थातर्फ विज्ञापन प्रकाशनको लागि सहमति, लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण।

| श्रेणी/तह | विज्ञापन प्रकाशनको लागि सहमति दिइएको संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम/एघारौं | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित द्वितीय/नवौं | ० | ० | ० | ० | ० | ४ | ८ | १२ |
| राजपत्रांकित तृतीय/आठौं/सातौं | ० | ० | ० | ० | ० | ७९ | २१८ | २९७ |
| राजपत्र अनंकित प्रथम/पाँचौं | ० | ० | ० | ० | ० | ६४ | ११७ | १८१ |
| राजपत्र अनंकित द्वितीय/चौथो | ० | ० | २८ | १११ | १३९ | ११९ | १४५ | २६४ |
| राजपत्र अनंकित तृतीय/तेश्रो | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्र अनंकित चतुर्थ/दोश्रो | ० | ० | ० | ० | ० | ० | ० | ० |
| श्रेणी विहीन | ० | ० | २०४ | ४९० | ६९४ | ० | ० | ० |
| **जम्मा** | ० | ० | २३२ | ६०१ | ८३३ | २६६ | ४८८ | ७५४ |

### २. विभागीय सजायको परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | - |
| राजपत्रांकित द्वितीय | २ |
| राजपत्रांकित तृतीय | ४ |
| राजपत्र अनंकित प्रथम | ५ |
| राजपत्र अनंकित द्वितीय | २ |
| श्रेणी विहीन | २ |
| जम्मा | १५ |

### ३. कूल बजेट खर्च रकम

| क्र.सं. | २०७३ माघ देखि चैत्र मसान्त सम्मको खर्च | रकम (रु) |
|---|---|---|
| १ | विविध | ५,८०,६१,२३३.०० |
| २ | अन्य प्रशासनिक खर्च | ३,३८,८५,९८३.७६ |
| ३ | संस्थागत सुदृढीकरण<br>चालु खर्च ४,२१,४१,५७५.५०<br>पूँजीगत खर्च ३,४५,०६,५६६.०० | ३८,७२,०७,२४१.५० |
| **जम्मा** | | ४७,९१,५४,४५८.२७ |

## अन्तर्वार्ता

### राजपत्राकित प्रथम श्रेणी, सहसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवाको आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट प्रथम स्थानमा सिफारिश हुनुभएका उम्मेदवार श्री तारानाथ अधिकारीसँग लिइएको अन्तर्वार्ताः



**१. नेपाल प्रशासन सेवातर्फ सहसचिव पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ। प्रतियोगितात्मक परीक्षाबाट सफल हुन के-कस्ता विषयवस्तुहरु अध्ययन गर्नुपर्ने र उत्तर लेख्दा कस्ता कुराहरुलाई महत्व दिनुपर्ने रहेछ ? आफ्नो अनुभवका आधारमा लोक सेवा तयारीमा संलग्न रहेका उम्मेदवारहरुलाई कस्तो सुझाव दिनुहुन्छ ?**

☞ पाठ्यक्रम अन्तर्गतका प्रत्येक पाठ्यशीर्षकलाई गहन रुपले ब्याख्या र विश्लेषण गरिएका ओरिजिनल पाठ्यसामग्री, सो सँग सम्बन्धित पुस्तक, समसामयिक सूचना, विभिन्न मन्त्रालयका प्रतिवेदनहरु, दातृ निकायका वार्षिक प्रतिवेदन, शोधमूलक लेख रचना, संविधान र प्रचलित कानुनलाई महत्व दिई अध्ययन गर्नुपर्छ । पाठ्यशीर्षक र सो को समसामायिकमा आधारित बहुआयामिक सन्दर्भसँग मेल खाने विद्वानहरुका अनुसन्धानमूलक लेखहरुको अध्ययनले विषयवस्तुको बुझाई र प्रस्तुतिकरणलाई फराकिलो बनाउन सहयोग पुऱ्याउँछ। संभव भएसम्म प्रत्येक पाठ्यशीर्षकलाई ४ वटा दृष्टिकोणमा आधारित भई अध्ययन गर्नु पर्दछ। पहिलो भनेको त्यो पाठ्यशीर्षकसँग सम्बन्धित सामान्य जानकारी उपलब्ध गराउने विषयवस्तुको अध्ययन हो । दोस्रोमा उक्त पाठ्यशीर्षकको सम्बन्धमा अन्तर्राष्ट्रिय मूल्यमान्यता र नेपाली अभ्यासमा आधारित विषयवस्तुको संयोजनमा आधारित पुस्तकहरुको अध्ययन गरिनुपर्छ । तेस्रोमा विषयवस्तुलाई विवेचना, विश्लेषण र संश्लेषण गरिएका लेख रचनाहरुको अध्ययन गर्नुपर्छ । चौथोमा विषयवस्तुको दार्शनिक पक्षमा ध्यान पुऱ्याई अध्ययन गर्नुपर्छ। लोक सेवाको तयारी गर्दा जहिले पनि सम्बन्धित विषयवस्तुलाई आम नेपाली जनताले भोगिरहेका समस्या र त्यसको समाधानमा एउटा राष्ट्रसेवकले व्यक्तिगत एवं सेवागत रुपमा पुऱ्याउन सक्ने योगदानसँग जोडेर अध्ययन गर्ने प्रयास गर्नुपर्छ ।

उत्तर लेखनको कुनै एउटा निश्चित शैली हुँदैन । यद्यपि लोक सेवा आयोगका विषयगत प्रकृतिका परीक्षामा विशेष शैलीहरुले अन्य शैली भन्दा सफलता हासिल गरेको पाइन्छ। मेरो अनुभवका आधारमा भन्दा सर्वप्रथम प्रश्नलाई राम्ररी बुझ्ने, त्यसलाई केलाउने, प्रश्नले संयोजन गर्न खोजेका विषयवस्तुलाई छरितो रुपमा आंकलन गर्ने काम गर्नुपर्छ। त्यसपछि उत्तर लेख्ने काम सुरु गर्नुपर्छ । प्रश्नलाई गहन रुपले मनन् गरेपछिमात्र उत्तर लेख्न सुरु गर्नुपर्छ। पहिले नै निर्धारित गरेको ढाँचामा उत्तर लेख्नु भन्दा प्रश्नको शैली र प्रश्नमा अन्तर्निहित संयोजनहरुको वनौटको परिवेशमा आधारित भई तात्कालिक रुपमा उत्तर लेखनको ढाँचालाई व्यवस्थित गर्नुपर्छ ।

सामान्य प्रकारको प्रश्नको हकमा प्रश्नले उजागर गरेको विषयवस्तुको महत्व झल्काउने पृष्ठभूमि, विषयवस्तुको सवल एवं दुर्वल पक्ष र अवसर एवं चुनौती, विषयवस्तुको विश्लेषण, समस्या, सुझावहरु र भविष्यको सम्भावनालाई दर्शाउने सूचनामा आधारित निष्कर्षलाई उत्तरलेखनका मूल अंगहरु बनाउन सकिन्छ । तर सबै अवस्थामा माथि उल्लेखित उत्तरलेखनको संरचनालाई पालना गर्न सकिन्छ भन्ने हुँदैन । प्रश्नको विषयवस्तु अनुसार उल्लेखित संरचनालाई समायोजन गर्न सकिन्छ ।

यसैगरी मामिला विश्लेषणसँग सम्बन्धित प्रश्नहरुलाई समाधान गर्दा मामिलाको संक्षिप्त परिचय, समस्याको विश्लेषण, समस्याको समाधानका लागि उपलब्ध विकल्पहरु, प्रत्येक विकल्पहरुको विश्लेषण, समस्या समाधानका लागि उपयुक्त विकल्पको चयन एवं संश्लेषण, छनौट गरिएको विकल्पलाई कार्यान्वयन गर्ने कार्ययोजना वा सुझाव र निष्कर्षलाई उत्तर लेखनको मूल अंग बनाउन सकिन्छ । समयले साथ दिएको खण्डमा सरोकारवालाहरुको विश्लेषण र मामिलासँग सम्बन्ध राख्ने आयामिक विषयवस्तुको विश्लेषण समेत गर्दा उपयुक्त हुन जान्छ ।

**२. "निजामती सेवा आलोचित र अत्यावश्यक दुवै छ" भनिन्छ । यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवामा सुधारका लागि केही सुझाव छन् कि ?**

☞ मानवीय सभ्यताको विकास र मानवताको संरक्षणका लागि जसरी राज्य आलोचित र अत्यावश्यक दुवै छ त्यसैगरी राज्य संचालनको महत्वपूर्ण संयन्त्रका रुपमा रहने निजामती सेवा पनि आलोचित र अत्यावश्यक दुवै छ । यसमा दुईमत हुन सक्दैन । निजामती सेवाको सुरुआती विकास क्रममै उठेको सैद्धान्तिक प्रश्नहरुलाई म्याक्स वेबर र वुडरो विल्सन लगायतका प्रशासकीय चिन्तकहरुले विश्लेषण गरिसकेका छन् । यद्यपि अहिलेको सन्दर्भमा हेर्दा निजामती सेवालाई "तन्त्र" को रुपमा विकास गरियो भने यसको कार्यसम्पादनमा आलोचनाहरु देखापर्छन । अर्कोतर्फ "सेवा" को रुपमा सञ्चालन गर्दा यो राज्य संयन्त्रको अत्यावश्यक तत्वको रुपमा स्थापित हुन जान्छ । कानुनी कार्यविधिलाई कठोर रुपमा पालना गर्ने नाममा कार्यसम्पादनबाट उत्पन्न हुन सक्ने नतिजा र सार्वजनिक हितलाई ख्याल नगरेको अवस्थामा निजामती सेवा आलोचित हुन जान्छ । यसैगरी स्पष्ट रुपमा परिभाषित विशिष्टिकृत कार्यलाई प्राविधिक दक्षता भएका योग्य कर्मचारीहरु मार्फत तटस्थ र स्वच्छ रुपमा सम्पादन गरेको अवस्थामा पदसोपानमुखि कठोर संरचना पनि जनमुखी सेवाका रुपमा समाजमा प्रतिविम्बित हुन जान्छ। यसर्थ सेवा आफैमा आलोचना वा प्रशंसाको

विषय नभई विशिष्टिकृत जिम्मेवारी भएका कर्मचारीहरुको कार्यशैली एवं व्यवहार मार्फत निजामती सेवाको सामाजिक परिचय स्थापित हुन जान्छ । साथै त्यस्तो शैली एवं व्यवहार र परिभाषित तथा तहगत जवाफदेहिताको श्रृंखलालाई संरचित गर्ने विस्तृत कानुन र कार्यविधिमा रहेको वैज्ञानिकताले समेत निजामती सेवाको परिचय "तन्त्र" को रुपमा छ वा "सेवा" को रुपमा छ भन्ने विषयलाई निर्दिष्ट गर्दछ ।

नेपालको निजामती सेवामा सुधार गर्न प्रथमत कर्मचारीतन्त्रको दलीयकरणलाई अन्त्य गर्नुपर्छ । तल्लो तहदेखि माथिल्लो तहसम्म जरा गाडेर बसेको दलीयकरणले मानव संशाधन विकासको भर्नामा बाहेक अन्य सबै चरणमा लुट प्रणालीलाई प्रश्रय दिइरहेको छ। यसले कर्मचारीतन्त्रका आधारभूत मूल्यहरु योग्यता, निष्पक्षता, निर्वैयक्तिकता र अनुशासनलाई क्षतविक्षत बनाउँदै लगेको छ । प्राविधिक सक्षमता र व्यवसायिक दक्षताले भन्दा दलीय आवद्धताबाट भर्ना देखि बाहेकका चरणहरुलाई निर्देशित गरिदै लगिएको छ। यस्तो दुर्भाग्यपूर्ण अवस्थालाई रोक्न ट्रेड यूनियन सम्बन्धी व्यवस्थालाई सेवाग्राही मैत्री हुने गरी पुनर्विचार गर्नुपर्छ । औद्योगिक प्रतिष्ठानसँग सम्बन्धित अधिकारलाई सेवामूलक संयन्त्रमा स्थापित गर्न खोज्दा बहुसंख्यक जनताले निष्पक्ष सेवा प्राप्त गर्ने अधिकारलाई गुमाउन परिरहेको छ । नागरिकको अधिकारलाई पहिला स्थापित गर्ने कि वेतन भोगिको अधिकारलाई पहिले स्थापित गर्ने ? यस विषयमा अब पनि स्पष्ट नहुने हो भने सरकारले आफ्ना कुनै पनि नीति र निर्णयलाई लागू गराउन सक्दैन । यसको ज्वलन्त उदाहरणका रुपमा भूकम्प पछिको पुनर्निर्माण र स्थानीय तहको व्यवस्थापनमा देखिएको अकर्मण्यता तथा कर्मचारीतन्त्रले दलीय आडमा गरेको असहयोगलाई लिन सकिन्छ । कर्मचारी भनेको विद्यमान व्यवस्थाको संचालनमा सहयोगी बन्ने हो तर दलीय मुखुण्डो ओडेर संघीयकरण र विकेन्द्रीकरणको नवीन संवैधानिक व्यवस्थाको स्वस्फूर्त संचालनमा अवरोध गर्ने होइन । यस्तो प्रवृत्तिले निजामती सेवाको जनविश्वास कायम गरिरहन सक्दैन ।

दोस्रोमा, प्रत्येक कर्मचारीले गर्नुपर्ने काम र सोको जवाफदेहीतालाई वस्तुगत तवरबाट परिभाषित गर्नुपर्छ । नयाँ सार्वजनिक व्यवस्थापन र नयाँ सार्वजनिक सेवाको नारालाई लहलहैमा आकाशतिर वाचन गरी हिडने र भुईलाई विर्सने सार्वजनिक प्रशासनको विद्यमान सैद्धान्तिक छलफलहरु हाम्रो जस्तो अतिकम विकसित राष्ट्रमा काम लाग्दैन। हामीले हाम्रो धरातलमा आधारित रही निजामती सेवाको सुधार अभियानलाई मार्ग निर्देशित गर्नुपर्छ। जुन देशको निजामती सेवामा अझै पनि लाए अह्राएको काम गर्ने गराउने भन्ने अभ्यास छ त्यस्तो देशमा निजामती सेवामा कामको विशिष्टिकरण, स्पष्ट कार्यविभाजन, विस्तृत कार्यविधि र प्राविधिक दक्षतालाई नै जोड दिनुपर्छ ।

तेस्रोमा, निजामती सेवा भित्रका विभिन्न समूहहरुको विशिष्टिकरण गरिनुपर्छ। जो जँहा पनि पदस्थापना हुन सक्ने अहिलेको सामान्यिकृत व्यवस्थाले व्यवसायिकता र वृत्तिवादमा असर पुऱ्याई रहेको छ। कुनै पनि सेवामा विशिष्टिकृत ज्ञान र सो अनुसारको काम भएन भने त्यसले एक्काइसौं शताब्दीका जटिल आवश्यकताहरुलाई सम्बोधन गर्न सक्दैन। यसर्थ सिर्जनात्मकता सहितको विशिष्टिकृत सेवा/समूहहरुको गठन र तिनीहरु बीचको परिभाषित अन्तरसम्बन्धको विकासले निजामती सेवालाई प्राविधिक दक्षतामा आधारित सेवाका रुपमा रुपान्तरण गर्छ। जसले सेवा प्रवाहको गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउँछ ।

चौथोमा, राष्ट्रिय लक्ष्यहरुसँग निजामती सेवालाई आबद्ध गर्नुपर्छ । कर्मचारीहरु बढुवा भएको भई हुने, पुरस्कारहरु बाडिरहने वा पाइरहने, वैदेशिक भ्रमणहरु भइरहने तर जनताको जीवनस्तरमा कुनै तात्विक परिवर्तन आउँदैन भने त्यस्तो बढुवा, पुरस्कार र भ्रमणहरु केवल वैयक्तिक लाभका लागि मात्र हुन्छन् समाजका लागि होइन । यसर्थ हाम्रो संवैधानिक मूल्य र सो ले निर्दिष्ट गरेको राष्ट्रिय लक्ष्यको प्राप्तिमा सघाउ पुऱ्याउने गरी प्रत्येक सेवा/समूह, मन्त्रालय र पदको कामलाई पुनर्संरचित गरिनुपर्छ ।

पाचौंमा , निजामती सेवामा सुधार ल्याउन प्रत्येक कर्मचारीले आचरण र नैतिकताको नियमहरुलाई पालना गर्नुपर्छ । अर्थात दोषारोपणको खेल र जिम्मेवारीको स्थानान्तरण गर्ने चक्रमा नअल्झिकन आफूलाई तोकिएको कामलाई इमान्दारितापूर्वक सम्पन्न गर्न "स्वयम सुधार" नै सुधारको पहिलो खुड्किलो हो ।

छैठौंमा, माथि उल्लेखित सुधारलाई संस्थागत गरी कार्यकुशल र विवेकशीलताबाट चल्ने सर्वोत्तम संयन्त्रका रुपमा सेवालाई स्थापित गर्न राजनीतिक नेतृत्वले निजामती सेवाका आधारभूत मूल्यमान्यताहरुलाई पद्धतिगत रुपमा निर्देशित गरिनुपर्छ ।

**३. लोक सेवा आयोगबाट आ.व. ०७३/७४ बाट लागू गरिएको राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) सहसचिव वा सो सरहका पदहरुको परिवर्तित पाठ्यक्रम अनुसारको लिखित परीक्षामा उत्तीर्ण भई तपाई सिफारिश समेत भैसक्नुभएको छ। यो पाठ्यक्रम कस्तो लाग्यो ?**

☞ आ.व. ०७३/७४ बाट राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) का लागि तयार गरिएको पाठ्यक्रम पहिलेको पाठ्यक्रमको तुलनामा सन्तुलित, समय सापेक्ष, बहुआयामिक र पद अनुकुल रहेको छ । पाठयक्रम सँगसँगै निर्धारण गरिएको परीक्षा प्रणालीले सूचनाहरुको संकलन र तिनीहरुको स्मरणलाई भन्दा समस्या समाधान, मामिला विश्लेषण र प्रस्तुतिकरणलाई जोड दिएको पाइन्छ । सहसचिवहरुको प्रतिस्पर्धात्मक परीक्षामा उत्तीर्ण भएको ब्यक्ति सचिव लगायतका उच्च प्रशासनिक नेतृत्वमा रहने व्यवस्थालाई मध्यनजर गर्दै पाठ्यक्रम र परीक्षा प्रणालीलाई विश्लेषण, संश्लेषण, मूल्याङ्कन एवं निर्णय क्षमतामा आधारित कौशलहरुको मापन गर्न सक्ने गरी तर्जुमा गरिएको छ । परिवर्तित पाठ्यक्रमले सैद्धान्तिक ज्ञानको मात्र मापन नगरी ज्ञानलाई राष्ट्रिय अन्तर्राष्ट्रिय गतिशील सन्दर्भहरुमा सार्वजनकि हितका लागि प्रयोग गर्न सक्ने कौशल, क्षमता र गुणहरुको समेत परीक्षण गर्ने प्रयास गरेको छ । जुन अत्यन्त सकारात्मक विषय हो । यसैगरी निजामती सेवाका आधारभूत मूल्यहरुबाट निर्देशित भई कार्यसम्पादन गर्ने नैतिकवान आचरणयुक्त, हाम्रो आफ्नै मौलिक दर्शनहरु समेतलाई मनन गर्न सक्ने र व्यवसायिकता सँगसँगै सेवकीय भावनाबाट ओतप्रोत राष्ट्रसेवकको छनौट गर्ने अभिप्राय परिवर्तित पाठ्यक्रमले राखेको छ । अहिलेको हाम्रो सार्वजनिक प्रशासनको मुख्य चुनौती भनेकै

कर्मचारीहरुमा बढदै गइरहेको नैतिक क्षयीकरणलाई रोक्नु र कर्मचारीमा अन्तर्निहित उर्जा एवं क्षमतालाई राष्ट्र सेवामा लगाउनु रहेको छ । यस्तो प्रकारको जटिल चुनौतीहरु राजनीतिक र सामाजिक परिवेशको उपजका रुपमा देखा परेको हुन सक्छ । तैपनि त्यस्तो चुनौतीबाट सिर्जना हुन सक्ने दुष्परिणामहरु प्रति लोक सेवा आयोग वेलैमा सचेत भई तमाम तर्क विर्तकहरुका बीचबाट नैतिकता र व्यवसायिकतालाई सँगसँगै मापन गर्ने प्रयास गर्नु आफैमा प्रशंसनीय कदम हो । हुन त कुनै पनि पाठ्यक्रम आफैमा पूर्ण हुँदैन । विषयगत प्रणालीले निम्त्याउन सक्ने त्रुटिहरु, प्रश्नकर्ता एवं परीक्षकका आफ्नै आग्रहबाट उत्पन्न हुन सक्ने विचलनताहरु र छोटो समयको लेखाइमा आधारित भई मापन गर्नुपर्ने बहुआयामिक विषयवस्तुका सन्दर्भहरुको सीमितताहरुलाई परिवर्तित पाठ्यक्रमका कमजोरीहरुका रुपमा औल्याउन सकिन्छ । यद्यपि बहुप्रश्नहरुबाट गरिने संयोजनकारी छनौट, बहुपरीक्षक र आंकिक सीमारेखाको पद्धति मार्फत उल्लेख गरिएका संभावित त्रुटिहरुलाई नियन्त्रण गर्ने प्रयासहरु स्वच्छता र निष्पक्षताको उद्देश्यमा नै आधारित रहेको पाइन्छ ।

**४. नेपालको संविधानमा व्यवस्था भए बमोजिम लोक सेवा आयोगको संरचना संघ र प्रदेश तहमा रहने प्रवधान गरिसकेपछि सो अनुरुप संघ र प्रदेशमा लोक सेवा आयोगको संरचना कसरी व्यवस्थित गर्नुपर्ने देख्नुहुन्छ ?**

☞ संघमा रहने लोक सेवा आयोगलाई योग्यता संरक्षक आयोगका रुपमा स्थापित गर्नुपर्छ । भर्नाको चरणमा मात्र नभई मानव संशाधन विकासको अन्य चरणहरुमा समेत लोक सेवा आयोगको भूमिकालाई सुदृढ गर्दै लैजानुपर्छ । यसका अनेकन विधिहरु हुन सक्छन् तिनीहरुलाई राजनीतिक परामर्शका माध्यमद्वारा टुङ्ग्याउदै लैजानुपर्छ । प्रादेशिक लोक सेवा आयोगका कामहरुलाई समन्वय गर्ने, देशभरको परीक्षामा पद्धतिमा समानता कायम गर्ने, प्रादेशिक लोक सेवा आयोगको परीक्षा पद्धतिलाई अनुगमन गर्ने र प्रादेशिक आयोगका आधार र मापदण्ड निर्धारण गर्ने सर्वोच्च आयोगका रुपमा संघीय लोक सेवा आयोगलाई व्यवस्थित गर्नुपर्छ । योग्यता प्रणालीमा आँच आउन नदिन र संविधानका मूल्यहरुलाई प्रदेश तहसम्म रक्षा गर्न एकीकृत आयोगको आवश्यकता रहन्छ । अर्कोतर्फ प्रादेशिक सेवा र स्थानीय सेवाका रिक्त पदहरुमा कर्मचारी भर्ना गर्नका लागि परीक्षा संचालन गर्न प्रादेशिक लोक सेवा आयोगको गठन गर्नुपर्छ । केही निश्चित विषयहरुमा स्वायत्तता प्रदान गर्न सकिए पनि प्रदेश स्तरमा समेत योग्यता प्रणालीको संरक्षण गर्न सवल संघीय लोक सेवा आयोगको आवश्यकतामा कुनै सम्झौता गर्नु हुँदैन ।

**५. लोक सेवा आयोगले अनलाइन प्रणालीमार्फत मात्र दरखास्त संकलन गर्ने व्यवस्था गरेको छ । यो प्रणालीको प्रयोगकर्ताको रुपमा के सुझाव दिन चाहनुहुन्छ ?**

दरखास्त संकलन सम्बन्धी अनलाइन प्रणालीलाई अझै बढी अन्तर्क्रियात्मक र प्रयोगकर्ता मैत्री बनाउनु पर्छ । धेरै दरखास्तहरु एकै पटक प्रविष्टि हुँदा सर्भर डाउन हुने लगायतका प्राविधिक समस्याहरुमा अझै सुधार गर्नुपर्ने देखिन्छ । विद्युतीय साधन एवं इन्टरनेटमा पहुँच नभएका उम्मेदवारहरुले अनलाइन फाराम भर्दा साइवर केन्द्रहरुमा भर पर्नु पर्ने र त्यसबाट सिर्जित समस्याहरुको समाधानका लागि आयोगले विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । समग्रमा डिजिटल शासनको स्थापनामा सघाउ पुऱ्याउने उद्देश्यले सञ्चालित अनलाइन प्रणालीले अधिकतम उम्मेदवारहरुको सहभागिता जुटाउन सहयोग पुऱ्याएको देखिन्छ ।

**६. लोक सेवा आयोग प्रतिको जन विश्वासलाई अझ बृद्धि गर्न के गर्नुपर्ला ?**

☞ लोक सेवा आयोगबाट संचालन हुने परीक्षामा रिक्त पद संख्या भन्दा हजारौं गुणामा आवेदन पर्नुले लोक सेवा आयोग प्रतिको जनविश्वास विशिष्ट स्थानमा रहेको छ भन्ने देखिन्छ । छनौट पद्धतिको निष्पक्षता र स्वच्छतामा सबैको आस्था, भरोसा र विश्वास रहि आएको छ । यस्तो विश्वसनीय परिस्थितिलाई नयाँ उँचाईमा लैजाने भनेको छनौट भई पदस्थापना भएका कर्मचारीको कार्यसम्पादन, जनताप्रतिको व्यवहार र कार्यशैलीले नै हो । यसर्थ अहिलेको अवस्थामा लोक सेवा आयोग प्रतिको जनविश्वास वृद्धि गर्ने कार्यमा आयोगको आफ्नै भूमिकाको विषय भन्दा पनि आयोगबाट छनौट भई सरकारका विभिन्न जिम्मेवारीमा खटिएका कर्मचारीहरुको जनमुखी व्यवहार, नैतिक एवं सच्चरित्र आचरण र कानुनको पालना आदि विषयहरु महत्वपूर्ण हुन्छन् जस्तो लाग्छ । देशमा एउटा मात्र संस्था निष्पक्ष हुँदा बन्चितिकृत दुर दराजका नागरिकका छोरा छोरीहरुको शासनमा सहभागिता बढन गई योग्यताको कदर हुने पद्धतिको विकास भएको परिस्थितिलाई प्रत्येक कर्मचारीले गम्भिर रुपमा गहिरिएर आन्तरिकिकरण गरी कार्यस्थलमा समेत सोही अनुसारको निष्पक्षता र लगनशीलता प्रदर्शन गर्न सके मात्र लोक सेवा आयोग प्रतिको विशाल जनविश्वासले सार्थकता पाउन सक्छ ।

**७. बजारमा उपलब्ध जनशक्तिहरुमध्ये योग्य, अब्बल र प्रतिभावान जनशक्तिहरुलाई निजामती सेवातर्फ आकर्षित गर्न के–कस्ता कदमहरु चाल्नु पर्ने देख्नुहुन्छ ?**

कुनै पनि जनशक्ति योग्य, अब्बल र प्रतिभावान हुँदैमा त्यसले निजामती सेवाका आधारभूत मान्यताहरुको पालना गर्छ भन्ने ग्यारेन्टि हुँदैन । तर पनि योग्य र प्रतिभावान नै भएन भने त्यसले निजामती सेवामा झन ठूलो दुष्परिणाम निम्त्याउँछ । यस्तो परिवेशमा योग्य र प्रतिभावानको खोजी अपरिहार्य जस्तै बन्न जान्छ । यसै पृष्ठभूमिमा रहि प्रतिभाशालीहरुलाई निजामती सेवामा आर्कषित गर्न पाठ्यक्रम, परीक्षा प्रणाली, विज्ञापन, आवेदन र भर्ना प्रकृयामा समसामयिक सुधार गर्दै लैजानुपर्ने हुन्छ । विदेशमा पलायन हुन मरिहत्ते गर्ने प्रतिभाशाली जनशक्तिलाई निजामती सेवाको माध्यमबाट राष्ट्र र जनताको जीवनमा पार्न सकिने सकारात्मक प्रभावका सन्दर्भमा सुसूचित गर्न विश्वविद्यालय एवं क्याम्पसहरुमा प्रचार प्रसारका चेतनामूलक कार्यक्रमहरुको संचालनमा व्यापकता ल्याउनुपर्ने देखिन्छ । यसैगरी सूचना संकलन र स्मरणमा आधारित सामान्य ज्ञानमूखि पाठ्यक्रमलाई व्याख्या, विश्लेषण र मूल्याङ्कन क्षमताको जाँच गर्ने पाठ्यक्रमका रुपमा रुपान्तरण गरिनुपर्छ । खुला किसिमको परीक्षामा समेत सेवारत कर्मचारीहरु नै अत्यधिक सफल भइरहने विद्यमान पद्धतिको समीक्षा गरी अन्य पेशामा कार्यरत जनशक्ति समेतले प्रतिस्पर्धा गर्न सक्न पद्धतिको विकास गरिनुपर्छ ।

## सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री देवीप्रसाद सुवेदी र शाखा अधिकृत श्री नारायण प्रसाद पोखरेलले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

**१. लोक सेवा आयोगले सुरक्षा निकाय तथा संगठित संस्थाका लागि तयार गर्ने सामान्य सिद्धान्तमा के–के कुरा उल्लेख हुन्छ ?**

सैनिक सेवा, सशस्त्र प्रहरी सेवा, प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा वा कुनै सार्वजनिक संस्थाको सेवाका पदमा नियुक्ति र बढुवा गर्दा वा कुनै कर्मचारीलाई विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तलाई सामान्य सिद्धान्तको रुपमा बुझिन्छ ।

नेपालको संविधानको धारा २४३ मा सुरक्षा निकायहरु र संघीय सरकारी सेवाका पदहरुमा बढुवा गर्दा संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४ तयार गरी २०७४ साल असार १ गतेबाट सार्वजनिक गरिसकेको छ । सुरक्षा निकायका कर्मचारीहरुको बढुवा गर्दा, संगठित संस्थाको नियमावली तयार गर्दा र कर्मचारीहरुको बढुवा तथा विभागीय कारवाही गर्दा समेत यसै सिद्धान्तलाई आधार लिनुपर्ने हुन्छ ।

**२. लोक सेवा आयोगको बैठकका सम्बन्धमा कस्तो व्यवस्था छ ?**

संवैधानिक परिषदको सिफारिशमा राष्ट्रपति द्वारा लोक सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधान र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सम्पूर्ण कामहरु आयोगको बैठकबाट निर्णय भए बमोजिम हुने गर्दछ ।

आयोगको बैठकको अध्यक्षता अध्यक्षबाट हुने र अध्यक्षको अनुपस्थितीमा उपस्थित सदस्यमध्ये वरिष्ठ सदस्यले बैठकको लागि अध्यक्षता गर्ने कानूनी प्रावधान रहेको छ । आयोगको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा आयोगको बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिन्छ । आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने व्यवस्था छ । आयोगको निर्णय आयोगको सचिवबाट प्रमाणित गरिन्छ ।

**३. उम्मेदवारले बुझाइसकेको परीक्षा दस्तुर कस्तो अवस्थामा फिर्ता पाईन्छ ?**

आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगावै अख्तियारवालाले सो विज्ञापन रद्द गरिदिन कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न सक्नेछ । यसरी विज्ञापन रद्द वा दरखास्त अस्वीकृत भएमा परीक्षा दस्तुर वापत बुझाएको रकम फिर्ता लिनको लागि आयोगबाट तोकिएको अवधिभित्र सम्बन्धित उम्मेदवारले निवेदन दिएमा आयोगले त्यस्तो रकम फिर्ता दिने व्यवस्था छ ।

**४. तोकिएको मिति र समय भन्दा अगाडी अन्तर्वार्ता दिन पाउने व्यवस्था छ कि छैन ? यदि कुनै कारणवस तोकिएको मिति र समयमा अन्तर्वार्ताका लागि उम्मेदवार उपस्थित हुन नसकेमा त्यसपछि पनि अन्तर्वार्ता दिन पाईन्छ या पाईदैन ?**

लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मिति भन्दा अगाडीनै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी आयोगमा निवेदन दिएमा र निवेदनको व्यहोरा उपयुक्त ठहरिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गरिदिन सक्दछ ।

कुनै उम्मेदवारले देहायको अवस्थामा परी आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया वस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिन भित्र निवेदन दिनुपर्नेछ । यसरी निवेदनमा उल्लेखित व्यहोरा मनासिव देखिएमा आयोगबाट छुट अन्तर्वार्ता लिने व्यवस्था रहेको छ ।

- काबु बाहिरको परिस्थिती परेमा
- सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा
- किरिया बस्नु परेमा
- सुत्केरी भएमा
- अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकास्मिक रुपमा बिरामी भएमा

लिखित परीक्षा उत्तीर्ण भएपछि अन्तर्वार्ताभन्दा अघिका प्रयोगात्मक परीक्षाका सामूहिक परीक्षा लगायतका परीक्षाहरु हुने पदहरुमा यस्ता किसिमका परीक्षामा उपस्थित नहुने उम्मेदवारले भने अन्तर्वार्तामा समावेश हुन पाउदैनन् । अग्रीम तथा छुट अन्तर्वार्ता दिने उम्मेदवारले आयोगले तोके बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ (८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।) |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | (तलको तालिका) |

| क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १ | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला | क) सूचना तथा प्रकाशन शाखा | श्री देवीप्रसाद सुवेदी |
| | | ख) प्रशासन शाखा | श्री सूर्यप्रसाद सापकोटा |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा निरीक्षण शाखा | श्री कुशला पौडेल |
| | | ङ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेश शर्मा पौडेल |
| २ | अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| ३ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सन्तोषप्रसाद दाहाल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| ४ | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | श्री नवराज लम्साल |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुंगाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री केशव शर्मा |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| ६ | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री तेजप्रसाद दाहाल |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री मधु प्रसाद रेग्मी<br>सूचना अधिकारी - उपसचिव श्री देवीप्रसाद सुवेदी |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www. psc. gov. np, हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४११५८३३, ९८४१८८९५४८ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री रेपनाथ आचार्य | ०६१-४६३१४५, ९८४६०५९६२२ |
| ४. | मध्य-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री रघुपति काफ्ले | ०३६-४२०१७७, ९८४१५६५००३ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री दिनेश कुमार साह | ०४४-५२०१४७, ९८४४०३७३८० |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कमल ज्ञवाली | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री ओमकुमार श्रेष्ठ | ०८७-५२०००८, ९८४१८३९१८७ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०१-४७७१२१४, ९८४७०४५१८२ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र कुमार गिरी | आयोगको वि.नं. १६६७७/०७३-७४ (आ.प्र.) नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, नवौं तह, वरिष्ठ जनस्वास्थ्य अधिकृत पदमा आफूले दिएको लिखित परीक्षा रद्द गर्नुको कारण सहितको सूचना माग गरेको । | २०७४/३/२ | यस सम्बन्धमा आयोगको केन्द्रीय कार्यालय, परीक्षा सञ्चालन शाखा (प्रा.) को सूचना नं. १२७१/०७३-७४ को अंश उल्लेख गरी निजलाई लिखित जानकारी गराइएको । |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | फागुन/चैत्र |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | साउन/भदौ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकताअनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र।

*पुनश्च :- यस कार्यतालिकाको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न सेवा, समूह संचालन गर्ने मन्त्रालय/ निकायबाट पदपूर्तिका लागि माग आकृति फाराम प्राप्त भएपछि मात्र विज्ञापन प्रकाशन गरिनेछ।*

# लोक सेवा आयोग

## आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका–२

### (सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | निकाय | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण/सहमती प्रदान | विज्ञापन/सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश हुने। |
| क | अधिकृत क्याडेट | खुला तथा समावेशी | | साउन | भदौ/असोज | मंसिर/पुस | पुस | |
| ख | अधिकृत क्याडेट पदिक/हुद्दा | आ.प्र. | | फागुन | चैत्र/वैशाख | वैशाख/जेठ | जेठ/असार | |
| ग | लेखा/प्राड प्राविधिक अधिकृत (पहिलो पटक) | आ.प्र./खुला तथा समावेशी | | साउन/भदौ | साउन/भदौ | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| घ | लेखा/प्राड प्राविधिक अधिकृत (दोस्रो पटक) | आ.प्र. | | कार्तिक | मंसिर/पुस | माघ | फागुन | |
| ङ | प्राड/जम/प्राविधिक पदिक | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| च | प्राविधिक बिल्लादार | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| छ | लेखा जम.क./अ.क./सैन्य/ड्राईभर/फलोअर्स | आ.प्र./खुला तथा समावेशी | पहिलो पटक | भदौ | असोज/कार्तिक | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ/फागुन | चैत्र/वैशाख | जेठ | |
| | | | * तेस्रो पटक | वैशाख | जेठ/असार | असार | असोज | |
| २ | **नेपाल प्रहरी** | | | | | | | |
| क | प्रहरी निरीक्षक (प्राविधिक/अप्राविधिक) | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | मंसिर/पुस | |
| ख | प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | पुस/माघ | |
| ग | प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | कार्तिक/मंसिर | माघ/फागुन | |
| | | | दोस्रो पटक | मंसिर | पुस | चैत्र/वैशाख | जेठ/असार | |
| घ | प्रहरी जवान (प्रा./अप्रा.) | गत वर्षको बाँकी | | भएको | भएको | भदौ | असोज | |
| ङ | प्रहरी जवान (अप्राविधिक) | खुला तथा समावेशी | पहिलो पटक | साउन | भदौ | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ | चैत्र/वैशाख | वैशाख | |
| च | प्रहरी जवान (प्राविधिक) | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| छ | प्रहरी कार्यालय सहयोगी | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| ३ | **सशस्त्र प्रहरी बल, नेपाल** | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | फागुन/चैत्र | |
| ख | सशस्त्र प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | भदौ/असोज | मंसिर/पुस | |
| ग | सशस्त्र प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | वैशाख | |
| घ | सशस्त्र प्रहरी जवान (प्राविधिक/अप्राविधिक)/फलोअर्स | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| | | | दोस्रो पटक | माघ | फागुन | वैशाख/जेठ | जेठ/असार | |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | |
| क | अनुसन्धान अधिकृत | खुला तथा समावेशी | | साउन | साउन/भदौ | असोज/कार्तिक | पुस/माघ | |
| ख | अनुसन्धान सहायक | खुला तथा समावेशी | | साउन | साउन/भदौ | मंसिर/पुस | फागुन/चैत्र | |
| ५ | धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, पर्यटन बोर्ड, नेपाल खाद्य संस्थान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक, राष्ट्रिय बिऊ बिजन कम्पनी लिमिटेड, नेपाल कृषि अनुसन्धान परिषद, नेपाल वायु सेवा निगमका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | साउन/भदौ | कार्तिक/मंसिर | |
| ६ | कर्मचारी संचय कोष, नेपाल विधुत प्राधिकरण, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड, औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड, व्यपार तथा निकासी प्रवर्धन केन्द्रका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | भदौ/असोज | पुस/माघ | |
| ७ | शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, रेडियो प्रसार सेवा विकास समिति, घरेलु तथा साना उद्योग विकास समिति, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | असोज/कार्तिक | फागुन/चैत्र | |
| ८ | सांस्कृतिक संस्थान, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परीषद, बीमा संस्थान, नेपाल टेलिभिजन, उदयपुर सिमेन्ट उद्योग लिमिटेडका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | साउन | साउन/भदौ | कार्तिक/मंसिर | चैत्र/वैशाख | |
| ९ | कृषि विकास बैंक, नेपाल राष्ट्र बैंक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, नागरिक लगानी कोष, बीमा समिति, नेपाल धितो पत्र बोर्ड, कृषि सामाग्री कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोषका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | भदौ | मंसिर/पुस | वैशाख/जेठ | |
| १० | खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, नेपाल दुरसंचार प्राधिकरण, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चयकोष, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, स्वास्थ्य अनुसन्धान परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | असोज | पुस/माघ | फागुन/चैत्र | |
| ११ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान, नेपाल आयल निगम, पर्यटन बोर्ड, नेपाल बैंक लिमिटेड, न्यायिक प्रतिष्ठान, नेपाल पर्यटन तथा होटल प्रशिक्षण प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | माघ/फागुन | चैत्र/वैशाख | |
| १२ | नेपाल विधुत प्राधिकरण, नेपाल वायु सेवा निगम, नेपाल कृषि अनुसन्धान परिषद, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, समाज कल्याण परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | फागुन/चैत्र | वैशाख/जेठ | |
| १३ | राष्ट्रिय समाचार समिति, विश्व विद्यालय अनुदान आयोग, नेपाल नागरिक उड्डयन प्राधिकरण, हेटौडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल खाद्य संस्थानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | चैत्र/वैशाख | जेठ/असार | |
| १४ | कृषि सामग्री कम्पनी लिमिटेड, विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, नगर विकास कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, मानव अंग प्रत्यारोपण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, सिंहदरबार वैद्यखाना विकास समितीका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | वैशाख/जेठ | असार | |
| १५ | **अन्य संगठित संस्थाहरु** | संस्थाबाट माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने। | | | | | | |

*** विशेष परिस्थितिमा मात्र सञ्चालन गर्ने।**